# विषयसूची

| | |
|---|---|
| सम्बोधन | १ |
| श्रद्धाको पुष्प | २ |
| भूमिका | २ |
| समसामयिक राजनीति | ६ |
| वैचारिक आधारहरू | ७ |
| वर्तमान चुनौतीको विश्लेषण | ९ |
| सङ्गठन, विकास र सुधारको प्रस्ताव | ११ |
| समसामायिक | १५ |
| भूमण्डलीकरणमा नेपालको हित | १५ |
| रिभर्स माइग्रेसन | १६ |
| राजनीतिक ध्रुवीकरणमा न्यू मिडियाको प्रभाव | १७ |
| निष्पक्ष निर्वाचनमा सामाजिक सञ्जालको प्रभाव | १७ |
| रोजगारी | १८ |
| उपभोक्ता | १८ |
| ब्रेन ड्रेन | १९ |
| ज्ञान हस्तान्तरण | १९ |
| दीगो डाटा | २० |
| सेवानिवृत्त कर्मचारीको सदुपयोग | २० |
| डिजिटल डिभाइड | २१ |
| डिजिटल एडिक्सन | २१ |
| लैङ्गिक रूपान्तरण | २२ |
| सरल जीवनशैली | २२ |
| सडक सुरक्षा र अनुशासन | २३ |
| सामाजिक विकास | २४ |
| बालश्रम मुक्त समाज | २४ |
| आदिवासी र जनजाति | २४ |
| सुकुम्बासी व्यवस्थापन | २७ |
| मधेस | २९ |
| दलित | ३१ |

| | |
|---|---|
| सामाजिक सुरक्षा | ३३ |
| ज्येष्ठ नागरिक | ३४ |
| सम्मानित श्रम | ३५ |
| ऋणात्मक जनसङ्ख्या | ३५ |
| गोपनियता | ३६ |
| मानव अधिकार | ३६ |
| न्यूनतम ज्याला | ३७ |
| गैरआवासीय नेपाली | ३७ |
| खेलकुद, खेलाडी र पूर्वाधार | ३८ |
| सीमान्तकृतलाई न्याय | ३९ |
| साँस्कृतिक जागरण र चेतना | ४० |
| कला, साहित्य र मनोरञ्जन | ४१ |
| सांस्कृतिक योगदानको संरक्षण | ४१ |
| सुशासन | ४२ |
| डिजिटल डेमोक्रेसी | ४२ |
| सूचनाको हकको कार्यान्वयन | ४२ |
| नागरिक समाजको भूमिका | ४३ |
| नागरिक सहभागिता | ४४ |
| संस्थागत सुशासन र सामाजिक उत्तरदायित्व | ४४ |
| मानव बेचबिखन | ४४ |
| सार्वजनिक खर्च व्यवस्थापन | ४५ |
| सीमा व्यवस्थापन | ४६ |
| स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायालय | ४७ |
| विद्यमान अवस्था | ४७ |
| अपराध नियन्त्रण | ४७ |
| फैसला तथा फैसला कार्यान्वयन | ४७ |
| कानुन र न्यायमा सुधार | ४८ |
| राष्ट्रिय सुरक्षा | ४८ |
| गलत र भ्रामक सूचना | ४९ |
| पत्रकारिता र प्रेस स्वतन्त्रता | ४९ |
| कर्मचारीतन्त्र सुधार | ५१ |

| | |
|---|---|
| डिजिटल र वित्तीय अपराध | ५२ |
| शिक्षा | ५२ |
| अभिभावकीय समस्या | ५५ |
| स्वास्थ्य | ५६ |
| स्वास्थ्य र कल्याण | ५६ |
| वर्तमान अवस्था र आगामी प्राथमिकता | ५६ |
| स्वास्थ्य सेवा | ५६ |
| आगामी प्राथमिकताहरू | ५९ |
| शारीरिक तन्दुरुस्ती, स्वच्छता र सरसफाइ | ६० |
| मानसिक स्वास्थ्य | ६० |
| व्यावसायिक स्वास्थ्य र सुरक्षा | ६१ |
| कृषि र खाद्य सुरक्षा | ६२ |
| कृषि क्षेत्रबाट अपेक्षा | ६४ |
| कृषि क्षेत्रको समग्र परिदृष्य | ६४ |
| संवैधानिक व्यवस्था | ६५ |
| अन्तर्राष्ट्रिय दायित्व | ६५ |
| कृषिमा डिजिटलाइजेसन | ६६ |
| कृषि विकासका लागि युवा | ६६ |
| आर्थिक विकास | ७० |
| अर्थतन्त्र र अर्थनीति | ७० |
| पूँजी निर्माण | ७१ |
| दीगो विकास लक्ष्य कार्यान्वयन | ७७ |
| नीति र कार्यान्वयनको अन्तर | ७७ |
| १६ औँ योजनाको प्राथमिकता | ७८ |
| सन्तुलित भौगोलिक विकास | ८० |
| सार्वजनिक निजी साझेदारी (पीपीपी) | ८० |
| सार्वजनिक पूर्वाधार | ८१ |
| मानव संसाधन विकास र व्यवस्थापन | ८२ |
| आर्थिक उपार्जनमा महिला सहभागिता | ८२ |
| कर प्रणाली रूपान्तरण | ८३ |
| आर्थिक साक्षरता | ८४ |

| | |
|---|---|
| विदेशी लगानी | ८४ |
| वैदेशिक सहायताको अवस्था | ८५ |
| वाणिज्य तथा व्यापार | ८७ |
| मानव संसाधन | ८७ |
| डिजिटल ईकोनोमी | ८८ |
| विकासमा नागरिक सहभागिता | ८८ |
| मुद्रास्फिती | ८९ |
| अनौपचारिक अर्थतन्त्र | ९० |
| उद्योग | ९० |
| उद्यमशीलता | ९१ |
| सामाजिक उद्यमशीलता | ९१ |
| आर्थिक समानता | ९२ |
| सर्वाङ्गीण आर्थिक विकास | ९३ |
| बैंक तथा वित्तीय सुधार | ९३ |
| किफायती आवास | ९९ |
| ऊर्जा | १०० |
| ऊर्जा विकास | १०० |
| विद्युत माग र आपूर्तिको विश्लेषण | १०२ |
| आन्तरिक विद्युत माग प्रवर्द्धन | १०२ |
| अन्तरदेशीय विद्युत व्यापार | १०३ |
| समस्या र चुनौती | १०४ |
| ऊर्जा उत्पादन | १०४ |
| ऊर्जाको माग व्यवस्थापन | १०४ |
| विद्युत प्रसारण र वितरण प्रणाली | १०५ |
| लगानी व्यवस्थापन सम्बन्धी | १०५ |
| नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था | १०६ |
| विद्युत व्यापार | १०६ |
| अवलम्बन गर्नुपर्ने नीतिहरू | १०६ |
| पर्यटन | १०८ |
| पर्यटन प्रवर्धन | १०९ |
| पर्यटनको विविधीकरण | १०९ |

| | |
|---|---|
| पराराष्ट्र नीति | ११० |
| असंलग्न र तटस्थ | ११३ |
| अबको कार्यनीति | ११३ |
| सम्बन्धको आधार | ११३ |
| विज्ञान, प्रविधि र नवप्रवर्तन | ११४ |
| विज्ञान र प्रविधि विकास | ११४ |
| अन्तरिक्ष अभियानको गौरव | ११४ |
| सूचना प्रविधिबाट समृद्धि | ११५ |
| कृत्रिम बुद्धिमत्ताको लाभको पूर्वशर्त | ११६ |
| जलवायु परिवर्तन र विपद् व्यवस्थापन | ११६ |
| हिमालयन जलवायु लचिलोपन | ११८ |
| जलवायु आपतकाल | ११८ |
| विपद् पूर्व तयारी | ११९ |
| फोहोर व्यवस्थापन | ११९ |

# नेपाली कांग्रेसको महासमिति बैठक, २०८०

## फागुन ७–१०,

गोदावरी, ललितपुर

**प्रस्तावित**

**दृष्टिपत्र । Vision Paper । 2080**

***"गतिशील कांग्रेस : समृद्ध देश"***

***स्वागतम्***

**श्रद्धेय सभापतिज्यू**

**केन्द्रीय समितिका पदाधिकारीज्यूहरू**

**तथा**

**आदरणीय महासमिति सदस्यज्यूहरू, जयनेपाल !**

उत्साहप्रद रूपमा ऊर्जाशील नेपाली कांग्रेस निर्माणका लागि आज हामी महासमिति बैठकमा सहभागी भएका छौं । पार्टीलाई जीवन्तता प्रदान गर्न पार्टीले अवलम्बन गर्नुपर्ने नीतिगत निर्णयका लागि उपस्थित हुनुभएका सम्पूर्ण महासमिति सदस्यज्यूहरूलाई म हार्दिक स्वागत गर्दछु । विशिष्ट अवस्थामा रहेको मुलुकले राजनीतिक परिवर्तनपछिको समृद्धि खोजिरहेको छ । बेलाबेला मुलुकलाई राजनीतिक भड्खालोमा हाल्ने गलत र कपटपूर्ण प्रयास हुँदा त्यस्ता प्रयासलाई निस्तेज पार्दै कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गरेको गर्विलो र ओजपूर्ण इतिहासको जग मैले स्मरण गराइरहनु पर्दैन । आज जनताले त्यो जगमा सुशासन, विकास र समृद्धिलाई संस्थागत गर्न चाहिरहेका छन् । यसलाई संस्थागत गर्दै नागरिकको आवश्यकता, चाहना तथा अपेक्षालाई चाडोभन्दा चाडो शिखराकृत गर्न द्रूत गतिमा काम गर्नुपर्ने आवश्यकता छ । नेपालको संविधानले आत्मसाथ गरेको संघीय समावेशी लोकतान्त्रिक गणतन्त्रको सफल कार्यान्वयन गर्दै जनताको समृद्धिको चाहनालाई पूरा गर्नु आजको आवश्यकता हो । विदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूले पनि समृद्ध देश र गतिशील कांग्रेस खोजिरहनु भएको छ । उहाँहरू लगानीमैत्री वातावरणको खोजीमा हुनुहुन्छ

र समृद्धिका लागि हामीसँगै यात्रा गर्न चाहिरनु भएको छ। त्यसका लागि बृहत् योजना निर्माण गर्दै कार्यान्वयनका लागि ऐक्यवद्ध हुनु जरुरी छ। यो महासमिति बैठकबाट नेपाली कांग्रेसले तय गर्ने नीतिले जनतामा आशा जगाउने र सोही बाटो अवलम्बन गरेर जनताले खोजेको कांग्रेस निर्माण हुनेमा म आशावादी छु।

## श्रद्धाको पुष्प

नागरिक स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता, लोकतन्त्रको स्थापना एवम् संरक्षण र सम्बर्द्धनका लागि मुलुकको सबै लोकतान्त्रिक आन्दोलनको अग्रमोर्चामा होमिएर जीवन आहुति दिनुहुने तमाम आदरणीय सहिदहरूप्रति श्रद्धासुमन अर्पण गर्दछु। नेपाली कांग्रेसको विचार र सिद्धान्तका प्रतिपादक एवम् संस्थापक बिपी कोइरालाप्रति हार्दिक श्रद्धाञ्जली। उहाँको योगदान हामीमाझ सदा चिरस्मरणीय रहने नै छ। श्रद्धेय नेता सुवर्ण शम्शेर, सुन्दरराज चालिसे, सर्वोच्च नेता एवम् लौहपुरुष गणेशमान सिंह, सन्तनेता कृष्णप्रसाद भट्टराई, शिखर पुरुष गिरिजाप्रसाद कोइराला तथा सादगी नेता सुशील कोइरालाले मुलुक र पार्टीका लागि खेल्नु भएको ऐतिहासिक भूमिप्रति गौरव गर्दै श्रद्धा अर्पण गर्दछु। श्रद्धेय नेताहरू धनमानसिंह परियार, महेन्द्र नारायण निधि, रामनारायण मिश्र, दिवान सिंह राई, द्वारिकादेवी ठकुरानी, शेख इद्रिस, बलबहादुर राई, राधाकृष्ण थारु, मंगलादेवी सिंह, शैलजा आचार्य, नोना कोइराला, भिमबहादुर तामाङ, भूविक्रम नेम्वाङलगायतका सम्पूर्ण आदरर्णीय अग्रजहरूप्रति उच्च श्रद्धा व्यक्त गर्दछु। यसका साथै मुलुकलाई आजको अवस्थासम्म पुऱ्याउन जीवनकै बलिदानी गर्नुभएका सहिदहरूप्रति पनि हार्दिक श्रद्धासुमन अर्पण गर्दै घाइतेहरूप्रति उच्च सम्मान छ।

## भूमिका

राजनीतिको मूल सिद्धान्त लोककल्याणका लागि शक्तिको उच्चतम प्रयोग हो। भूगोल र जतनाको हित नै लोककल्याणको आधारभूत सिद्धान्त हो। राजनीतिमा शक्तिका स्रोत जनता हुन्। राजनीतिको स्थिर अवधारणा परिवर्तन हो। सफल राजनीतिज्ञ परिवर्तनको सेतु बन्न सक्नुपर्छ। यही अन्तरसम्बन्धको सन्तुलन नै आजको आवश्यकता हो। सन्तुलनको अर्को महत्त्वपूर्ण पाटो भनेको अनुशासन हो।

जनताको प्रतिनिधित्व र उन्नतिका लागि राजनीतिले नै मार्ग प्रशस्त गर्दछ। त्यसको दिशासमेत राजनीतिले नै निर्धारण गर्ने हो। नीतिहरूको माध्यमले

परिवर्तन सञ्चार गर्नु राजनीतिको अभिष्ट हो । राजनीति आफैँमा बृहत्तर नीति भएकाले यसलाई गुरु नीतिको रूपमा लिने गरिन्छ । नीति निर्माणले ज्ञानको सदुपयोग गरेर वर्तमानका आवश्यकताहरूको परिपूर्ति र भविष्यको दिशा निर्धारण गर्दछ । तसर्थ राजनीतिको फराकिलो आयाममा विगत, वर्तमान र भविष्यको सन्तुलन अपरिहार्य छ ।

राजनीतिको निर्माण र परिचालन दुई फरक पाटा हुन् । राजनीति निर्माण र परिचालनको स्पष्ट उद्देश्य हुनुपर्दछ । त्यो उद्देश्य हासिल गर्न र उद्देश्य पूर्तिको लाभ निर्धारण गर्न राजनीतिका साझेदारहरूको स्पष्ट पहिचान आवश्यक छ । राजनीति आफैँमा खुला र उदार अवधारणा भएकाले लचकता तथा सुधार स्वतः आकर्षित हुन्छ । राजनीतिमा साझेदारहरूको योगदान र इच्छाशक्तिको आधारमा कल्याण तथा शासनको गुणस्तर निर्धारण हुन्छ । राजनीतिक साझेदारको स्रोत नागरिकहरू नै हुन् ।

समाज निर्माणमा त्यहाँ बसोबास गर्ने नागरिकले विभिन्न गतिविधि र अन्तरक्रियाका माध्यमले योगदान तथा सहभागिता जनाएका हुन्छन् । समाजिक विशेषता बहुआयामिक हुन्छन् । त्यसको वर्गीकरण गरेर सामाजिक उत्थानका लागि राजनीतिक सिद्धान्त निर्माण हुने गर्दछ । समाजको जनसाङ्ख्यिकीय बनोटले राजनीतिमा मुद्दा र प्राथमिकताको निर्धारण गर्दछ । त्यसैले राजनीतिको सैद्धान्तिक पक्ष र व्यवहारिक पक्षमा काम गर्नेहरूका लागि समाजमा जीवित रहेका पुस्ताको अध्ययन र बुझाइ अपरिहार्य छ । नेपालको सबैभन्दा जेष्ठ, जिम्मेवार र लोकतान्त्रिक दल नेपाली कांग्रेसले पुस्ताहरूको बनोट र उपस्थितिका आधारमा आफ्नो दृष्टिकोण र रणनीति निर्माण गर्दै आएको छ । एकै समयमा जन्मिएका, हुर्किएका, साझा अनुभूतिका रूपमा जीवनका अनुभव, मूल्य र सांस्कृतिक प्रभावको हिस्सा रहेका मानिसको समूहगत प्रतिनिधित्वलाई एउटा पुस्ताको रूपमा लिने गरिन्छ । आजको सन्दर्भमा समाजमा सातवटा जीवित पुस्ता सहअस्तित्वमा छन् । छयानब्बे (९६) वर्षमाथिको सबैभन्दा पाको पुस्ता हो । The Greatest Generation को रूपमा रहेको पुस्ता समाजमा न्यून सङ्ख्यामा उपस्थित छ । दोस्रो विश्वयुद्धको परिवेश र त्यसपछिको घटनाक्रमको वरपर हुर्केको यो पुस्ताले विश्वको युगानुकूल परिवर्तन भोगिसकेको छ । उनान्असी (७९) वर्षमाथिको पुस्ता The Silent Generation सामाजिक, धार्मिक र आध्यात्मिक चिन्तन र तिर्थाटनमा लीन छ । नेपाली कांग्रेसको स्थापना, उन्नयन र सामाजिक राजनीतिक

परिवर्तनको हिस्सा भएको यो पुस्ताको महान् सङ्घर्षले हाम्रो गौरव बढेको छ। साठी (६०) वर्ष उमेरमाथिको पुस्ता Baby Boomers ४६ सालको परिवर्तनको प्रमुख हिस्सेदार पुस्ता हो। चौवालिस (४४) वर्षमाथिको पुस्ता Generation X ६२/६३ को जनआन्दोलन र त्यसपछिको परिवर्तनको प्रमुख हिस्सेदार पुस्ता हो। अट्ठाईस (२८) वर्षमाथिको पुस्ता Millennials (Generation Y) सबैभन्दा छिटो प्रविधिको विकास देखेको, राजनीतिक परिवर्तन र अस्थिरताको प्रमुख असर खेपेको, विश्वव्यापीकरण बुझेर अङ्गालेको र समाजमा तीव्र विकास तथा समृद्धि खोजिरहेको पुस्ता हो। यो पुस्ताले समाजमा न्याय, पहिचान र स्वतन्त्रतासँग कुनै किसिमको सम्झौता नगर्ने अठोट राखेको छ। यो पुस्ताको राजनीतिक चिन्तन र सामाजिक रूपान्तरणको प्रतिवद्धता अद्भूत छ। Millennials समाजमा आफ्नो पुस्ताको नेतृत्व तहमा प्रतिनिधित्व खोज्छ। त्योभन्दा कान्छो पुस्ता Generation Z (Zoomers) (Gen Z) बाह्र (१२) वर्षमाथिको देशको सुदूर भविष्यसँग जोडिएको छ। समाजसँग घुलमिल गर्न सङ्घर्ष गरिरहेको यो पुस्ता विश्वव्यापीकरण, अत्याधुनिक प्रविधि, सामाजिक सञ्जालसँग बढी जोडिएको छ। यो पुस्ताले समाजमा आफ्नो धारणा स्थापित गर्न स्थापित मूल्यमान्यतालाई समेत धक्का दिने ल्याकत राखेको छ। यो पुस्ताले समाजमा न्युनर्मल (New Normal) को वकालत गरिरहको छ। रिमोट वर्क, भर्चुयल रिलेशन, ओपन रिलेशनलगायत तमाम कुरामा उनीहरू उदार छन्। प्रेम, जीवन र सम्बन्धहरू मात्र नभएर यो पुस्ता हरेक क्षेत्रमा New Normal स्थापित गर्न उद्द्त छ।

उनीहरूको पुस्ताले राजनीतिक दलहरूमा आफ्नो विचारअनुसारको परिवर्तन र भविष्यको निम्ति आशा खोजेको छ। एघार (११) वर्षमुनिको सबैभन्दा कान्छो पुस्ताको रूपमा Generation Alpha छ। यो पुस्ताले समेत भूकम्प जस्तो प्राकृतिक प्रकोप र कोभिडजस्तो महामारी खेपेर आएको छ। नकारात्मक सामाजिक मनोविज्ञान, आर्थिक मन्दी, अभाव र राजनीतिमा परिवर्तनको वरपर हुर्किरहेको यो पुस्तालाई समाज र राष्ट्रियतासँग जोड्न, समृद्ध मुलुकको नागरिकका रूपमा स्थापित गर्न, देशभित्रै अवसर सिर्जना गर्न र आत्मविश्वास बढाउनका लागि राजनीतिक क्षेत्रबाट नेतृत्वदायी भूमिका नेपाली कांग्रेसले लिने बेला भएको छ।

विधिको शासन, समयबद्ध कार्यसम्पादन, चिन्तन र कर्मको संयोज तथा कर्मशीलतामा विश्वास गर्ने गतिशील कांग्रेस समयको माग हो। नेपाली विशेषताले भरिपूर्ण देशभक्तिको मर्म आत्मसाथ गर्ने, असंलग्नतामा आधारित नेपाली राष्ट्रवादलाई

जीवन्त राख्ने कामको नेतृत्व नेपाली कांग्रेसले गर्दै आएको इतिहास साक्षी छ । ६ दशक लामो नेपाली जनताले गरेको अनवरत सङ्घर्षको बलमा बहुलतामा आधारित संसदीय समावेशी प्रणाली, लोकतन्त्रका मूल्यमान्यतामा आधारित समाजवाद भनेर नेपालको संविधानमै टुङ्गो लागिसकेका कारण हाम्रै नेतृत्वमा बनेको संविधानको कार्यान्वयन गर्नु नै आजको हाम्रै जिम्मेवारी हो । सामाजिक उत्तरदायीत्वसहितको उदार अर्थनीतिका माध्यमले समृद्धिको आधार खोज्न कृषि, ऊर्जा, पर्यटन, सूचना प्रविधि र साना तथा मझौला उद्योगका क्षेत्रमा प्रगति गर्न सके नेपालले आधुनिक विकासको काचुली फेर्न सक्छ ।

नेपाली कांग्रेस स्थापनाको आठौं दशकमा प्रवेश गरेर हामी पन्ध्रौं महाधिवेशनतर्फ उन्मुख भइरहदा हाम्रो ७८ वर्षको अनुभव र सिकाइलाई समीक्षा गरेर वर्तमान समयका चुनौती सामाना गर्न तथा भविष्यका लागि अवसरको खोजी गरेर आवश्यक तयारी गर्न नेपाली कांग्रेसको महासमिति बैठकको विशेष महत्त्व छ । नेपालको संविधान २०७२ निर्माण भएपछि अहिले हामी राजनीतिको नयाँ अध्यायमा प्रवेश गरेको ८ वर्ष भइसकेको छ । आजको समाजको बनोटमा पुस्ताहरूको सहभागिताले खोजेको परिवर्तन, प्रतिनिधित्व र साझेदारीलाई नेपाली कांग्रेसले सम्बोधन गर्न सहिद र अग्रजको सम्मान, वर्तमानको समीक्षा र भविष्यको नीति निर्माण गरेर सङ्गठनका माध्यमले विकासका विविधतापूर्ण पाटाहरूको गुरुयोजना दिन आवश्यक छ । यही गुरु योजना निर्माणका लागि हामीले (गुगल फर्म, ह्वाट्सेप, टेलिफोन संवाद, प्रत्यक्ष अन्तरक्रिया र विभिन्न सञ्चारमाध्यम र सोसल मिडिया) लगायतबाट सङ्कलित हजारौं सुझावहरूको विश्लेषण गरी प्राप्त निष्कर्ष यसमा समेटिएको छ ।

फागुन ७ गतेदेखि १० गतेसम्म ललितपुरको गोदावरीमा सम्पन्न हुन लागेको नेपाली कांग्रेस महासमितिको यो महायज्ञ सफल पार्न सङ्गठन, राजनीति र विकासका मुद्दाहरूको उठान, छलफल र छिनोफानो गर्न यो दृष्टि पत्र २०८० (भिजन पेपर)ले योगदान दिने विश्वास राखेको छु। यसमा प्रस्तुत भएका विषय र अन्य माध्यमले महासमितिमा प्रवेश र छलफल हुने विषयहरूमाथि महासमितिले ठोस नीति निर्माण गर्ने विश्वास लिएको छु । धन्यवाद जयनेपाल

**नैनसिंह महर**
**नेपाली कांग्रेस, केन्द्रीय सदस्य**
**९८४१२८५६२४**

## समसामयिक राजनीति

राजनीति सञ्चालन हुने दायरा र तरिका समाजले निर्क्योल गर्दछ । राजनीति र समाजले एक अर्कालाई परिष्कृत गर्न खोज्दछन् । यसको सन्तुलन र गति नेतृत्वले निर्धारण गर्दछ । समाज र राजनीति परिष्कृत गर्ने प्रकियाको तालमेल र त्यसको दिशा निर्धारण गर्न नेतृत्वकर्ता भविष्यमुखी हुन जरुरी छ । समकालीन समाज तीव्र प्राविधिक विकास, गहिरो जनसाङ्खिकीय परिवर्तन र भूमण्डलीकरण जस्ता चुनौतीबाट गुज्रिन्छ । सामाजिक, आर्थिक र राजनीतिक गतिशीलताका जटिलताको बोध र त्यसको समाधानको वरपर समकालीन राजनीति निर्माण भएको छ ।

आजको राजनीतिक अभ्यास गर्ने क्रममा मूलधारका राजनीतिक दलहरूले सत्ता र प्रतिपक्षलाई मात्र सम्बोधन गर्न खोज्नु, नागरिक समाज र आम नागरिकलाई नसमेटिनु, राजनीतिको स्पष्ट उद्देश्य नहुनु, स्वार्थ समूहको निर्माण गर्नु, परिवर्तनको नारामा आफ्नो पदलाई स्थिरता प्रदान गर्नु आज मूल प्रवृत्तिका रूपमा देखापरेका छन् । एकातर्फ समाज र आम नागरिकले नीति निर्माण, कार्यान्वयन र विकासमा साझेदारी खोजेका छन् । अर्कोतर्फ दलहरूले नेतृत्व लाद्न खोजिरहेका छन् । समाजको चरित्र, अन्तरविरोध, आवश्यकता, अवस्था र विशेषता भन्दा निकै पर राजनीति सञ्चालन गर्न खोजिनु नै समकालीन राजनीतिको सबैभन्दा ठुलो समस्या हो ।

गतिशील राजनीति आफैँमा कहिले पनि नियन्त्रणमा रहने विषय होइन । राजनीतिमा गतिशीलता निमिट्यान्न गर्न खोजिएकाले अन्तरविरोधहरू छताछुल्ल भएका छन् । आफ्नो भविष्य निर्माणमा आफ्नो भूमिका न्यून रहेकोमा नागरिकहरूको व्यवस्थाप्रतिको विश्वासभन्दा नेतृत्वप्रतिको विश्वास डगमगाएको छ । यद्यपी केही शक्तिहरू त्यसलाई व्यवस्थाप्रतिको अविश्वासमा रूपान्तरण गर्न लागिपरेका छन् । समकालीन राजनीतिका वरिपरी नकारात्मकता, विकृति, कुशासन, विसङ्गति, दोहन र सत्ता स्वार्थले घेराबन्दी गरेको जस्तो देखिन्छ । चेतना भन्दा उत्तेजनामा आधारित रहेको समाकलिन राजनीतिका साझेदारहरूले आफ्नो जिम्मेवारी निर्वाहमा भएको त्रुटि बारे निर्मम समीक्षा गरे अगाडि बढ्नु पर्नेछ ।

# वैचारिक आधारहरू

## राष्ट्रियता, लोकतन्त्र र समाजवाद

दार्शनिक र सैद्धान्तिक विचारधाराको प्रतिबिम्बन नीतिमार्फत हुन्छ । राष्ट्रियता, लोकतन्त्र र समाजवाद नेपाली कांग्रेसका वैचारिक एवम् दार्शनिक आधार हुन् । यिनै आधार प्राप्तिका लागि बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक बहुदलीय शासन प्रणालीका माध्यमबाट सामाजिक न्याय, समृद्धि र सुशासन कायम गर्न सांगठित नेपाली कांग्रेस नेपालको सबैभन्दा जेठो र लोकतान्त्रिक राजनीतिक दल हो ।

लोकतान्त्रिक शासन व्यवस्था विश्वमा सबैभन्दा बढी लोकप्रिय र स्वीकार्य छ । अमेरिकाको पूर्वराष्ट्रपति थोमस जेफर्सनको विचारमा लोकतन्त्र भनेको "जीवन, स्वतन्त्रता र सुखको खोज" हो । रबर्ट डाहलले लोकतन्त्रलाई सबैभन्दा उत्कृष्ट शासन व्यवस्था भएको चर्चा गरेका छन् । सर्वसत्तावादी र तानाशाहीहरूले समेत आफ्नो शासन व्यवस्थामा लोकतन्त्रको जलप लगाएर जनप्रिय बन्ने प्रयास गरिरहेका हुन्छन् । त्यसैले लोकतन्त्रका लागि कुनै विशेषण आवश्यक छैन । स्वतन्त्र र निष्पक्ष आवधिक निर्वाचन, कानुनी शासनको सुनिश्चितता, प्रतिनिधिमूलक संस्थाहरूको विद्यमानता, विविधताको सम्मान, विभेदरहित सहभागिता एवम् सामाजिक सद्भाव र ऐक्यबद्धता लोकतन्त्रका आधारभूत मान्यता हुन् । नेपाली कांग्रेसले लोकतन्त्रका यी आधारभूत मान्यतालाई आफ्नो स्थापनाकालदेखि नै अवलम्बन गर्दै आएको छ । नेपाली कांग्रेस र लोकतन्त्र एकअर्काका पर्याय नै हुन् । नेपाली कांग्रेसले २००७ सालको क्रान्तिको नेतृत्व मात्रै गरेन, लोकतन्त्र स्थापना गरेर मुलुकलाई आधुनिक युगमा प्रवेश गरायो ।

२००७ सालदेखि २०१५ सालसम्म क्रान्तिका उपलब्धिहरूलाई समाप्त गर्न खोज्ने भूगोल मेरो हो, भन्ने तर त्यही भूगोलमा बसोवास गर्ने जनताको व्यावस्था गर्ने परम्परागत शासकीय मनोवृत्ति राष्ट्रियताको निम्ति घातक हुनसक्छ । २०१५ सालको आमनिर्वाचनमा दुईतिहाई बहुमत प्राप्त गरेर लोकतन्त्रलाई संस्थागत गर्दै मुलुकको आर्थिक सामाजिक रूपान्तरणमा सक्रिय रहँदा २०१७ पुसमा लोकतन्त्रमाथि आक्रमण भयो । २०१७ सालपछि तीन दशक नेपाली कांग्रेसले लोकतन्त्रको स्थापनाका लागि निरन्तर लडाई लडिरह्यो । २०१८, २०२९ र ३० सालमा प्रतिगामी पञ्चायती शासनका विरुद्ध हतियार उठायो । २०३६ सालको जनमतसङ्ग्रहमा बहुदलको पक्षमा राष्ट्रिय अभियान चलायो । २०४२ सालमा

राष्ट्रव्यापी अहिंसात्मक सत्याग्रह सञ्चालन गर्‍यो । २०४६ र २०६२ र ०६३ मा भएका जनआन्दोलनहरूको नेतृत्व पनि नेपाली कांग्रेसले नै गर्‍यो ।

१२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान जारी, संविधान सभाको पहिलो निर्वाचन, दोस्रो संविधान सभाको निर्वाचन तथा नेपालको संविधान निर्माण, सङ्घीयताको कार्यान्वयनमा सक्रियता र सकारात्मक सोच जस्ता घटना, परिघटनाले नेपाली कांग्रेसको लोकतन्त्रप्रतिको निष्ठा र विश्वासलाई पुष्टि गरेको छ ।

राष्ट्रियताको विषय माटो, सभ्यता, संस्कृति र स्वायत्ततासँग जोडिएको हुन्छ । मानव सभ्यताको विकाससँगै राज्यको उदय भएको र राज्यको उदयमा राष्ट्रियताको विषय महत्त्वपूर्ण रहेको विश्वव्यापी इतिहास छ । सारमा जनताले आफ्नो राष्ट्रप्रति गर्ने गौरवबोध, सामूहिक भावना र साझा इच्छाको समष्टि नै राष्ट्रियता हो । नेपालको संविधानको धारा ३ ले पनि राष्ट्रको परिभाषा गरेको छ । राष्ट्रियताको सवालमा नेपाली कांग्रेस कहिल्यै विचलित भएन । जननायक बी.पी. कोइरालाले “पहिलो र अन्तिम निर्णय गर्ने तत्त्व जनता हो, समय समयमा प्रकट हुने व्यापक समस्याहरूलाई सामूहिक रूपमा समाधान गर्नुपर्दा सहजै उत्पन्न हुने एकताको जनभावना नै राष्ट्रियता हो” भन्ने विचार व्यक्त गर्नुभएको छ । २००७ सालमा प्रजातन्त्र स्थापनाका लागि नेपाली कांग्रेसको नेतृत्वमा गरिएको क्रान्ति सामूहिक प्रयास भएको र त्यसले राष्ट्रियताको आधारशिला खडा गरेकोमा दुईमत छैन । राजा त्रिभुवनलाई दिल्ली होइन पाल्पा लैजाने योजना, सम्झौता नेपाली भूमिमै हुनुपर्छ भन्ने बी.पी. कोइराला र गणेशमान सिंहको अडान, सगरमाथा विवादको अन्त्य २०३३ सालमा बी.पी. कोइराला राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फिर्ता, पहिलो तथा दोस्रो जनआन्दोलनको नेतृत्व आदिले नेपाली कांग्रेसको राष्ट्रियताप्रतिको निष्ठा र स्वाधीनतालाई पुष्टि गर्दछन् ।

लोकतान्त्रिक समाजवादमा शक्ति र अवसरको समान तथा न्यायपूर्ण वितरण हुन्छ। आफूलाई साम्यवादी भन्न रुचाउने मुलुकहरू पनि लोकतान्त्रिक समाजवाद नै सबैभन्दा प्रगतिशील शासन व्यवस्था हो भन्ने निष्कर्षमा पुगिसकेका छन् । सन् १९८० को दशकको अन्त्य र १९९० को दशकको सुरुवातपछि वैश्विक आर्थिक संरचनामा नवीन परिवर्तनहरू देखापरे । विश्वव्यापीकरण वर्तमानको यथार्थता भएकाले यसलाई पूर्ण रूपमा इन्कार गर्न सकिने अवस्था छैन । नेपाली कांग्रेसले २०१२ सालको छैठौँ महाधिवेशनबाट लोकतान्त्रिक समाजवादलाई औपचारिक

रूपमा अवलम्बन गरेको हो । २०१५ सालको सरकारले अवलम्बन गरेका समाजवादी नीति र कार्यक्रमलाई विश्लेषण गर्ने हो भने त्यसलाई स्वर्णकाल मान्न सकिन्छ । बी.पी. प्रधानमन्त्री हुँदा उहाँले हलो जोत्दै गरेको किसानको तस्बिर राखेर विकासको परिकल्पना गर्नुभएको थियो भने गाउँलाई केन्द्रमा राखेर विकासको तर्जुमा गर्नु भन्नुभएको थियो ।

जनताले राजनीतिक स्वतन्त्रताको उपयोग गर्न पाएनन् भने आर्थिक समानता केवल नाराको विषय मात्र हुन पुग्छ भन्ने विचार वी.पी.को थियो । यसर्थ नेपाली कांग्रेसले अवलम्बन गरेको दार्शनिक आधार एवम् राजनीतिक दृष्टिकोण, नेपालको राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनमा खेलेको भूमिका र कार्यशैली आदिले नेपाली कांग्रेस लोकतान्त्रिक समाजवादको जगमा उभिएको कुरा प्रस्ट छ ।

नेपाली कांग्रेस आफ्नो स्थापनाकालदेखि नै लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात गर्दै आजका दिनसम्म आफ्ना सैद्धान्तिक विचारधारामा अविचलित रहिआएको छ तैपनि वैचारिक आस्थालाई अझै सुसंस्कृत, परिष्कृत र व्यावहारिक रूपमा जनहृदयमा व्यापक बनाउन जनभावनामा आधारित नीति तथा कार्यक्रम तर्जुमा गरी त्यसको सफल कार्यान्वयन गर्नेतर्फ अग्रसर हुनु आवश्यक छ । गुटगत स्वार्थबाट मुक्त भएर 'मेरो भन्दा हाम्रो, हाम्रो होइन राम्रो' भन्ने भावनाको विकास गर्नुमा सबैको भलाइ र जित हुन्छ । अब यो नीति महाधिवेशनमार्फत नेपाली कांग्रेसले राष्ट्रियता, लोकतन्त्र र सामाजवादको दार्शनिक एवम् सैद्धान्तिक विचारधारालाई सम्पूर्ण नेपाली समाजको आस्था र भरोसाको मियो बनाउन स्पष्ट नीति तथा कार्यनीति अवलम्बन गर्नु आवश्यक छ ।

## वर्तमान चुनौतीको विश्लेषण

सूचना प्रविधिको तीव्र विकास, विश्वव्यापीकरण, औद्योगीकरण, आधुनिकीकरण, शैक्षिक विकास एवम् राजनीतिक क्रान्तिको फलस्वरूप आएको अभूतपूर्व नागरिक चेतनाले सामाजिक रूपान्तरणको दरलाई गतिशीलता प्रदान गरेको छ । मानिसको चेतनामा आएको विकास र राजनैतिक जागरणले आर्थिक, सामाजिक र राजनैतिक अधिकारप्रति सचेत गराएको छ । वैदेशिक संस्कृतिको प्रभावले विगतका कठोर सामाजिक प्रचलनप्रति आजको समाज क्रमशः उदार बन्दै गएको छ ।

आर्थिक स्रोत साधन खास गरी वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले भौतिक सम्पन्नता मात्र होइन, नवउपभोगवादी संस्कृतिको समेत विकास भएको छ । चेतनाको विकास एवम् बसाइँसराइले नवीन सोच र संस्कारको विकासमार्फत पुराना सामाजिक भेदभाव क्रमशः विघटन हुने क्रममा छन् । यसले सामाजिक अन्तरघुलनलाई सहज बनाएको छ ।

लोकतान्त्रिक मूल्य मान्यताको प्रवर्द्धन, मानवअधिकारको संरक्षणप्रतिको विश्वव्यापी चासो, सूचना तथा सञ्चार प्रविधिको विकास, स्वास्थ्य विज्ञानको क्षेत्रमा भएको अनुसन्धान र विकास, उत्पादन र निर्माणका विधि र साधनमा भएको विकास, शासकीय दर्शनमा आएको परिवर्तन, समावेशी, समविकास र समन्वयनमा आधारित समाज निर्माणको वहस, अधिकारमा आधारित विकास अवधारणाको तीव्र मार्ग एवम् वैदेशिक संस्कृतिप्रतिको अधिक लगाबले सामाजिक रूपान्तरणको गतिलाई तीव्र बनाएको छ ।

राजनीतिक परिवर्तनले नागरिकमा आफ्नो सामाजिक सांस्कृतिक अधिकारप्रति जागरण मात्र ल्याएको छैन, कुण्ठित मनोभावनालाई मुखरित पनि बनाएको छ । आजको समाज जातीय एवम् वर्गीय सामाजिक दासता तथा शासकीय राजनीतिक दासताको जञ्जिरलाई तोडदै पूँजिवादी सामाजिक क्रान्तिको यात्रा तर्फ अग्रसर छ । एकल वर्गीय शासकीय अधिकार, एक भाषा, एक पोषाक, एक धर्ममा सिमित नेपाली राष्ट्रियता बहुल सामाजिक सांस्कृतिक विशेषतायुक्त नेपाली समाजको बनोट अनुरूप परिवर्तित भइसकेको छ । अबको आवश्यकता भनेको संवैधानिक, कानुनी एवम् नीतिगत व्यवस्थालाई कार्यान्वयनका लागि प्रायोगिक रूप प्रदान गर्नु हो । यसको लागि राजनीतिक दर्शनको व्यवहारिक प्रयोग गर्ने राजनीतिक संस्कृतिको खाँचो छ ।

न्याय र नैतिकतामा आधारित समाज निर्माणलाई मूर्तता प्रदान गरेमा मात्रै व्यवहारिक रूपमा सामाजिक रूपान्तरणको अनुभूति गराउन सकिन्छ। सामाजिक रूपान्तरणका शब्दहरू संविधान र कानुनका किताबमा मात्र होइन आम मानिसको मन र मस्तिष्कमा निसृत हुनु पर्दछ। प्रशासनिक मनोविज्ञान पनि परिष्कृत हुन आवश्यक छ । देशको शासन र प्रशासनमा हरेक वर्ग र समुदायको प्रतिबिम्ब झल्किनु पर्दछ ।

न्यायपूर्ण र समतामूलक समाजको आशामा राजनीतिक परिवर्तनका लागि जनताले पुस्तौदेखि धेरै नारा लगाई सकेका छन्, धेरैले बलिदानी दिई सकेका छन् । अब तिनका सन्ततीले क्षतिपूर्ति सहितको सामाजिक न्याय चाहेका छन् । राजनीतिक व्यवस्था त बदलियो, शासन व्यवस्थाका पात्रहरू त फेरिए तर सामाजिक व्यवस्था फेरिएन । राज्यको केन्द्रीयस्तरमा राजनीतिक र गाउँस्तरमा सामाजिक सामन्ती चरित्र कायमै छ। समाजमा जातीय भेदभाव कायमै छ। वंश, उत्पत्ति र लिङ्गका आधार अझै पनि विभेद छ। रुढिवादी सामाजिक मनोविज्ञान, पितृ सत्तात्मक हैकम मात्रै होइन कि राज्य संयन्त्रका शासक र प्रशासक पनि विभेदयुक्त चरित्र र मनोविज्ञानबाट मुक्त हुन सकेका छैनन् ।

सिंगो राजनीतिक संयन्त्र उत्पिडित वर्गको क्रन्दनप्रति संवेदनहीन छ भने प्रशासन संयन्त्र यथास्थितिवादी इनर्सियाबाट ग्रस्त छ । यसले सामाजिक रूपान्तरणको मुद्दा ओझेलमा परेको छ । सामाजिक रूपान्तरणलाई व्यवहारिक रूप प्रदान गर्नका लागि राजनीतिक र प्रशासनिक व्यक्तित्वहरूको आचरण, व्यवहार, चरित्र र चिन्तन नमुनायोग्य हुनु पर्दछ । सामाजिक रूपान्तरणको नीति कार्यान्वयन गर्ने अभिभारा बोकेको संयन्त्रले समाजिक रूपान्तरणका लागि स्वयम आफैँमा सकारात्मक परिवर्तन ल्याउनु छ ।

सुस्त सामाजिक रूपान्तरणको गतिका कारण सिंगो मुलुक अल्पविकासको दलदलमा फसेको छ। अझै २१ प्रतिशत जनता गरिबीको रखामुनी फसेका छन्। योजनाबद्ध विकासको थालनी २०१३ सालमै भएपनि पञ्चायतकालीन समयमा जनताका विकासका चाहनाहरू बुलन्द हुन पाएनन् । पञ्चायतकालीन समय पश्चात पनि नीतिगत व्यवस्थाको अभावमा दलित, महिला, जनजाति, मधेसी विकासका प्रक्रियामा समाहित हुन सकेनन् । यस्तो कटु यथार्थलाई चिर्दै आम समुदायलाई विकास प्रक्रियामा सरिक गराउन सामाजिक रूपान्तरण अपरिहार्य भइसकेको छ । 'गतिशील कांग्रेस, समृद्ध देश' अभियान सफल गर्न कांग्रेसले स्पष्ट नीति, आगामी कार्यक्रम र बलियो सङ्गठन निर्माण गर्नुपर्ने छ ।

## सङ्गठन, विकास र सुधारको प्रस्ताव

१. पार्टीमा एक व्यक्ति एक पद दुई पटक र एक व्यक्ति ३ पटकमात्र सांसदको उम्मेदवार बन्न पाउने, (अवसरको न्यायोचित वितरण, नेपाली कांग्रेसको ठुलो समस्या भनेको अवसरको न्यायोचित वितरण नहुनु पनि एक हो । ३०

र ३५ वर्षदेखि अवसर प्राप्त गरेका अग्रजहरू छोडनका लागि तयार नहुने, नयाँले अवसर नपाउने परिस्थिति छ, जसका कारण तीन पुस्ते कांग्रेस समेत मुर्झाएको अवस्था छ । सरकार निर्माण गर्न र चुनाव जित्न गठबन्धन गर्नुपर्ने अवस्था छ । यसर्थ पार्टीका सबै तहमा अनिवार्य रूपले एक पदमा बढीमा दुई पटकमात्र रहन पाउने र विजय होस् वा पराजय ३ पटकमात्र उम्मेदवार बन्न पाउने व्यावस्था गर्नु पर्दछ ।)

२. युवा कांग्रेसको स्थापना (कांग्रेसमा एउटा यस्तो जागरण अभियानको आवश्यकता छ, जसले तलदेखि माथिलल्लो तहका कार्यकर्ता नेतालाई जागृत गराउन सकोस्)

३. विधानको अक्षरशः पालना,

४. गुटको अन्त्य गर्न वार्ड तहबाटै चिट बाडेर समूह बनाएर चुनाव लड्ने प्रवृति हटाउने ।

५. नेपाली कांग्रेसको नयाँ कृयाशील सदस्य लिँदा र नवीकरण गर्दा प्रत्यकले आफ्नो सम्पति विवरण वुभाउनु पर्ने, यसले पार्टीका नेता कार्यकर्तामा आर्थिक अनुशासन कायम हुनेछ ।

६. वार्ड अध्यक्ष (सभापति) को नेतृत्वमा भ्रातृ संस्थाको एकीकृत टिम निर्माण गरेर ६ हजार ७ ४३ वडामा जाने

७. पार्टी र जनप्रतिनिधि बिच समुन्वय गर्ने संयन्त्र बनाई प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने,

८. वडाध्यक्ष, वडा सभापतिदेखि केन्द्रमा केन्द्रीय सदस्य, विभागीय प्रमुख, सांसद, मन्त्री, प्रधानमन्त्रीसम्मले चौमासिक कार्य प्रगति विवरण पार्टीको तोकिएको निकाएमा बुझाउने,

९. पार्टीका नेता र जनप्रतिनिधिलाई जनताप्रति, घोषणाप्रति उत्तरदायी बनाउन संयन्त्र निर्माण गर्ने,

१०. कांग्रेसका परिवार (पुराना मतदाता)लाई आफ्नो पक्षमा राख्न नसक्नुको कारण पत्ता लगाई समाधान खोज्ने,

११. व्यक्ति भन्दा संस्था कसरी बलियो बनाउने भन्ने विषयमा कसैको चासो नभएको हुँदा नेपाली कांग्रेस पार्टी बलियो हुँदा देश र जनता बलियो हुनेकुरा तल्लोदेखि माथिल्लो तहमा वहस चलाउने,

१२. पार्टीभित्र टिकट वितरण गर्दा वार्ड तहको वार्डमै र जुन तहको टिकट वितरण गर्नु पर्ने हो त्यही तहमा टुङ्ग्याउनु पर्न,

१३. पार्टी थिङ्क टयाङ्क देश र पार्टीका लागि आवश्यकता विषयवस्तु र नीति निर्माण गर्न नेपाली कांग्रेसको अलग्गै थिङ्क टयाङ्क आवश्यक छ । उक्त थिङ्कटयाङ्कको विमर्स र छलफलबाट निकालेको निष्कर्ष पार्टीभित्र र सार्वजनिक क्षेत्रका लागि उपयोगी हुन्छ ।

१४.वडा अधिवेशनदेखि केन्द्रको महाधिवेशन सम्मका सबै तहको अधिवेशन महाधिवेशनमा प्रतिनीधि बन्ने अनिवार्य रूपले सम्बन्धित तहको निर्वाचन जितेर आउनु पर्ने व्यवस्था मिलाउने र स्वतः महाधिवेशन प्रतिनीधि हुने व्यवस्था खारेज गर्नु पर्दछ । यसबाट केन्द्रको जिम्मेवारी लिने नेता आम कार्यकर्ता र भूगोलप्रति बढी जिम्मेवार हुन्छ ।

१५. अहिले समाजको मनोविज्ञानमा आएको परिवर्तनलाई ख्याल गरेर नेपाली कांग्रेसले पनि आफूलाई स्वीकार गर्ने बनाउनु पर्ने जरुरी छ । कांग्रेसको सङ्गठनमा काम गर्न समाजका अन्य समुदाय, वर्गबाट जुनसुकै वेला अनुरोध गर्न सक्छन् । जनताको विश्वास र भरोसा कमाएका व्यक्ति यदि कांग्रेसमा रहेर काम गर्न चाहान्छन् भने निश्चित प्रतिशतमा (ल्याटरल इन्ट्री) को प्रबन्ध आवश्यक छ ।

१६. भ्रातृ संस्थाको नियमित महाधिवेशन, अधिवेशन, निर्वाचन र नेतृत्व चयनले लोकतान्त्रिक संस्कृतिमा निखार आउँछ र आन्तरिक लोकतन्त्र संस्थागत हुँदैजान्छ।

१७. भ्रातृ संस्थाको केन्द्रीय अध्यक्ष नेपाली कांग्रेस केन्द्रीय समिति पदेन सदस्य हुने व्यवस्था बनाउनुपर्छ ।

१८. भ्रातृ संस्थाको चौमासिक रिपोर्ट आफूभन्दा माथिलल्लो समिति र सम्बन्धित तहको पार्टीमा अनिवार्य बुझाउने ।

१९. जलवायु परिवर्तन र विपद व्यवस्थापन, विपद जोखिम न्यूनीकरणका लागि सरकारी, गैरसरकारी र संस्थाहरूलाई भूमिका प्रदान गर्ने नीति अवलम्बन गर्ने राष्ट्रिय अभियान सञ्चालन गर्न आवश्यक छ । यसका लागि नेपाली कांग्रेसले वार्डदेखि केन्द्रसम्मका सबै तहमा एक छुट्टै संयन्त्र बनाई परिचालन

गर्नुपर्ने छ (कार्यदल बनाउने) । यसलाई "प्राकृतिक स्रोतसाधनको व्यवस्थापन तथा परिचालन अभियान" पनि भन्न सकिने छ ।

२०. आचार संहिता देश परिवर्तनको अभिभारा बोकेको दलका नेता कार्यकर्ताहरू स्वअनुशासनमा बस्न र नैतिकताको मापदण्डभित्र बस्नु पर्दछ । जनताको नेता आफ्ना जनताको संस्कृतिसँग मेल खाने गरी सहज, साधारण र सफाट जीवनशैलीको हुनु पर्दछ। तडकभडक, उपयोगितावादी चरित्रबाट टाढा रहनु अनिवार्य छ ।

२१. प्रविधिमैत्री पार्टीको निर्माण ।

२२. पार्टीमा ज्ञान व्यवस्थापन र हस्तान्तरण प्रणालीको विकास ।

२३. अनुशासन समिति, लेखा समिति र निर्वाचन समिति महाधिवेशनबाट निर्वाचित हुने व्यवस्था गर्ने ।

२४. प्रशिक्षणको आधारमा कृयाशील सदस्यता, कृयाशील सदस्य लिनुभन्दा अघि साधारण सदस्यहरूले नेपाली कांग्रेस पार्टी, राजनीति, अर्थतन्त्र, राष्ट्रियता र समाज लगायतका विषयमा अनिवार्य प्रशिक्षणको व्यवस्था ।

२५. अतिआवश्यक काम बाहेक पार्टीका सवै नेता कार्यकर्ताले हिउदे र वर्षे सिर्जनमा १०/१० दिन कृषिमा काम गर्ने यसबाट श्रमकाप्रति सम्मान बढछ गाउँ शहरको विकासमा टेवा पुग्छ ।

२६. जनसम्पर्क समिति : विभिन्न ३७ देशमा रहेका जनसम्पर्क समितिहरू विना भेदभाव पार्टीलाई जिम्मा दिनुपर्छ । NRNA को कलस्टर जस्तैः हरेक महादेशबाट १/१ जनालाई केन्द्रीय समितिमा प्रतिनिधित्वको व्यवस्था गर्नुपर्छ ।

२७. कांग्रेसका पालिका अध्यक्ष प्रदेश महाधिवेशन प्रतिनिधि बन्ने ।

२८. ७७ वटै जिल्लाबाट काठमाडौं बसोबास गरेका पार्टीका साथीहरूले जिल्ला सम्पर्क समितिका माध्यमबाट आफ्ना गतिविधि बढाउनुपर्छ ।

२९. सक्रिय हुन जिल्ला सम्पर्क समितिको अध्यक्ष महाधिवेशन प्रतिनिधि हुने व्यवस्था मिलाउने ।

३०. नेपाली कांग्रेसले आफ्नै साङ्गठानिक तागतमा अबदेखिका निर्वाचनमा एक्लै प्रतिस्पर्धामा होमिने ।

३१. क्रियाशील सदस्य ८ लाख ६९ हजार ५५१

३२. नेपाली कांग्रेसका १३ भ्रातृ र २६ शुभेच्छुक संस्थाहरू

३३. ३७ नेपाली जनसम्पर्क समितिहरू

३४. स्थानीय तहका ७५३ मध्ये ३३२ पालिकामा नेतृत्वमा कांग्रेस

३५. ७५३ मध्ये ३०० पालिका उपप्रमुखमा कांग्रेस

३६. प्रतिनिधिसभातर्फ २७५ मध्ये प्रत्यक्षमा ५७ क्षेत्र र समानुपातिकमा ३२ सिट गरी ८९ सांसद

३७. ५५० प्रदेशसभामा प्रत्यक्षतर्फ १११ र समानुपातिकतर्फ ६४ गरी १७५ सांसद

## समसामायिक

### भूमण्डलीकरणमा नेपालको हित

जननायक वीपीले प्रतिपादित गर्नुभएको 'राष्ट्रिय एकता र मेलमिलाप'को नीति आज विश्व परिवेशमा 'भूमण्डलीय एकता र मेलमिला'को रूपमा परिष्कृत गरेर भूमण्डलीकरणको सन्दर्भमा बलियो सन्देश नेपाली कांग्रेसले दिन सक्दछ । भूमण्डलीकरणका सकारात्मक पक्षमा काम गरेर नेपाली नागरिकको जीवनस्तरमा गुणस्तर, विभिन्न वस्तु र सेवामा पहुँच वृद्धि, रोजगारीका अवसरमा वृद्धि, वैदेशिक प्रत्यक्ष लगानीमा वृद्धि, घरेलु व्यवसायको अन्तर्राष्ट्रिय बजारमा पहुँच, सामाजिक-सांस्कृतिक रूपान्तरण, सूचना र प्रविधिको स्वतन्त्र प्रवाहको लाभ लिने नीति नै नेपालको हितमा हुन्छ । नेपालको जनसङ्ख्या र बजारको आकार विश्व परिवेशमा सानो भए पनि हाम्रो भौगोलिक परिवेश र भूमण्डलीकरणमा सहभागिता जोडदार छ। विश्वका तमाम देशका नागरिक सहरको माहोलदेखि पर प्रकृतिको समीप पुग्न खोजिरहेका छन् । आधुनिक समाजको अभ्यास गरिरहेका मुलुकका नागरिकले सभ्यताको खोजी गरिरहेका छन् । मानिसहरू आजको जटिल अवस्थाबाट मुक्ति खोजेर सरलताको अनुसरण गर्न खोजिरहेका छन् । सामाजिक सञ्जालदेखि थकित महसुस गरिरहेका मानिसहरू सामाजमा जोडिन खोजिरहेका छन् । कार्बनले दूषित भएको हावाबाट मुक्ति खोजेर पर्यावरण सुरक्षित रहेको ठाउँमा फर्किन खोजेका छन् । विकसित देशका नागरिकले मंगल ग्रहमा नभएर गाउँको परिवेशको रोमाञ्चकताको उत्सुकता गरिरहेका छन् । आफैँलाई खोज्न प्रकृतिसँग जोडिने चाहाना राखेका छन् । सभ्यता विनाको विकासले थाकेका, गलेका र भौतिकवादमा पिल्सिएका विश्वका करोडौँ नागरिकले मानवता बचेको

ठाउँको खोजी गरिरहेका छन् । समृद्धिका लागि हामीले भौतिक विकासको महत्त्वकाङ्क्षा महाशक्ति र शक्तिराष्ट्रहरू भन्दा बढी राख्नै पर्छ । हिमाल, पहाड र तराईको विकासको मोडेल संसारको बद्लिँदो आवश्यकता अनुसार तय गरेर लाभ लिनसक्ने अवस्था सिर्जना गर्न आवश्यक छ ।

## रिभर्स माइग्रेसन

जननायक वीपीले प्रतिपादित गर्नुभएको 'राष्ट्रिय एकता र मेलमिलाप'को नीति आज विश्व परिवेशमा 'भूमण्डलीय एकता र मेलमिलाप'को रूपमा परिष्कृत गरेर भूमण्डलीकरणको सन्दर्भमा बलियो सन्देश नेपाली कांग्रेसले दिन सक्दछ । भूमण्डलीकरणका सकारात्मक पक्षमा काम गरेर नेपाली नागरिकको जीवनस्तरमा गुणस्तर, विभिन्न वस्तु र सेवामा पहुँच वृद्धि, रोजगारीका अवसरमा वृद्धि, वैदेशिक प्रत्यक्ष लगानीमा वृद्धि, घरेलु व्यवसायको अन्तर्राष्ट्रिय बजारमा पहुँच, सामाजिक-सांस्कृतिक रूपान्तरण, सूचना र प्रविधिको स्वतन्त्र प्रवाहको लाभ लिने नीति नै नेपालको हितमा हुन्छ । नेपालको जनसङ्ख्या र बजारको आकार विश्व परिवेशमा सानो भए पनि हाम्रो भौगोलिक परिवेश र भूमण्डलीकरणमा सहभागिता जोडदार छ । विश्वका तमाम देशका नागरिक सहरको माहोलदेखि पर प्रकृतिको समीप पुग्न खोजिरहेका छन् । आधुनिक समाजको अभ्यास गरिरहेका मुलुकका नागरिकले सभ्यताको खोजी गरिरहेका छन् । मानिसहरू आजको जटिल अवस्थाबाट मुक्ति खोजेर सरलताको अनुसरण गर्न खोजिरहेका छन् । सामाजिक सञ्जालदेखि थकित महसुस गरिरहेका मानिसहरू सामाजमा जोडिन खोजिरहेका छन् । कार्बनले दूषित भएको हावाबाट मुक्ति खोजेर पर्यावरण सुरक्षित रहेको ठाउँमा फर्किन खोजेका छन् । विकसित देशका नागरिकले मंगल ग्रहमा नभएर गाउँको परिवेशको रोमाञ्चकताको उत्सुकता गरिरहेका छन् । आफैँलाई खोज्न प्रकृतिसँग जोडिने चाहाना राखेका छन् । सभ्यता विनाको विकासले थाकेका, गलेका र भौतिकवादमा पिल्सिएका विश्वका करोडौँ नागरिकले मानवता बचेको ठाउँको खोजी गरिरहेका छन् । समृद्धिका लागि हामीले भौतिक विकासको महत्त्वकाङ्क्षा महाशक्ति र शक्तिराष्ट्रहरू भन्दा बढी राख्नै पर्छ । हिमाल, पहाड र तराईको विकासको मोडेल संसारको बदलिँदो आवश्यकताअनुसार तय गरेर लाभ लिनसक्ने अवस्था सिर्जना गर्न आवश्यक छ ।

## राजनीतिक ध्रुवीकरणमा न्यू मिडियाको प्रभाव

पछिल्लो समय संसारभर नै सामाजिक सञ्जालको सामर्थ्यको रूपमा रहेका प्रयोगकर्ताहरूको विश्वाससँग मिलल्दोजुलल्दो सामग्रीलाई प्राथमिकता दिने र त्यहीँ अनुसारको सामग्री उपलब्ध गराउने एल्गोरिदम (Algorithm) दुरूपयोग भएका छन् । समाजमा हरेक पक्ष र आयामका विचार आइरहेका हुन्छन् तर विचारमाथि रचनात्मक संवादभन्दा पक्ष र विपक्षमा उभिने होडबाजी व्याप्त छ । डिजिटल साक्षरताले मात्रै यो समस्या समाधान हुँदैन । यसका निम्ति समाजमा चेतना र सद्भाव आवश्यक छ। सामाजिक सञ्जाल प्रयोगकर्ताहरूमा जवाफदेहिताको भाव सिर्जना गर्नुपर्छ। नेपालमा टिकटकमाथि सरकारले प्रतिबन्ध लगाएको छ । यो आफैँमा अलोकतान्त्रिक समाधान हो । दिगो समाधान खोज्न देशमा रहेका दलहरूले सुसंस्कृत राजनीतिको अभ्यास गर्न जरुरी छ। कुनै पनि सामाजिक सञ्जाललाई प्रतिबन्ध गर्नुभन्दा त्यसको प्रणालीगत र प्राविधिक पाटो सुधारको पक्षमा कानुन निर्माण गर्नु उपयुक्त देखिन्छ। नेपाली कांग्रेसले सामाजिक सञ्जालमा स्तरीय र गुणस्तरीय बहस सिर्जना गर्न रणनीति अख्तियार गर्नुपर्नेछ। सामाजिक सञ्जालमा देखिने गतिविधिले नेपालको अन्तर्राष्ट्रिय जगतमा समेत विश्वास गुमेको अवस्था छ । सामाजिक सञ्जाल नियमन गर्न बनाइने कानुन जनभावना र लोकतन्त्रको पक्षमा भएको एकिन गर्ने तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गरेर राजनीतिक ध्रुवीकरणमा सामाजिक सञ्जालको प्रभाव निस्तेज पार्नु समयको माग हो ।

## निष्पक्ष निर्वाचनमा सामाजिक सञ्जालको प्रभाव

सामाजिक सञ्जालले निष्पक्ष निर्वाचनका सन्दर्भमा धेरै चिन्ता र चासो उत्पन्न गराएको छ। आज विकसित र प्रविधिको विकास भएका मुलुकमा समेत यो मुद्दा जटिल रूपमा छ ।

अनुसन्धानहरूले निर्वाचनको समयमा सामाजिक सञ्जाल कम्पनीको स्वार्थ, दल र उम्मेदवारबाट सामाजिक सञ्जालको दुरूपयोग, स्वार्थ समूह र शक्तिले गर्ने साइबर म्यानुपुलेशन (Cyber Manipulation) आदिका कारण निष्पक्ष निर्वाचनमा चुनौती थपिएको देखिएको छ। सामाजिक सञ्जालमा हुने राजनीतिक विज्ञापनमा पारदर्शिता, जवाफदेहिता, मिडिया साक्षरता र जनचेतना जगाउन आवश्यक छ।

निर्वाचनमा सामाजिक सञ्जाल नियमन आचारसंहिता के कस्तो हुनुपर्नेछ भनेर निर्वाचन आयोगँग समेत कांग्रेसले अन्तरक्रिया र समुन्वय थाल्नुपर्छ ।

## रोजगारी

हाम्रो समाजको समाजवादी चरित्रलाई अध्ययन गर्न बेरोजगारलाई वर्गको रूपमा अध्ययन गर्नुपर्ने र राज्यले समेत बेरोजगार वर्गको निम्ति वर्गीय उत्थानको नीति अबलम्बन गर्नुपर्ने आवश्यकता छ । नेपालमा बेरोजगारी समस्या विकराल बन्दै गएको छ । वैदेशिक लगानीमैत्री वातावरण नहुनु, निजी क्षेत्रप्रति सम्मान र संरक्षण नहुनु, अवैज्ञानिक कर प्रणाली, उदार अर्थतन्त्र प्रणालीलाई स्वीकार नगर्नु, नेपाली कलकारखानामा काम गर्न नेपाल बाहिरबाट कामदार ल्याउनु, दुईवटा वर्गको निर्माण गरी रहेको शिक्षा प्रणालीका समस्या, श्रमप्रतिको सम्मान नहुनु, बैंकिंङ व्यवस्था युवाका निम्ति अनुदार हुनु, मौद्रिक नीति र आर्थिक नीतिमा तालमेल नहुने तमाम कारणले नेपालमा बेरोजगारी समस्या बढेको छ । सम्मानित श्रम र सम्मानित ज्याला नहुने अवस्थाको अन्त्य गर्न राजनीतिक दल इमान्दार बन्नुपर्छ । उद्धमशीलता, नवप्रर्वतन सँगसँगै स्वरोजगार, सामूहिक रोजगार, सामाजिक उद्धमशीलता, luu (Gig) अर्थव्यवस्था निर्माण आदिमा काम गर्नुपर्छ । नेपालमा मानवीय स्रोत तथा संसाधनलाई विकास र व्यवस्थापन गर्ने कुनै निश्चित निकाय अति जरुरी छ ।

## उपभोक्ता

समाजको वर्गीय चरित्रको रूपमा नेपालमा उपभोक्ताका मुद्दाहरू देखिएका छन् । नेपालमा राज्य र उपभोक्ताको सम्बन्धमा सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ। हाम्रो बजार अनुगमन फितलो छ । यसले उपभोक्ता अधिकार संकुचन गरिएको छ। दैनिक उपभोग गर्ने वस्तु तथा सेवाहरूमा नागरिकले सम्मानित उपभोक्ताको अनुभूति गर्न सकेका छैनन् । आज नेपाली उपभोक्ताहरू फोन, इन्टरनेट, इन्धन, खाद्यान्न, शिक्षा र स्वास्थ्य लगायतका अतिआवश्यक सेवामा समेत ठगिएका छन्। उपभोक्ता अदालतको स्थापना आजको आवश्यकता हो । सहकारी र बैंकठगीमा उपभोक्ताहरू ठगिने क्रम बढेको छ । उपभोक्ताका मुद्दाहरूलाई न्यायोचित समाधान दिन सकेनौं भने समाजमा उपभोक्ताका मुद्दाको वरपर नयाँ राजनीतिक शक्ति सिर्जना हुने जोखिम देखिन्छ ।

## ब्रेन ड्रेन

नेपालमा ब्रेन ड्रेन आपतकालीन र ठुलो समस्याको रूपमा विकसित भएको छ। युवाहरूको विदेश पलायनले थप चुनौती थपेको छ। रिभर्स ब्रेन ड्रेन (Reverse Brain Drain) बारे हामीले योजनाबद्ध ढङ्गले काम गर्न ठोस नीति अबलम्बन गर्नुपर्ने आवश्यकता छ। देशमा आज विदेशमा ठुलाठुला कलकारखानामा अनुभव हासिल गरेका, सिप जानेका लाखौँ नागरिकहरू खासगरी खाडी मुलुकबाट फर्किएका छन्। उनीहरूको ज्ञान, सिप र अनुभवलाई देश निर्माणमा जोड्ने चुरो नीति आजको आवश्यकता हो। राजनीतिकर्मीहरूको हस्तक्षेप र नीतिकर्ताहरूको गृहकार्यको अभावले हामीले हासिल गरेको ब्रेन गेन (Brain Gain) ब्रेन वेष्ट (Brain Waste) बन्ने खतरा बढेको छ। हाम्रो मुलुकभित्र ब्रेन सर्कुलेसन (Brain Circulation) सम्बन्धी नीति छैन। निजामति र शैक्षिक तहमा हुने ब्रेन एक्सचेन्ज (Brain Exchange) समेत प्रभावकारी नहुनु र त्यसको सुधार नहुनु अर्को जटिल समस्याको रूपमा छ। ब्रेन ड्रेन अल्पविकसित र विकासोन्मुख देशको समस्या हो।

## ज्ञान हस्तान्तरण

नेपालको हरेक क्षेत्रमा ज्ञान हस्तान्तरणको समस्या विकराल छ। परिवर्तन र विकासको प्रतिरोधको रूपमा संकुचित मानसिकता बाधक बनेको छ। हाम्रो मौलिक र परम्परागत ज्ञान आज विलुप्त हुने अवस्थामा छ। नेपाली विज्ञले गरेको वैदिक व्याख्या तथा खोजको लेखौटको प्रस्तुति भावीपुस्तालाई संस्कृति जगेर्ना गर्न प्रेरित गर्ने खालको छैन। ज्ञान अवधारणा र ज्ञानहानी (Knowledge Loss) बारे सामान्य चासो र चिन्ता नीतिगत तहमा समेत छैन। हाम्रा संथाहरूको सङ्गठनात्मक संस्कृति र विविधताका कारण समेत ज्ञान हस्तान्तरण मुद्दा ओझेलमा परेको छ। पुस्ताबिच परिवार र कार्यरत संस्थामा ज्ञान हस्तान्तरण नहुने कुराको यथेष्ट समाधान खोज्न जरुरी छ। निजामति सेवामा समेत सेवानिवृत हुने क्रममा रहेको कर्मचारीबाट ज्ञान हस्तान्तरण नहुनुले नेपालले ठुलो र अपुरणीय क्षति बेहोरी छ। निजामति सेवामा संस्थागत स्मृति ह्रास (Institutional Memory Loss) रोक्न अवकास अगावै वा पछि कुनै वैतनिक व्यवस्था गरेर अनिवार्य निजामति ज्ञान हस्तान्तरणको नीति बनाएर तत्काल उपयोगमा ल्याउनसक्नु पर्नेछ। हाम्रो परिवेशमा विश्वविद्यालयमा भएका प्राज्ञिक अध्ययन र अनुसन्धानको समेत ज्ञान हस्तान्तरण सरकार वा निजी क्षेत्रलाई हुनसकेको छैन। राजनीतिक दलमा समेत पुस्ताहरू बिच र नेताकार्यकर्ता बिच

ज्ञान हस्तान्तरण हुनुपर्नेछ । ज्ञान हस्तान्तरणलाई अनिवार्य सर्त र कर्तव्यको रूपमा स्थापित गर्नुपर्छ ।

## दीगो डाटा

नेपालको हरेक क्षेत्रमा ज्ञान हस्तान्तरणको समस्या विकराल छ । परिवर्तन र विकासको प्रतिरोधको रूपमा संकुचित मानसिकता बाधक बनेको छ । हाम्रो मौलिक र परम्परागत ज्ञान आज विलुप्त हुने अवस्थामा छ। नेपाली विज्ञले गरेको वैदिक व्याख्या तथा खोजको लेखौटको प्रस्तुति भावीपुस्तालाई संस्कृति जगेर्ना गर्न प्रेरित गर्ने खालको छैन । ज्ञान अवधारणा र ज्ञानहानी (Knowledge Loss) बारे सामान्य चासो र चिन्ता नीतिगत तहमा समेत छैन । हाम्रा संथाहरूको सङ्गठनात्मक संस्कृति र विविधताका कारण समेत ज्ञान हस्तान्तरण मुद्दा ओझेलमा परेको छ । पुस्ताबिच परिवार र कार्यरत संस्थामा ज्ञान हस्तान्तरण नहुने कुराको यथेष्ट समाधान खोज्न जरुरी छ । निजामति सेवामा समेत सेवानिवृत हुने क्रममा रहेको कर्मचारीबाट ज्ञान हस्तान्तरण नहुनुले नेपालले ठुलो र अपुरणीय क्षति व्यहोरी छ । निजामति सेवामा संस्थागत स्मृति ह्रास (Institutional Memory Loss) रोक्न अवकास अगावै वा पछि कुनै वैतनिक व्यवस्था गरेर अनिवार्य निजामति ज्ञान हस्तान्तरणको नीति बनाएर तत्काल उपयोगमा ल्याउनसक्नु पर्नेछ। हाम्रो परिवेशमा विश्वविद्यालयमा भएका प्राज्ञिक अध्ययन र अनुसन्धानको समेत ज्ञान हस्तान्तरण सरकार वा निजी क्षेत्रलाई हुनसकेको छैन । राजनीतिक दलमा समेत पुस्ताहरूबिच र नेताकार्यकर्ता बिच ज्ञान हस्तान्तरण हुनुपर्नेछ । ज्ञान हस्तान्तरणलाई अनिवार्य सर्त र कर्तव्यको रूपमा स्थापित गर्नुपर्छ ।

## सेवानिवृत्त कर्मचारीको सदुपयोग

जीवनको दशकौं खर्चेका सेवानिवृत्त कर्मचारीलाई विकासको संयन्त्रसँग र समाजको रूपान्तरणसँग जोड्न अत्यावश्यक छ। वर्षौवर्ष अनुभवप्राप्त कर्मचारी सेवा निवृत भए पछि उनीहरूको ज्ञानलाई प्रयोग गर्ने संयन्त्र नेपालमा छैन । वडातह, पालिकातह, प्रदेशतह र संघीयतहमा आज निजामति सेवासँग नागरिकको अपेक्षा अनुरूप डेलिभरी भएको छैन । देशमा देखिएका सुशासनसँग जोडिएका तमाम समस्याहरूले स्थानीयतह माथिको विश्वास गुम्ने अवस्था छ। पालिकाका जनप्रतिनिधिहरूले समेत परिपक्व निर्णय लिएर जनताको भरोसा कायम राख्न समेत सेवानिवृत्त निजामति कर्मचारी सहायक भएर विज्ञका रूपमा ज्ञान, सिप

र अनुभव हस्तान्तरण गर्न सक्छन् । समाजका हरेक तह र तप्कामा रहेको सामाजिक विभेदको अन्त्य, पर्यटन लगायत आर्थिक सम्भावनाहरूको विस्तार, विकासको अध्ययन र मार्गदर्शन, तीनै तहका सरकार बिचको समन्वयनमा सहायता, ग्रामीण भेगका बालबालिका र विद्यार्थीको निम्ति शैक्षिक अभियानमा जोडिएर वा दिगो विकासका जुनसुकै क्षेत्रमा नेपालले सेवानिवृत्त निजामति कर्मचारीलाई उनीहरूको स्वतन्त्र इच्छा अनुसार र राष्ट्रको आवश्यकता अनुसार उनीहरूको क्षमता सदुपयोग गरेर देशमा टेवा पुग्न सक्छ ।

## डिजिटल डिभाइड

जीवनको दशकौं खर्चेका सेवानिवृत्त कर्मचारीलाई विकासको संयन्त्रसँग र समाजको रूपान्तरणसँग जोड्न अत्यावश्यक छ। वर्षौंवर्ष अनुभवप्राप्त कर्मचारी सेवा निवृत भए पछि उनीहरूको ज्ञानलाई प्रयोग गर्ने संयन्त्र नेपालमा छैन । वडातह, पालिकातह, प्रदेशतह र संघीयतहमा आज निजामति सेवासँग नागरिकको अपेक्षा अनुरूप डेलिभरी भएको छैन । देशमा देखिएका सुशासनसँग जोडिएका तमाम समस्याहरूले स्थानीयतह माथिको विश्वास गुम्ने अवस्था छ। पालिकाका जनप्रतिनिधिहरूले समेत परिपक्व निर्णय लिएर जनताको भरोसा कायम राख्न समेत सेवानिवृत्त निजामति कर्मचारी सहायक भएर विज्ञका रूपमा ज्ञान, सिप र अनुभव हस्तान्तरण गर्न सक्छन् । समाजका हरेक तह र तप्कामा रहेको सामाजिक विभेदको अन्त्य, पर्यटन लगायत आर्थिक सम्भावनाहरूको विस्तार, विकासको अध्ययन र मार्गदर्शन, तीनै तहका सरकार बिचको समन्वयनमा सहायता, ग्रामीण भेगका बालबालिका र विद्यार्थीको निम्ति शैक्षिक अभियानमा जोडिएर वा दिगो विकासका जुनसुकै क्षेत्रमा नेपालले सेवानिवृत्त निजामति कर्मचारीलाई उनीहरूको स्वतन्त्र इच्छा अनुसार र राष्ट्रको आवश्यकता अनुसार उनीहरूको क्षमता सदुपयोग गरेर देशमा टेवा पुग्न सक्छ ।

## डिजिटल एडिक्सन

हाम्रो जीवनमा प्रविधि अभिन्न हिस्सा भैसकेको छ। प्रविधिको सदुपयोग गर्ने कुरासँगसँगै हामीले डिजिटल लत लाग्ने अवस्था सिर्जना गर्नु हुँदैन । Generation Alpha, Generation Z / Millennials मा संसारभर डिजिटल एडिक्सनको समस्या देखिएको छ । हाम्रो समाजमा समेत डिजिटल एडिक्सन विकराल

समस्याको रूपमा उदय भैराखेको छ । त्यसप्रति नीतिकर्ता र नेतृत्वकर्ताले फराकिलो बहस सञ्चालनका लागि रणनीति अख्तियार गर्नुपर्ने आवश्यकता छ ।

## लैङ्गिक रूपान्तरण

नेपालमा विश्वपरिवेशको असर र नेपालको संविधान २०७२, बद्लिदो सामाजिक परिवेश र महिला अधिकारकर्मीको निरन्तरको प्रयासले समाजमा लैङ्गिक विभेद कम हुँदै गएको छ। अहिलेको अवस्थामा नयाँ पुस्ताका मान्यता र विश्वराजनीतिमा महिलाबारे मान्यताले समाजमा लैङ्गिक भूमिका परिवर्तित भएको छ र नेपालमा समेत यसको सकारात्मक असर देख्न थालिएको छ । अहिले महिला र पुरुषले जिम्मेवारीको बाँडफाँड गर्नुका साथै दुबैले जुनसुकै काम गर्न सक्ने अवस्थाको बहसमा अल्झिनु भन्दा महिलाका निम्ति सार्वजनिक यातायात लगायत पूर्वाधार, कार्यालयहरूमा अनिवार्य महिला शौचालय, सुरक्षाको प्रत्याभूति, ज्याला समानता, अवसरको समानता लगायत कुरामा निजीक्षेत्र र सरकारी तवरले काम गर्न जरुरी छ । अहिले समाजमा महिलाले गर्ने गरेको नर्सिङ्ग, विमान परिचारिका, व्युटिसियन लगायत तमाम पेशामा पुरुषको समेत सहभागिता बढाउन नीतिगत व्यवस्था गर्नुपर्नेछ । अहिले समाजमा सन्तानको लालनपालन र अविभावकीय जिम्मेवारी, पारिवारिक जिम्मेवारी र अन्य आर्थिक, सामाजिक, धार्मिक लगायतका जिम्मेवारीमा महिला र पुरुषले समान सहभागिता जनाउन चाहान्छन् तर त्यस अनुरूप प्रशिक्षण र अभिमुखीकरणको आवश्यकता दुवैलाई रहेतापनि त्यसको पूर्ति नभएका कारण परिवर्तित लैङ्गिक भूमिकाको सफल कार्यान्वयन गर्न नीति अख्तियार गर्नुपर्छ । प्रगतिका बाबजुद पनि पूर्ण लैङ्गिक समानता हासिल गर्नमा थुप्रै चुनौतीहरू यथावत छन् । नेपाली कांग्रेसले समेत समाजमा देखा पर्न थालेको लैङ्गिक भूमिकाको परिवर्तनलाई आत्मसात गर्न, त्यसको सामान्यीकरण गर्न र त्यसलाई एउटा आदर्शको रूपमा स्थापित गर्नुपर्छ । हरेक क्षेत्रमा महिला सहभागितालाई प्रोत्सहान गर्न पार्टीले हाल विधानमा व्यवस्था गरेको ३३ प्रतिशत आरक्षणलाई बढाएर पार्टीमा हरेक भूगोल, वर्ग, पेशा र अन्य आरक्षण समूहको प्रतिनिधित्व रहनेगरी ५० प्रतिशत बनाउन जरुरी छ ।

## सरल जीवनशैली

नेपाली समाजको ज्वलन्त समस्याका रूपमा अनियन्त्रित विलासितापूर्ण जीवनशैली केही वर्षदेखि देखिँदै आएको छ । समाजमा बढिरहेका अनैतिक अपराध, ठगी र भ्रष्ट्राचार आदि बढ्नुमा कहिँकतै हाम्रो अनियन्त्रित विलासितापूर्ण

जीवनशैली कारक बनेको त छैन ? पछिल्लो समयमा सार्वजनिक सवारी, सार्वजनिक शिक्षा वा स्वास्थ्य, सहुलियत पसल आदीप्रति नागरिकको अभिरुचि घट्दै गएको छ । सकिनसकी ऋण जोहो गर्ने प्रवृतिले नेपाली समाजलाई ऋणको पासोमा बाँधेको छ । नेपाली समाजमा आय असमानता छ । हाम्रो विलासिताको संस्कारले समाजमा एक किसिमको बाध्यता सिर्जना गरेको छ । निम्न र हुनेखाने वर्गबिच भौतिकवादको अघोषित प्रतिस्पर्धा चलेको छ । हाम्रो जस्तो आयातमा केन्द्रित अर्थतन्त्रका नागरिकलाई विलासिता स्वतन्त्र अधिकार भएपनि जिम्मेवार नागरिकका रूपमा सिमित विलासिता गर्नुले देश विकासमा टेवा पुऱ्याउने कुरा बुझाउन सकेका छैनौं । नागरिकको बढ्दो विलासिताका कारण आज आम नेपाली नागरिकको सामान्य जीवनयापन खर्च समेत नियन्त्रणभन्दा बाहिर छ । यस संस्कारले नेपालीहरूलाई मानसिक उत्पीडनमा धकेली राखेको छ । समाजको प्रतिनिधित्व गर्ने नेतृत्वतहमा रहेका नेता र सम्बद्ध पार्टी, राष्ट्रका गहनाका रूपमा रहेका कलाकार र अन्य राष्ट्रिय प्रतिभाहरूले सामान्य जीवनयापनको पक्षमा उभिँदा समाजको नयाँ समस्याको रूपमा बढेको विलासिता कम गर्न सकिन्छ । यसको लागि जीवन सञ्चालनको एक आचारसंहिता नेपाली कांग्रेस पार्टीबाट सुरु गर्नु पर्नेछ ।

## सडक सुरक्षा र अनुशासन

नेपालमा सडक दुर्घटना निकै गम्भीर विषय रहेको कुराप्रति राजनीतिक दल सजग हुन आवश्यक छ । कोरोना माहामारी, भुकम्प, बाढी, पहिरो लगायत सम्पूर्ण विपदले समग्रमा निम्त्याएको मानवीय क्षतिको तुलनामा हरेक वर्ष बढी मानवीय क्षति सडक दुर्घटनाका कारण हुने गरेको छ । नेपाल प्रहरीका अनुसार २०७० को दशकको ८ आर्थिक वर्षमा मात्रै १ लाख ८६ हजार २७७ सडक दुर्घटना भएका छन् । दुर्घटनामा ज्यान गुमाउने नागरिकको सङ्ख्या १९ हजार ३५८ पुगेको छ । यस्ता दुर्घटनामा परी १ लाख ३५ हजार १७५ जना मानिस घाइते भएका छन् । यसमा ३८ हजार ७४६ गम्भीर घाइते बनेका थिए । समग्र दुर्घटनाको मानवीय र भौतिक क्षतिको हिसाबकिताब गर्नै कठिन छ । यसमा नीति निर्माताको ध्यान केन्द्रित हुन आवश्यक छ । नेपालमा सडक दुर्घटनाका कारण मध्ये सडक र अनुशासनसँग जोडिएका कुराहरू बढी छन् । ् । ट्राफिक नियमले निषेध भनेका कुराको उल्लङ्घन, पुराना र मर्मतसंभार नगरिएका सवारीहरूले सडक दुर्घटनाको जोखिम बढाएको छ । पछिल्लो समय उजागर भएको नक्कली चालक अनुमतिपत्रको निष्पक्ष जाँच गर्न सरकारलाई नेपाली

कांग्रेसले दबाब दिनुपर्छ र आफ्ना भ्रातृ संस्थाहरूलाई सडक सुरक्षा सम्बन्धी अभियानमा जोडेर ठोस परिणाममा पुग्नुपर्छ ।

## सामाजिक विकास

### बालश्रम मुक्त समाज

संविधान आफैँ कार्यान्वयन हुँदैन । यसको कार्यान्वयन गर्नुपर्नेछ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ मा बालबालिकाको हकलाई समेटिएको छ । असहाय, अनाथ, अपाङ्गता भएका द्वन्द्वपीडित विस्थापित र जोखिममा परेका बालबालिकालाई संरक्षण र सुविधा दिने नीतिगत व्यवस्थाको व्यवहारिक पाटो निकै दर्दनाक छ। केन्द्रीय तथ्याङ्क विभागको २०२१ को अध्ययन अनुसार पनि देशैभर ११ लाख बालश्रमिक छन् । यो कूल बालबालिका सङ्ख्याको १५ दशमलव ३ प्रतिशत हो । विभिन्न नाममा बालबालिका श्रममा लाग्न बाध्य हुने गरेका छन् । आर्थिक अभाव र श्रम शोषणकर्ताले बालबालिकाको दुरूपयोग, सामाजिक परिवेश इत्यादी तमाम कारणले यो समस्या विकराल बन्दै गएको छ । सार्वजनिक पूर्वाधार निर्माणमा समेत बालश्रमिक प्रयोग हुने कुराले यो मुद्दाप्रति राज्यको संवेदनशीलता थप आवश्यक रहेको जाहेर गर्दछ । सरकारी संरचनाले बालश्रमविरुद्ध प्रभावकारी काम गरेको छैन । हामीले एकातर्फ ब्रेन ड्रेन सामना गरिरहेका छौ अर्कोतर्फ बालश्रमिकका मुद्दा । समाजमा बालश्रम बढाउन तराईमा ड्रपआउटको समस्या, व्यावहारिक वा प्राविधिक शिक्षाका नाममा हुने श्रम शोषण र नेपालमा श्रममा लगाइएका बालबालिकाको उद्धार व्यवस्थापनमा समस्या गम्भीर छ । बालबालिकाको संरक्षण, सामाजिक सुरक्षा र यौन शोषण, दुर्व्यवहारसम्बन्धी विद्यमान कानुनको कार्यान्वयन कमजोर र बालन्याय प्रशासन प्रभावहीन छ । अपराधजन्य गतिविधिमा समेत बालबालिकाको संलग्नता बढेको छ । दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका, ग्रामीण र गरिबीको मारमा परेका परिवारका बालबालिकाको सामाजिक कल्याणका निम्ति नेपाली कांग्रेसले आवश्यक रणनीति अख्तियार गर्नुपर्ने छ । पार्टीमा आबद्ध नेता वा क्रियाशील सदस्यहरूबाट सुरुवात गरी बालश्रममा संलग्नलाई पार्टीबाट निष्काशन गरेर कानुनी कारवाहीको निम्ति सिफारिस गर्न आवश्यक छ ।

## आदिवासी र जनजाति

कुनै पनि देशमा आदिवासी जनजाति मुद्दाको मूल प्रारूप मिल्दो जुल्दो किसिमको हुन्छ । आदिवासी जनजाति मुद्दा नेपालको मात्र नभएर विश्वव्यापीरूपमा व्याप्त

छ । मौलिक, आर्थिक, समाजिक, राजनीतिक र सांस्कृतिक अधिकारको प्राप्तिका निम्ति नेपालमा आदिवासी जनजातिले गरेको सङ्घर्षको इतिहास निकै लामो छ। पृथ्वी नारायण शाहले नेपालको एकीकरण गरेको समय अघिदेखि विश्वका तमाम ग्रन्थ र थुप्रै देशमा रहेको इतिहासमा नेपालका आदिवासी जनजातिबारे तमाम कथन र प्रमाण रहेका छन् । भूमिपुत्रका रूपमा रहेका आदिवासीहरू सभ्यताको चरमदेखि समाजमा न्याय र अधिकार खोज्ने अवस्था विश्वव्यापी रूपमा कसरी आयो त्यो समेत विचारणीय छ ।

नेपालमा जागरण र कर्तव्यले ओतप्रोत भएको आदिवासी जनजाति आन्दोलन पहिचान, अधिकार र पहुँचको आन्दोलन हो। मौलिक संस्कृति, मौलिक विचारहरू, मौलिक ज्ञान र प्रकृतिसँग जोडिएको जीवनशैलीलाई देश विकासको उपकरण र समृद्धिको कुन्जिमा जोड्न र सामाजिक आर्थिक अवसरप्राप्त गरेर राजनीतिक अधिकारका माध्यमले आफ्नो पहिचानसँग देशको पहिचान जोड्ने आन्दोलन नै नेपालमा आदिवासी जनजाति आन्दोलन हो । आजको युगमा विश्वका समृद्ध देशहरूसँग समेत नभएको ग्रामिण विकास र समृद्धिको मोडेल आदिवासी र जनजातिले लामो समयदेखि अभ्यास गरेकै जीवनशैलीसँग जोडिएको छ ।

कुनै पनि समुदायको ज्ञान, अभ्यास र अनुभवलाई समय अनुसार संरक्षण, सम्वर्द्धन र परिमार्जन गर्नु राज्यको परम कर्तव्य हो । यस सम्बन्धमा नेपालको आदिवासी र जनजाति मुद्दाको उठान निकै जबर्जस्त छ। नेपालमा सोह्रौं योजनाको तयारीको पुर्वसन्ध्यामा नवौं योजनादेखि आदिवासी तथा जनजातिहरूका लागि व्यवस्थित रूपमा विकास कार्यक्रम अघि बढाइए पनि त्यसले पूर्ण समाधान दिनसकेको छैन ।

नेपाली परिवेशमा हाम्रो समाजको अन्तर्द्वन्द्वको प्रकृति आफैँमा बहसको विषय हो। हाम्रो राजनीतिक आन्दोलन र सामाजिक आन्दोलनको मिलनबिन्दु थुप्रै छन् । नेपालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आफ्नै संस्कृति, भाषा, धर्म, रीतिरिवाज रहेको, लिखित वा अलिखित इतिहास रहेको, आफ्नै परम्परागत भौगोलिक क्षेत्र भएको, नेपालको राजनीति र शासनमा निर्णायक भूमिका नरहेको र चार वर्णको हिन्दू वर्णाश्रम भित्र नपर्ने समुदायलाई आदिवासी जनजाति मानेको छ। आदिवासी जनजाति वर्गीकारणमा थप सुचिकृत गर्ने वा नगर्ने बहस

समाजमा चलेको समयमा सूचीकरणमै रहेका आदीवासी जनजातिको मुद्दाको निर्क्योल गर्नु आजको आवश्यकता हो ।

नेपालमा आदिवासी जनजातिले राजनीतिक अधिकारको पक्षलाई भन्दा सांकृतिक पक्षलाई विशेष महत्त्व दिएका आफ्नै कारणहरू छन् र नेपालका राजनीतिक दलले राजनीतिक अधिकारको पक्षलाई सामाजिक पक्ष भन्दा बढी ग्राह्यता दिएको छ । नेपालमा आदिवासी जनजातिको प्राथमिक आवश्यकता र इच्छा भन्दा नेतृत्वले प्रदान गरेको राजनीतिक अधिकारका माध्यमले सामाजिक र सांकृतिक पहिचानको मार्ग कसरी प्रशस्त हुन्छ त्यसबारे अभिमुखीकरण नगरेको वा रोडम्यापै नभएको हो तर यो आजको आवश्यकता हो ।

संविधान निर्माण सकेर संघीयता कार्यान्वयनका चरणमा गएपछि देशभर प्रदेशको नामाङ्कनको बहस र सङ्घर्षहरू भए । थुप्रैले सहादत समेत प्राप्त गरे । कुन प्रदेशको नामकरणमा के के कुरालाई आधार बनाइयो त्यो प्रष्ट छ । थुप्रै आन्दोलनहरू भए तर सबैको न्यायोचित सम्बोधन हुन सकेन । नेपालको संविधान २०७२ मा कतै समावेशी, कतै समानुपातिक समावेशी त कतै समानुपातिक मात्रै लेखिएर वर्णन गरिएको आदिवासी जनजातिका मुद्दाका सबालमा समेत राष्ट्रिय सहमति र दलहरूको इमान्दारिता अपरिहार्य छ ।

राष्ट्रिय समावेशी आयोगले सबै समावेशी वर्गको प्रतिनिधित्व गर्नसक्नु पर्दथ्यो वा आदिवासी जनजाति आयोग जस्तै तमाम कल्स्टरका आयोग स्थापनाको अपरिहार्यता थियो वा थिएन त्यो भन्दा महत्त्वपूर्ण कुरा यी आयोगहरूले संविधानले आदिवासी जनजातिको उत्थानका निम्ति गरेको व्यवस्थाको कार्यान्वयन पाटो हो । देशको मानवीय पूँजी र सामाजिक पूँजीका रूपमा राष्ट्रको समृद्धिका निम्ति योगदान गरेका आदिबासी जनजातिलाई राज्यले थप स्नेह र ग्राह्यता सहित विकासको मुलधारमा ल्याउन आवश्यक छ । यसका लागि कांग्रेसले अहम भूमिका खेल्नु पर्नेछ । आदिवासी जनजाति आन्दोलन सांगठनिक रूपमा सिद्धान्तहीनता र व्यक्तिगत रूपमा अवसरवादको दोहोरो चेपुवामा परेको छ । वर्गीय मुद्दामा विकासोन्मुख मुलुकमा निकै धैर्यता र चातुर्य भएन भने मुद्दाको अडान र वजन कायम राख्न सकिँदैन ।

आदिवासी जनजातिले पहिचान सहितको संघीयता र संघीयतासहितको संविधान, पूर्ण समानुपातिक प्रतिनिधित्वको मुद्दा, पहिचान सहितको निर्वाचन क्षेत्र, जनजातिका

अधिकार, प्रदेशको सिमाङ्कन, समानुपातिक समावेशीकरण लगायतका मुद्दालाई संविधान निर्माणमा छुटेका विषयलाई थाति राखेर संविधानको सफल कार्यान्वयन हुनैसक्दैन । आजको समाजको बदलिदो परिवेश र आवश्यतालाई केन्द्रमा राखेर संविधानको प्रस्तावनाको मर्म र २०६२/६३ को जनआन्दोलनको भावना अनुसार राष्ट्रिय सहमति गरेर निकै संवेदनशील तवरले यी मुद्दाहरू उच्च प्राथमिकता सहित सम्बोधन गर्न आवश्यक छ ।

## सुकुम्बासी व्यवस्थापन

नेपालमा धेरै राजनीतिकरण भएको विषय मध्ये सुकुम्बासी समस्या एउटा हो । दर्जनौं आयोग बनेर हजारौंले राज्यको विभिन्न श्रेणीको तलब भत्ता र सुविधा लिएर नटुङ्गिएको सुकुम्बासी समस्याले युगानुकूल समाधान खोजेको छ । दोहोरो स्वामित्वको जग्गा अथवा अव्यव्यस्थित बसोबास र सुकुम्बासी समस्या नेपालको पुरानो समस्या हो । पछिल्लो पाँच दशकदेखि समाजको ठुलो सङ्ख्याले निश्चित जग्गामा आवास बनाएर बसेको छ । तर लालपूर्जा अथवा रातोपूर्जा राज्यले अझैसम्म दिन सकेको छैन ।

लामो समय अघि नै विभिन्न समस्याले बसाइँसराइ गरेका वा नगरेर झोरा फडानी गरी बसोबास गरेका जमिन जोतेका र जमिनमा उब्जाएर कमाइ गरेका, बस्ती बसालेकाहरूको जग्गा समेत अर्कैको नाममा लालपुर्जा बनेका तमाम समस्या उजागर भएका छन्। ् । राजनीतिक पहुँच, भुमाफिया र राज्य शक्तिको आडमा नक्कली मोही खडा हुने समस्या २०४१ पछाडि बढेका छन्। ् । पटक पटक विभिन्न जिल्लामा विभिन्न कालखण्डमा भएका तमाम सुकुम्बासी आन्दोलनमा थुप्रैले सहादत समेत प्राप्त गरेका छन् । इतिहासमा सुकुम्बासीको आन्दोलन र सडक सङ्घर्षलाई उजागर गर्न यसबारे बृहत खोज र अनुसन्धान हुन आवश्यक छ ।

विभिन्न नीतिगत तहमा पटकपटकको छलफल अनुसार कुनै पनि दाबी विरोध नभएको र हालसम्म भोगचलन गरिरहेको जग्गा धनीलाई स्वतः लालपूर्जा दिने व्यवस्था कायम गर्ने र सेतो पूर्जा भएकाहरूलाई रातो पूर्जा दिने व्यवस्था गरिने भनिएतापनि त्यसको कार्यान्वयन पक्ष निकै फितलो र शून्य प्रायः छ । केही

ठाउँमा चुनाव लक्षित गरेर दलित सुकुम्बासीलाई केही थान पुर्जा वितरण भएको छ तर समस्या समाधानको पक्षमा ठोस काम भने भएको छैन ।

वास्तविक पिडित छुट्टाउने र समस्याको समाधानको दिशामा अग्रसर हुनेभन्दा नक्कली सुकुम्बासी खडा गर्न राज्यसंयन्त्र लाग्ने जोखिम निरन्तर बढेको छ । सुकुम्बासी, भूमिहीन र लालपूर्जाविहिनसँग वित्तीय वा आर्थिक समृद्धिको अवसरका निम्ति धित्तो नरहेकाले यस समस्याले देशको समृद्धिमा समेत ढिलाई गरेको छ । यसले समाजमा धनी र गरिव बिचको सम्पत्ति असमानतालाई विकराल बनाएको छ । सुकुम्बासी भएको आधारमा भेदभावपूर्ण व्यवहार गरिने कुरा निकै अमानवीय छ । हरेक नागरिकले भूमि र छानोप्राप्त गर्नु नैसर्गिक अधिकार हो । आवास विहीन नेपाली नागरिकलाई उपयुक्त र सुरक्षित आवास सुविधा उपलब्ध गराउने कानुन कार्यान्वयनका राजनीतिक, प्राविधिक र आर्थिक जटिलतामा राष्ट्रिय सहमति अनिवार्य छ। कुनै दल विशेषले चाहेर मात्रै यो समस्याको सम्पूर्ण समाधान गर्न सकिने स्थिति छैन ।

आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकीकरण गरी आवास सुविधा उपलब्ध गराउन तीनै तहका सरकारको समुन्वयात्मक भूमिका र सहकार्यको अपरिहार्यता छ। आवासविहीन व्यक्तिलाई वित्तीय सहयोग उपलब्ध गराउन सक्ने कानुनी व्यवस्थाको समेत दुरूपयोग भएको छ । राष्ट्रनिर्माणका निम्ति गरिने पूर्वाधार लगानी र निर्माणका तमाम काममा सुकुम्बासी बस्ति हटाइएको छ । उचित सूचना, पूर्वतयारीको पर्याप्त समय र मुआवजा वा वैकल्पिक बसोबासको व्यवस्था बिना गरिने यस्तो काम सरासर अमानवीय हो । यस सम्बन्धमा मानव अधिकार हननको स्पष्ट लगत छैन ।

राज्यको आवश्यकता र बाध्यता भएका क्षेत्रमा सुकुम्बासीलाई वैकल्पिक व्यवस्थापन गर्न हाम्रो राज्य संयन्त्र इमान्दार भएर लाग्नुपर्ने छ । भूमि, भूमि अधिकार, भू-सम्बन्ध, भू-स्वामित्व र भूमिसुधार शब्द तथाकथित भूमिविज्ञ, अधिकारकर्मी, अध्येता, प्राज्ञ र नीति निर्माताहरूले आफ्नो अनुकूल प्रयोग गर्ने परिपाटीले समस्या बल्झिएको छ । भूमिहीन सुकुम्बासीको पहिचान गरी लगत लिने, जग्गा पहिचान गर्ने, स्थलगत अध्ययन गरी जग्गाको लगत लिने र

आवश्यक प्रमाण सङ्कलन गर्ने काममा नेपाली कांग्रेसले सर्वपक्षीय सहयोग, समन्वय र सहजीकरण गर्न नीतिगत व्यवस्था गर्नुपर्छ ।

समस्याको दीर्घकालीन समाधानको निम्ति अव्यवस्थित बसोबास, सुकुम्बासी र भूमिहीनतालाई आजको सन्दर्भमा बद्लिदो सामाजिक राजनीतिक परिप्रेक्षमा पुनर्व्याख्या आवश्यक छ । यसका निम्ति मानव विकास सूचकाङ्क, गरिबी र स्वामित्वमा रहेको जमिनको आकार आदि जस्ता प्राविधिक आधारहरूको प्रयोग गर्न सकिन्छ । भूमिहीनता र अव्यवस्थित बसोबास दुवै फरक समस्या हुन् र त्यही अनुरूप यसको प्राथमिकीकरण गर्नु सान्दर्भिक हुन्छ । श्रेणीगत दीर्घकालीन रणनीति अख्तियार गरेर यो दुवै समस्या निर्क्योल गर्न सकिन्छ । राज्यको समस्याको रूपमा रहेको अव्यवस्थित बसोबासलाई राज्यको जिम्मेवारीका रूपमा रहेको नागरिकको भूमिहीनतालाई एकै तराजुमा राख्नु न्यायोचित हुनसक्दैन । यसमा तीनै तहको सरकारको स्पष्ट कार्यक्षेत्र निर्धारण गरेर मात्रै समस्याको समाधानमा परिणाम हासिल गर्न सकिन्छ । सुकुम्बासीलाई वर्गीय समस्याका रूपमा मात्रै नहेरी राष्ट्रिय समस्याका रूपमा बुझ्न जरुरी छ ।

## मधेस

नेपालको संविधान (२०७२ निर्माण भएको ८ वर्ष भैसक्दा समेत नेपालमा मधेस र मधेसीका मुद्दा उठाउनुलाई नितान्त साम्प्रदायिकताको भावनाले हेर्ने र जोख्ने गरिएको छ । नेपालमा आज पनि कुन कुन समुदायलाई मधेसी वर्गीकरणमा राख्ने त्यसको ठोस निर्क्योल भैसकेको छैन । मधेसीको यथेष्ट र सर्वमान्य परिभाषा भैसकेको अवस्था छैन । मधेसभित्रै पहिचानको लडाइँ लडिरहेको अर्को मधेस छ । मधेसमा समेत दलित, अल्पसफ्यक र विपन्न वर्गहरूको समस्या विकराल अवस्थामा छ । मधेसको समग्र पहुँच, सशक्तीकरण र रूपान्तरणमा बहुआयामिक समस्या छन् र तीनको हल हुन सकेको छैन ।

मधेसमा पहिचानको मुद्दा लामो समयदेखि बहसको विषय बनेको छ । भूगोलका आधारमा नभई मधेसीको पहिचान नस्ल, पैतृक पहिचान र वंशानुगत आधारमा हुनुपर्ने एकथरीको माग छ र अर्कोथरीको माग पहिचानमा भूगोल नै प्रमुख आधार हुनुपर्ने माग छ । कमजोर आर्थिक हैसियत र गरिवीका आधारमा विपन्नको दर्जाको अर्को श्रेणीका रूपमा समेत दलितको पहिचान खोज्नेहरू समेत रहेका छन् । मधेसभित्र मधेसीहरूको पहुँच बढाउनका लागि नीति ल्याउन तथा राजनीतिमा

अपराध र अपराधमा राजनीति हुने अवस्था सुधार गर्न नेपालका सम्पूर्ण ठुला दल र मधेसका क्षेत्रीय दलहरू कटिबद्द हुन अपरिहार्य छ ।

वर्गीय चुनौतीका रूपमा मधेसभित्र धनी गरीब बिचको सम्बन्ध, जातीय समस्याको रूपमा ठुला जात, मध्यम जात र दलित समुदायबिचको सम्बन्ध र अन्तर सम्बन्ध, सामुदायिक समस्याका रूपमा थारु र मधेसीबिचको सम्बन्ध, सम्प्रदायिक समस्याका रूपमा पहाडे र मधेसीबिचको सम्बन्ध, लैङ्गिक समस्याका रूपमा महिला र पुरुषबिचको सम्बन्ध, भौगोलिक समस्याका रूपमा पूर्वी मधेस र पश्चिमी मधेसबिचको सम्बन्धले मधेसको सामाजिक चुनौती र बाधाहरूको बखान गर्दछ । सामाजिक सशक्तिकरणको खोजी राजनीतिक अधिकारको लडाई जत्तिनै संवेदनशील मुद्दाको रूपमा मधेसमा उभिएको छ ।

नीतिगत तहको मधेसमा रहेको जातीय, लैङ्गिक तथा अन्य विभेदका साथै विकासका विषयमा निर्मम समीक्षा र सुझबुझपूर्ण हस्तक्षेपको आवश्यकता बनिसकेको छ । नेपालको कूल भूभागको ६.५६ प्रतिशत अर्थात् ९,६६,१०० हेक्टर क्षेत्रफल रहेको मधेस जनघनत्वका हिसाबले यो पहिलो स्थानमा छ र भूगोलको हिसावले सबैभन्दा सानो प्रदेश छ । भारतसँग रोटी र बेटीको सम्बन्धको सबैभन्दा बढी अभ्यास समेत मधेसमा प्रचलनमा रहेकाले हाम्रो मित्र राष्ट्र भारतप्रतिको सम्बन्धका आयामले समेत मधेसको माहोलमा प्रभाव राख्दछ ।

मधेसमा महिला समानता, समान र सहभागिताको मुद्दा निकै गम्भीर छ । प्रहरीको तथ्याङ्कअनुसार गत पाँच वर्षमा ७४ र ७५ देखि ७९ असोजसम्ममा २३ हजार आठ सय ८२ महिला हिंसाका घटना मधेसमा मात्रै भएका छन् । प्रहरी र न्यायलयको पहुँच भन्दा पर रहेको हजारौं मधेसी महिलाहरूको अधिकार र सामाजिक आर्थिक अवस्था कहालीलाग्दो छ । राष्ट्रिय जनसाङ्खिकीय सर्वेक्षण २०२२ ले १५ देखि ४९ वर्षभित्रका महिलामा सर्वेक्षण गर्दा मधेसी समुदायका महिला बढी हिंसामा परेको तथ्य उजागर भएको छ । मधेसमा महिलामाथिको हिंसा घट्नुको सट्टा हिंसाले स्वरूप नै परिवर्तनको क्रम देखिन थालेको छ । पछिलल्लो समयमा दाइजो प्रथाले निम्त्याएका समस्याको समेत रूप परिवर्तन गरिएको छ । अहिले मधेसमा दाइजो नलिने तर मेहन्दी, हल्दीजस्ता कार्यक्रमको नाममा दाइजोको प्रतिस्थापन हुने गरी खर्च गराउने प्रवृत्ति नयाँ समस्याको

रूपमा बल्भिmएको छ । त्यस्तै घरेलु हिंसा, यौनहिंसा, डिजिटल हिंसा लगायत तमाम स्वरूपका महिला हिंसाको अवस्था दर्दनाक छ ।

मधेसको अर्को ज्वलन्त समस्या कुशासन र भ्रष्ट्राचार छ । विगत केही वर्ष यता स्थानीय र प्रदेश सरकारमा भ्रष्ट्राचारले विकराल रूप लिदै आएको छ । अक्तियार दुरूपयोग अनुसन्धान आयोगमा गत आर्थिक वर्षमा स्थानीय तहबाट ३३.१ प्रतिशत भ्रष्टाचारको उजुरी मध्ये २४.२५ प्रतिशत मधेसका आठ जिल्लाबाट उजुरी परेको अख्तियारको तथ्याङ्कमा उल्लेख छ । मधेसमा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणिकरण सम्बन्धमा समेत विकराल समस्या छ । त्यसको समाधानमा समेत नेतृत्वले गम्भीर हुन आवश्यक छ ।

नेपालको समकालीन समाजमा रहेको आय असन्तुलन, श्रम शोषण, छुवाछुत, जातिवाद, बेरोजगारी लगायत तमाम समस्याको मधेस संस्करण निकै चिन्ताजनक छ । मधेसका राजनीतिक मुद्दाहरूको बहसको तुलनामा मधेसको विकास र मधेसीको समृद्धिको मुद्दा ओभ्mेलमा परेको छ । मधेसले खोजेको दिगो विकास हासिल गर्न आवश्यक आर्थिक सशक्तीकरण सहित सामाजिक रूपान्तरणको स्पष्ट रोडम्याप नेपाली कांग्रेसले दिनसक्नुपर्छ । मधेसका मुद्दामा कांग्रेस जहिले निर्णायक शक्ति भएपनि त्यसको जस लिन नसकेको समस्याका कारण मधेसमा कांग्रेसप्रतिको सम्मान, बुभ्mाइ र अपनत्वमा ह्रास आएको छ । मधेसका मामिलामा नेपाली कांग्रेसले थप रणनीति अख्तियार गर्नु पर्नेछ ।

## दलित

सामन्ती श्रमशोषणमा आधारित विभेदबाट वर्गमुक्तिको आधार बनाएको दलित आन्दोलन आज ओभ्mेलमा परेको छ । दलितका समस्या र मुद्दा राजनीतिक पार्टी तथा नेतृत्वको उच्च प्राथमिकतामा परेको देखिँदैन । दलितको उत्थानको सवालमा भोट बैंकको मानसिकताले गिजोलिएको शासकीय मनोवृत्ति हावी भएका दलित र गैरदलित नेतृत्व दुवै चुकेको छ । स्थानीय निर्वाचनमा संविधानले गरेको दलित महिला सदस्यको अनिवार्य व्यवस्थामा मुलधारकै राजनीतिक दलहरूले सबै वडामा आफ्नो उम्मेदवार खडा गर्न पर्याप्त कोशिस नगरेकै कारण कतिपय वडामा दलित महिला सदस्यको पद रिक्त छ । वडास्तरमा संचाल नहुने बैठक र स्थानीय कार्यपालिका बैठकमा दलितको सहभागिता र भूमिका समेत न्यायोचित हुनसकेको छैन । यसले माथिल्लो तहमा शासन गर्नेको दलितप्रतिको

मनोवृत्त र गैरजिम्मेवारी उजागर गर्दछ । राज्यको नीतिनिर्माण, निर्णय प्रकृया र कार्यान्वयनको तहमा दलित प्रतिनिधित्वले आजको अवस्थाले मात्रात्मक र गुणात्मक प्रतिनिधित्व दुवैको सम्बोधन गर्न सक्तैन ।

दलितका सामाजिक र सांस्कृतिक समस्याको रूपमा रहेको शिक्षा क्षेत्रको बन्चितीकरण, दण्डहीनता,जातीय छुवाछुत र भेदभाव निर्मूलन गर्न राज्यले लिएका नीतिहरू पर्याप्त छैनन् । कम आय, गाँस, बाँस र कपासको अभाव, छुवाछुत तथा भेदभावबाट पिडित, सामाजिक कुसंस्कारबाट घृणित, मानव अधिकारबाट वन्चित, पहुँचका कमी, विपन्नता, अवसरबाट बन्चित रहेको ठुलो दलित तप्काको समस्या हो । दलहरू बिचको असमावेशीकरण, राज्य संयन्त्रको असमावेशीकरण, प्रशासनिक क्षेत्र भित्रको असमावेशीकरण विरुद्ध दलित आन्दोलन उठन गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

दलित उत्थानको सन्दर्भमा राज्यको भूमिका बढाउन राज्य सञ्चालनमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने दलहरूले उत्थान र समृद्धिको निम्ति ठोस कार्यक्रम तयार गर्न र राष्ट्रिय सहमति खडा गर्नुपर्छ। लोकतान्त्रिक समाजवादको अवधारणा बोकेको नेपालको सबैभन्दा ठुलो दल नेपाली कांग्रेसले विधानमा दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गरेको छ। देवव्रत परियार, धनमानसिंह परियार लगायतका नेताहरूलाई नेपाली कांग्रेसले केन्द्रीय नेतृत्वमा स्थापित गरेको थियो। वर्तमान पार्टी सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री भएका बेला दलित आयोग गठन गर्नुभएको थियो। २०७२ को संविधानलाई समावेशी बनाएर दलितको प्रतिनिधित्व सुनिश्चित गर्न नेपाली कांग्रेसको महत्त्वपूर्ण भूमिका रह्यो।

दलित अधिकारसम्बन्धी कानुनहरू बनाउने कुरामा संसादमा रहेका दल र सरकारले थप सक्रियता देखाउन आवश्यक छ । नेपालको संविधान २०७२ मा दलितका थोरैधेरै जे जति अधिकार स्थापित भएपनि त्यसको फितलो कार्यान्वयनको समस्या ज्वलन्त छ । दलित महिला, मधेसी दलित र विशेष रूपमा आर्थिक अवस्था नाजुक रहेका र लामो समय दलानमा रहेका सुदुर र कर्णाली लगायतका दलितको निम्ति थप सशक्तिकरण आवश्यक छ। पटक पटक विभिन्न बहाना गरेर दलित आयोग र आरक्षण माथि प्रहार गर्ने मनोवृत्ति बढेको छ। हरेक राजनीतिक दलले इमान्दार भएर समावेशिताको दुरूपयोग गरेको कुरा स्वीकार्नु पर्छ । त्यसको कुनै भरपाई हुनसक्ने अवस्था छैन । आज कुनै शीर्ष दलको शीर्ष नेतृत्वमा, प्रधानमन्त्रीको जिम्मेवारीमा र राष्ट्र प्रमुखको जिम्मेवारीमा

दलित नेतृत्व आउनसक्ने अवस्थाको सिर्जना नहुनुमा समावेशिताको दुरूपयोग, सत्ता केन्द्रित दलित आन्दोलन र भोट बैंकको दुषित राजनीति जिम्मेवार छ ।

नेपालमा राष्ट्रिय दलित आयोगका अनुसार दलित समुदायअन्तर्गत पहाडी र तराई गरी २ समुदायहरू रहेका छन् । पहाडी दलित ९७०, तराई दलित १९० गरी जम्मा २६ जाति दलित समुदाय भित्र रहेका छन् । आज आम नेपालीको औसत आयु ७१/७४ वर्ष छ तर दलित समुदायको औसत आयु कम छ ।

दलित उत्थानका सम्बन्धमा दलहरूले आफ्नो घोषणा पत्रको, जन आन्दोलन २०६२ र ६३ र नेपालको संविधान २०७२ को इमान्दार कार्यान्वयन गरिदिए समेत आमूल परिवर्तन हुने देखिन्छ । दलितका सवाल सामाजिक न्यायसँग मात्रै होइन कानुनको न्यायसँग समेत जोडिएका छन् । आज राजनीतिक समाधान बाहेक दलितले आर्थिक, कानुनी, सामाजिक र सांस्कृतिक समाधान खोजेको छ र त्यसको प्रत्याभूत गर्न ठोस नीति अवलम्बन गर्न नेपाली कांग्रेसले सक्नुपर्ने छ ।

नेपाली कांग्रेसले दलितलाई राजनीतिमा उचित प्रतिनिधित्व, निशुल्क गुणस्तरीय शिक्षा, निशुल्क गुणस्तरीय स्वास्थ्य सेवा, विकासमा दलित सहभागिता, समाजमा समाहितीकरण, अन्तरघुलन, न्यायमा सहज पहुँच स्थापना, हरेक सरकारमा सम्मानजनक सहभागिताको सुनिश्चितता, उद्यशीलता उन्मुख वित्तीय र आर्थिक सुविधामा सहुलियत सहितको व्यवस्था आदिको पक्षमा काम गर्नु आजको प्राथमिकता हो ।

## सामाजिक सुरक्षा

नेपालमा सामाजिक सुरक्षा समस्याहरूको समाधान गर्नका लागि सामाजिक सुरक्षाको विषय राजनीतिक दलहरूको प्राथमिकतामा पर्नु पर्नेछ । सामाजिक सुरक्षा गरिबी निवारण र सामाजिक विकासको मूलमन्त्र हो । सामाजिक सुरक्षाभित्र बेरोजगारी सुविधा, औषधोपचार सुविधा, बिरामी हुँदाको सुविधा, वृद्धावस्थाको सुविधा, काम गर्दा हुने दुर्घटना र चोटपटक बापतको सुविधा, परिवार तथा बालबच्चाको हेरविचार सुविधा, मातृत्व संरक्षण सुविधा, अशक्तताको सुविधा, आश्रित परिवारको हेरचाह, दुर्घटना, मृत्यु, बिरामी वा अशक्तताको अवस्थामा सहयोग आदि महत्त्वपूर्ण पाटाहरू रहेका छन् । नेपालको अर्थतन्त्रको ठुलो हिस्सा अनौपचारिक क्षेत्र रहेकाले सामाजिक सुरक्षाको दायरा नेपालमा सानो

छ । त्यसमा समेत औपचारिक अर्थतन्त्रमा संलग्न नागरिकको समेत सामाजिक सुरक्षाको लाभ लिन सकेका छैनन् ।

सामाजिक सुरक्षाको रूपमा नेपाल सरकारले गर्ने गरेका काम र नीति परिवर्तन गर्न आवश्यक छ । नेपालका तीनै तहका सरकारहरूले विभिन्न शीर्षकमा नगद सहायता, वृद्धभत्ता, एकल महिला भत्ता, अपाङ्ग भत्ता, प्राकृतिक प्रकोप राहत, सुत्केरी सहायता कार्यक्रम, सहिद परिवार निर्वाह भत्ता, भौगोलिक विकटता भएका ठाउँमा खाद्यान्न वितरण तथा ढुवानी, आयोडिनयुक्त नुनको वितरण, बालविकास र छात्रवृत्ति कार्यक्रम, निःशुल्क प्राथमिक उपचार, निःशुल्क प्रसूति सेवा, निःशुलल्क डायलाइसिस र क्यान्सरको उपचार, कर्मचारी सञ्चय कोष, उपदान, निवृत्तिभरण योजना, नागरिक लगानी कोष, कामदार तथा कर्मचारी बिमा एवम् दुर्घटना बिमा, भौतिक सम्पत्ति, सवारीसाधन बिमा, प्रधानमन्त्रि रोजगार, कर्णाली रोजगार योजना, युवा स्वरोजगार कार्यक्रम, सिप विकास तालिम, व्यवसाय सञ्चालनका लागि दिइने सहुलियत व्याजदरको ऋण, अन्य आर्थिक सहयोग कार्यक्रमसमेत रहेका छन् । यिनले नागरिक कल्याणमा ठोस भूमिका निर्वाह गर्न सकेको छैन । एकातिर राज्यको सम्पत्ति नाश भएको छ र अर्कोतर्फ नागरिकको जीवनमा कुनै फरक परेको छैन । राज्यले सामाजिक सुरक्षामा गरेको लगानी प्रतिफलमुखी, कल्याणकारी, वैज्ञानिक र पारदर्शी बनाउन नेपाली कांग्रेसले आफ्नो आन्तरिक नीतिमा जोड दिनुपर्नेछ। परिवारमैत्री सामाजिक सुरक्षाको बलियो आधार कसरी तयार पार्ने भन्नेमा नेपाली कांग्रेसको आगामी बहस केन्द्रित हुनुपर्छ ।

## ज्येष्ठ नागरिक

नेपालको जनसङ्ख्याको प्रवृत्तिलाई हेर्दा विगतका वर्षहरूमा भन्दा वर्तमान समयमा वृद्धहरूको जनसङ्ख्या क्रमिक रूपमा बढ्दो अवस्थामा छ । नेपालमा बुढ्यौली जनसङ्ख्या र वृद्ध हेरचाहका मुद्दाहरूलाई उच्च स्तरको प्राथमिकतामा राख्नुपर्ने आजको आवश्यकता छ । आजको सन्दर्भमा स्वास्थ्यप्रतिको चेतना, गुणस्तरीय जीवनयापन, पोषणयुक्त खाना, स्वास्थ सेवामा पहुँचका कारण बुढ्यौली वा ज्येष्ठ नागरिकको जनसङ्ख्या र दिनप्रतिदिन बढ्दो क्रममा छ । हाम्रो राज्यको अवधारणा अनुरूप वृद्ध भत्ता, सामाजिक सुरक्षा, स्वास्थ्य उपचार जस्ता कल्याणकारी व्यवस्था गरेको भए पनि बुढ्यौलीको अवस्थाका अग्रजहरूको मुद्दा समाधान भएको छैन । सक्रियरूपमा काममा सहभागी हुन नसके तापनि

उनीहरूले देखेका, भोगेका र सुनेका अनुभवको माध्यमबाट युवा पुस्ताले धेरै अनुभव लिन सक्छन् । समाजमा रहेको नीति र कार्यक्रमको संकट मेटाउन समेत ज्येष्ठ नागरकिकको भूमिका आवश्यक छ । नेपाली कांग्रेसले वृद्धहरूलाई उनीहरूको अवस्था अनुसार आयका अवसरहरू सिर्जना गरेर अर्थतन्त्रसँग जोड्न, वृद्धाश्रम, तीर्थाटन र वृद्धमैत्री पूर्वाधारको विकासको नीति लिन आवश्यक छ । नेपालमा कतिपय परिवारमा वृद्धहरूलाई हेरचाह गर्ने र सोधखोज गर्नेसम्म मान्छे नरहेको समाजको परिदृश्य छ । बुढ्यौली जनसङ्ख्या र वृद्ध हेरचाहका मुद्दाहरू राजनीतक दल र नीति निर्माण तहको प्राथमिकतामा पर्नुपर्ने आवश्यकताको पूर्ति नेपाली कांग्रेसले गर्नु पर्नेछ ।

## सम्मानित श्रम

हाम्रो समाजको अर्को ज्वलन्त समस्याका रूपमा हाम्रो श्रमप्रतिको गलत दृष्टिकोण छ । श्रम र श्रमिकलाई हेर्ने हाम्रो सामाजिक र मनोवैज्ञानिक दृष्टिकोण हाम्रो समृद्धिको बाधकको रूपमा छ । आज हाम्रो परम्परागत पेशा र स्वरोजगार विस्थापित हुने कुराको प्रमुख कारक भनेकै हाम्रो श्रमप्रतिको गलत दृष्टिकोण हो । आफूभन्दा फरक क्षमता र फरक काम गर्नेलाई कमसल ठान्ने, मौका पाएसम्म आफूभन्दा कमजोरलाई दबाउन खोज्ने र अरूको मूल्याङ्कन उसको सिप, कला, क्षमता र योग्यताको आधारमा नभई उसको आर्थिक अवस्थाको आधारमा गर्ने अमानवीय चरित्रलाई चरम पूँजीवादी चरित्रको रूपमा कुव्याख्या गरेर पूँजीवादी व्यवस्थाप्रति नकारात्मक दृष्टिकोण सिर्जना गर्न खोजिँदै छ । श्रमको गरिमा स्थापित गर्न ठोस रणनीति यथासिघ्र आवश्यक छ । श्रमको गरिमा समाजमा स्थापना गरेर मात्रै विकास र समृद्धिको कल्पनाले आकार प्राप्त गर्दछ ।

## ऋणात्मक जनसङ्ख्या

हाम्रो समाजको अर्को ज्वलन्त समस्याका रूपमा हाम्रो श्रमप्रतिको गलत दृष्टिकोण छ । श्रम र श्रमिकलाई हेर्ने हाम्रो सामाजिक र मनोवैज्ञानिक दृष्टिकोण हाम्रो समृद्धिको बाधकको रूपमा छ । आज हाम्रो परम्परागत पेशा र स्वरोजगार विस्थापित हुने कुराको प्रमुख कारक भनेकै हाम्रो श्रमप्रतिको गलत दृष्टिकोण हो । आफूभन्दा फरक क्षमता र फरक काम गर्नेलाई कमसल ठान्ने, मौका पाएसम्म आफूभन्दा कमजोरलाई दबाउन खोज्ने र अरूको मूल्याङ्कन उसको सिप, कला, क्षमता र योग्यताको आधारमा नभई उसको आर्थिक अवस्थाको आधारमा गर्ने अमानवीय चरित्रलाई चरम पूँजीवादी चरित्रको रूपमा कुव्याख्या गरेर पूँजीवादी

व्यवस्थाप्रति नकारात्मक दृष्टिकोण सिर्जना गर्न खोजिँदै छ । श्रमको गरिमा स्थापित गर्न ठोस रणनीति यथासिघ्र आवश्यक छ । श्रमको गरिमा समाजमा स्थापना गरेर मात्रै विकास र समृद्धिको कल्पनाले आकार प्राप्त गर्दछ ।

## गोपनियता

लोकतन्त्रको आधुनिक अभ्यासमा गोपनीयताको मुद्दा निकै महत्त्वपूर्ण छ । कुनै पनि व्यक्तिलाई व्यक्तिगत गोपनीयताको हक नेपालको संविधानले दिएको छ । नेपालको सामाजिक अवस्था र परिवेशका कारण गोपनीयताको हकको उपभोगमा परिवारभित्रै समस्या छ । नेपाली महिलाहरूले भोग्ने हिंसा मध्ये गोपनीयताको हकको हनन समेत छ। आजको विश्वव्यापीकरणको युगमा गोपनीयता अधिकारको साथसाथै एउटा महत्त्वपूर्ण संस्कारका रूपमा समेत छ । नेपालमा व्यक्तिगत गोपनीयताको अवधारणाको ज्ञान समाजलाई बुझाउन सक्नुपर्ने चुनौती हामी माझ छ । मानव अधिकारसँग जोडिएको यो अधिकारको राज्यले समेत हनन गरेको अवस्था छ । नागरिकको निजी जीवन र स्वतन्त्र अधिकारको उपभोग गर्ने क्रममा सार्वजनिक रेकर्डमा राखिएका विवरणहरू सुरक्षित नराखिएकाले नागरिकले राज्यनै गोपनीयताप्रति संवेदनशील नभएको बुझेका छन् । नेपालको सन्दर्भमा राज्यको गोपनियता कायम नभएका थुप्रै घटनाहरू उजागर भएका छन् । राज्यशक्तिको दुरूपयोग गर्ने दुषित प्रवृत्तिका कारण कतिपय सन्दर्भमा नागरिकको व्यक्तिगत गोपनियता भंग भएको छ । विभिन्न सामाजिक सञ्जाल कम्पनी, टेलिकम सेवा प्रदायक र निजी क्षेत्रलाई स्पष्ट कारण विना राज्यले हासिल गरेको नागरिकका सूचनाहरूले गोपनीयताको हकको हननको अवस्था प्रष्ट परेको छ । राज्यले देशको नीति र राष्ट्रिय सुरक्षासँग जोडिएका कुराहरूमा गोपनीयता कायम भएको छैन । आजको आधुनिक प्रविधिको योगमा गोपनीयता कायम राख्न थुप्रै चुनौती बढेका छन् र तिनको सामना गर्ने रणनीतिबारे नेपाली कांग्रेसले सक्रियता देखाउन आवश्यक छ । समग्रमा गोपनियताको हकका सवालमा नेपाली कांग्रेसले सचेत र जिम्मेवार रूपमा ठोस नीति अबलम्बन गर्न जरुरी छ ।

## मानव अधिकार

नेपालमा मानव अधिकार कार्यान्वयनको विषय निकै चिन्ताको विषयको रूपमा छ । लामो समयदेखि देशमा संक्रमणकालीन न्यायमा काम हुनसकेको छैन । देशले संविधान प्राप्त गरेपनि आर्थिक, सामाजिक र राजनीतिक स्थायित्व हासिल

गरेको छैन । महिला, बालबालिका र सीमान्तकृत समुदाय सबैभन्दा मानव अधिकार हननको समस्या भोगिन्छ। नेपालमा मानव अधिकार हननका घटनाहरू राजनीतिक र गैरराजनीतिक प्रकृतिका रहेका छन् ।

## न्यूनतम ज्याला

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम श्रमिकको मासिक पारिश्रमिक (तलव भत्ता सहित) १७ हजार ३ सय रूपैयाँ कायम गरेको छ। ब्रेन ड्रेनको एउटा प्रमुख कारक समेत न्यूनतम ज्याला छ। निजी क्षेत्रलाई नाफा कमाउने वातावरण सिर्जना गर्ने जिम्मेवारी नितान्त सरकारको हो र मजदुरको न्यूनतम ज्यालाको समेत न्यायोचित व्यवस्था कायम गराईदिने कर्तव्य सरकारकै हो । न्यूनतम ज्यालाले आजको दिनमा आधारभूत आवश्यकता समेत पूर्ति गर्नसक्ने अवस्था छैन । कलकारखानाका मजदुर, श्रमजीवी पत्रकार, ईन्जिनियर, डक्टर, नर्सलगायत हरेक श्रमजीवीको आफ्नो क्षेत्रको न्यूनतम ज्यालाबारे स्पष्ट मापदण्ड हुनुपर्छ र त्यसको कार्यान्वयन गर्नुपर्नेछ। न्यूनतम ज्यालालाई सम्मानित ज्याला बनाउन सकेमात्रै श्रमप्रतिको सम्मान स्थापित गर्न सकिन्छ । राजनीतिक दलहरूले र सरकारले न्यूनतम ज्यालाको मुद्दालाई प्राथमिकतामा राखेर समाधान गर्नु पर्छ।

## गैरआवासीय नेपाली

गैरआवासीय नेपालीहरूको राजनीतिक संरक्षण, सम्पत्ति व्यवस्थापन, समाजिक सङ्गठन, भाषा र सांस्कृतिक संरक्षण लगायतका सन्दर्भमा गम्भीर हुन आवश्यक छ। प्रवासी नेपालीलाई राज्य र दलहरूले हेर्ने दृष्टिकोण र व्यवहार गर्ने शैली परिवर्तन गर्न जरुरी छ। वी.पी. कोइरालाको भनाइ (आफू जन्मेको थातथालो वरण गर्ने सांस्कृतिक परिचय सामूहिक आधार नै राष्ट्रियता हो । राष्ट्रियता कुनै राज्यको राजनीतिक प्रणाली र भौगोलिक सीमाभित्र मात्र आवद्ध छ भन्ने हैन । जहाँ जुन रूपमा रहे पनि जसले आफ्नो पुर्खाहरूको भूमि र आफ्नो जन्मभूमिसहित आफ्नो सांस्कृतिक परिचय वरण गर्दछ र देश भक्तिको भावना राख्दछ, राष्ट्रियता त्यही रहनछ भन्ने कांग्रेसको दृष्टिकोण हो।

सरकारले गैरआवासीय नेपालीहरूको भाषा, सांस्कृतिक विरासत र सांस्कृतिक समृद्धिको लागि नीति र कार्यक्रम तर्जुमा गर्न सकेको छैन । गैरआवासीय नेपालीहरूको आफ्नो जन्मभूमि र सांस्कृतिक धरोहरको संरक्षण र विकासमा सहायता पुऱ्याउने चाहानाको सम्बोधन गर्नेगरी थुप्रै कानुन निर्माण गर्न बाँकी छ।

गैरआवासीय नेपाली नागरिकता, लगानी, वैदेशिक रोजगार, नेपालको पूर्वाधार विकास लगायतका विषयमा उनीहरूको भूमिका बढाउने नीति नेपाली कांग्रेसले लिनुपर्नेछ । गैरआवासीय नेपाली सम्बन्धी ऐन तथा नियमावली, विदेशी लगानी प्रविधि हस्तान्तरण ऐन तथा नियमावलीमा रहेको द्विविधालाई हटाउन नेपाली कांग्रेसमा गम्भीर विमर्श गर्न आवश्यक छ । गैरआवासीय नेपालीहरूको सशक्त उपस्थिति रहेका देशहरूमा नेपाली दूतावास तथा कुटनीतिक नियोग स्थापनाको लागि पहल गर्न नेपाली कांग्रेसले लिने परराष्ट्र नीतिको प्राथमिकतामा पर्नुपर्नेछ । विदेशबाट फर्किएका नेपालीका सन्दर्भमा राज्यले निर्वाह गर्नुपर्ने भूमिका र दलहरूको भूमिकाका बारेमा समेत व्यापक छलफल र ठोस नीति अभाव छ । त्यसको निम्ति समेत नेपाली कांग्रेसको अग्रसरता गैरआवासीय नेपाली समुदायले खोजेको छ ।

नेपालको वैदेशिक मुद्रा सञ्चितिमा सङ्कुचन देखा परेको समयमा नेपाली कांग्रेसले गैरआवासीय नेपालीहरूलाई आह्वान गरेर र नीतितहमा कानुनी बाधाहरू फुकालेर डलर लगानी र सञ्चितिमा आमूल रूपान्तरण गर्न सक्दछ । त्यसतर्फ समेत नेपाली कांग्रेसले ध्यान दिन आवश्यक छ । प्रवासमा रहेका नेपालीहरूले सामना गरिरहेको विश्व राजनीतिको असर र विभिन्न ठाउँका उत्पन्न भएका प्राकृतिक विपदाहरूमा नेपाली नागरिकको जीवनरक्षा र उद्दारका सन्दर्भमा नेपाली कांग्रेसभित्र यथेष्ट नीति आवश्यक छ ।

विश्वका दुई ठुलो जनसङ्ख्या भएका छिमेकीहरूसँग मैत्रीपूर्ण असल सम्बन्ध कायम गरेर र विश्वका मित्रराष्ट्रहरू थप सम्बन्ध प्रगाढ गरेर नेपालको पर्यटनप्रति आकर्षित गर्ने साथै विदेश स्थित जनसम्पर्क समिति र NRNA लाई पर्यटन विकासका लागि समन्वय गर्ने ।

## खेलकुद, खेलाडी र पूर्वाधार

नेपालमा खेलकुद, खेलाडी र खेल पूर्वाधारका सन्दर्भमा आवश्यक नीति तथा पूर्वाधार निर्माणका योजना बारे पछिल्लो समय समाजमा बहस बढेको छ । सात दशक लामो अन्तर्राष्ट्रिय खेल इतिहासमा नेपालले ठुलो सफलता पाउन सकेको छैन । ठुला अन्तर्राष्ट्रिय सफलताका लागि चरणबद्ध तयारी र लगानीको अवधारणा विकास गर्न आवश्यक छ । नेपालमा स्पोर्ट कल्चर (खेल संकृति) विकास गर्न आवश्यक छ । राष्ट्रियता प्रवर्धन र कुटनीतिक लाभका निम्ति समेत यो क्षेत्रको विकास आवश्यक छ । नेपाली खेलाडीहरूलाई उच्च स्तरको प्रशिक्षण

तथा स्वास्थ्य सुविधा प्रदान गर्ने, सामाजमा उनीहरूको योगदानको उचित सम्मान स्थापित गर्ने, आर्थिक अभाव पूर्ति गर्ने र क्षमता विकासका बहुआयामिक पाटाहरूको उचित सम्बोधन गर्ने नीति लिएर नेपाली कांग्रेस खेलकुद विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ ।

विश्वका विभिन्न देशहरूमा खेलकुद क्षेत्रले देशको अर्थतन्त्रमा राम्रो योगदान दिनेगरेको हामीले देखेका छौं । यो पाटोमा नेपालमा खेलकुदमा आधारित अर्थतन्त्रको मोडेल निर्माणमा बहस आवश्यक छ । हाम्रो परराष्ट्र अभ्यासमा खेल कूटनीति प्रयोग गर्न हामीले सकेका छैनौं । राष्ट्रका निम्ति बहुमूल्य समय दिनेगरेका खेलाडीहरूलाई आर्थिक न्याय समेत गर्न नीतिगत व्यवस्था आवश्यक छ । नेपालमा विभिन्न खेल प्रतियोगिताहरू राज्यस्तरबाट हुनेगरेका छन् र तिनमा राज्यको लगानीको ठोस प्रतिफल देखिएको छ। आजको समयमा इ-स्पोर्ट (E-sports) सम्बन्धी नेपालले नीति लिन सकेको छैन । नेपाल सरकारले खेलमा दिगो लगानी गरेर पदकका लागि खेलाडी योग्य बनाउने भन्दा पदक जितेपछि पुरस्कार दिने घोषणा गर्ने र त्यसको समेत पूर्ति नगर्ने विकृति बढेको छ। बाल अवस्थादेखिनै खेलमा लगानी गर्ने परिपाटी सिर्जना गर्न खेलकुदमा संरचनागत सुधार आवश्यक छ। इतिहास पुस्तान्तरण र ज्ञान हस्तान्तरण हुन नसक्नु नेपाली खेलकुदको अर्को समस्या छ । पूर्वाधारको वर्गीकरण, विद्यालय मार्फत खेलकुद विकास, खेलकुदमा निजी क्षेत्रको सहभागिता, राज्यको खेलकुदमा लगानी र तीनैतहका सरकारको समुन्वयनका निम्ति नेपाली कांग्रेसले आफ्नो नीतिमार्फत खेलजगतमा आशा सञ्चार गर्नसक्नु पर्नेछ ।

## सीमान्तकृतलाई न्याय

नेपालमा समावेशीताको सिद्धान्त सकारात्मक विभेदको नीतिमा आधारित भएर महिला, मधेसी, सीमान्तकृत, विपन्न वर्गको उत्थानको प्रारम्भ भएको छ । आजको परिवेशमा यी वर्गले भोगेका ऐतिहासिक अन्यायको पूर्ण र इमान्दार स्वीकारोक्ति भैसकेको अवस्था छैन । सुधारको प्रारम्भको बिन्दु स्वीकारोक्ति हो । महिला, मधेसी, र अल्पसंख्यकहरूको ऐतिहासिक अन्यायलाई समाधान गर्नका लागि तमाम बाधा रहेका छन् । सहभागिता र समानताको अभाव, सामाजिक संरचना र सांस्कृतिक परम्पराहरूको प्रभाव, न्याय प्रणालीको अभाव, राजनीतिक अस्थिरता र ऐतिहासिक अनुसन्धान र इतिहासको समीक्षाको अभावलाई परिपूर्ति गर्न हाम्रो संविधानले गरेको व्यवस्था कार्यन्वयनको पाटोनै मुलभूत सरोकारको

विषय हो। समाजको हरेक वर्ग, समुदाय र शक्तिहरू एकजुट भएर मात्रै यी तमाम विभेदका घाउका खतहरू पुर्ने वातावरण बन्दछ। राज्यले मात्रै संवेदनशील बनेर वर्गीय उत्थानको लक्ष्य पूर्णरूपमा हासिल हुँदैन । यसका साझेदार राज्यभित्र रहेका समस्त नागरिक र शासनतन्त्र हुन । मूलभूत रूपमा समानता, न्याय, र सहभागिताको वर्गीय मुद्दामा सबैको सहयोग प्राप्तहुने किसिममा कार्यक्रम र नीतिहरू अबलम्बन गर्नु नेपाली कांग्रेसको आवश्यकता हो । नेपाली कांग्रेसले विभिन्न समुदायहरूको सांस्कृतिक, ऐतिहासिक, र सामाजिक पहिचान बढाउने कार्यक्रमलाई आत्मसात गर्नसक्नुपर्छ । पार्टी संयन्त्रभित्र सामाजिक न्यायको निम्ति काम गर्ने हाम्रा संयन्त्रको प्रभावकारितानै यसको मूल समाधान हो ।

## सांस्कृतिक जागरण र चेतना

नेपालको परिवेशमा बौद्धिक जागरणको हिस्सा रहेको सांस्कृतिक जागरण र चेतनाका मुद्दा अत्यन्त महत्त्वपूर्ण छन्। यसले हाम्रो समाजमा सांस्कृतिक धरोहर, परम्परा, भाषा, विरासत र अन्य सांस्कृतिक पहिचानको महत्त्व रक्षा गर्ने र पुरातन सांस्कृतिक प्रथाहरूलाई नयाँ समयमा रूपान्तरण गर्ने भूमिका निर्वाह गर्दछ । सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक विकासमा सांस्कृतिक जागरण र चेतनाका अपरिहार्य छ । नेपाली कांग्रेसका संस्थापक विपी कोइरालाले आफ्नो समयमा समाजमा सांस्कृतिक जागरण र चेतनाका बहुआयामिक पाटाहरूमा आफैँले राजनीति र साहित्यका माध्यमले योगदान दिनुभएको थियो ।

सांस्कृतिक जागरण र चेतनाका मुद्दामा जातीय र सामाजिक विभेद, परम्परागत धार्मिक विश्वासहरूको प्रभाव, राजनीतिक नीतिहरू अभाव, शिक्षा र सामाजिक प्रतिष्ठाको अवस्था आदिका कारण अवसर सिर्जना गर्ने कुरामा समस्या देखिएको छ ।

स्थानीय सांस्कृतिक पहिचानको प्रवर्धन, सांस्कृतिक संस्थाहरूको विकास, संरक्षण र प्रचारलाई बढावा दिने नीति निर्माण, सांस्कृतिक पर्यटनको प्रोत्साहन, सांस्कृतिक उत्सव र कार्यक्रमको विकास, भाषाको संरक्षण र प्रोत्साहन आदिको नीति नेपाली कांग्रेसले अबलम्बन गरेर नेपालको सांस्कृतिक जागरण र चेतनाको विकास र नेपालको समृद्धिमा थप भूमिका निर्वाह गर्न आवश्यक छ ।

## कला, साहित्य र मनोरञ्जन

नेपालमा कला, साहित्य र मनोरन्जन क्षेत्रमा थुप्रै नीतिगत पहल र सुधारहरू आवश्यक छ। साहित्यिक सृजनात्मकता र संरक्षणको क्षेत्रमा राजनीतिक दलहरू र नीतिनिर्माताको थप भूमिकाको आवश्यकता छ । राजनीतिक परिवर्तनको इतिहासमा कला र संस्कृतिको अतुलनीय योगदान छ । साहित्य, चलचित्र र कलाको क्षेत्रमा समृद्धिको अपार सम्भावनालाई यथार्थमा रूपान्तरण गर्न नेपाली कांग्रेसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। नेपालमा कला, साहित्य र मनोरन्जन क्षेत्रका विकासका लागि आवश्यक राजनीतिक र नीति सुधारको पक्षामा नेपाली कांग्रेसले थप गृहकार्य गरेर आफ्ना नीतिहरूमा साहित्यिक सृजनात्मकता र संरक्षणको लागि साहित्य पुरस्कार स्थायी साहित्यिक संस्थानहरूको उत्थान र प्रोत्साहनको व्यवस्था गर्नुपर्नेछ। कला र संस्कृतिको सुदृढ विकास गर्नका लागि कला र संस्कृति क्षेत्रका थुप्रै साझेदार संस्थाहरूलाई नवीनतम प्रयोगको प्रोत्सहान गर्नुपर्नेछ। प्रतिभा विकासका कार्यक्रमहरू मार्फत यो क्षेत्रको आकर्षण बढाउन निकै ठुलो काम गर्न आवश्यक छ । नेपाली कला, साहित्य र मनोरन्जनलाई विश्वस्तरीय पहुँच गराउन लगानी बढाउने र कलाकर्मीको आर्थिक क्षमता सुधारको नीति आवश्यक छ। हरेक स्थानीयतहमा डिजिटल संग्राहलय (Digital Archive) राख्ने व्यवस्था गरेर सर्जकका सिर्जनाहरू संग्रहित गर्नुपर्ने व्यवस्था गर्नु आवश्यक छ।

## सांस्कृतिक योगदानको संरक्षण

सांस्कृतिक विविधता आफैँमा खुल्ला अवधारणाको रूपमा स्थापित छ । यसका विभिन्न पाटाहरूमा विविध ज्ञान, विश्वास, कला, परम्परा, धर्म, भाषा, परम्परागत सिप, इतिहास, साहित्य, भाषा, लिपी आदि रहेका छन् । राष्ट्र निर्माणको महायज्ञमा सांस्कृतिक योगदानहरूको ठुलो भूमिका छ । आफ्नो समुदाय र पहिचान झल्किने सांस्कृतिक योगदानलाई राज्यले चिनेर, बुझेर त्यसलाई सम्मानजनक मान्यता दिनेकुराले विभिन्न नेपाली समुदायले देशको संस्कृतिक सम्पतिमा गरेको योगदानको स्वीकारोक्ति हो । सरकारले सांस्कृतिक धरोहरको संरक्षणमा विभेद गर्न मिल्दैन । संकृतिको सामाजिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका हुन्छ। संकृतिको पहिचान र संरक्षणले समाज रूपान्तरण र आर्थिक उपार्जनमा समेत टेवा पुऱ्याउने भएकाले यस विषयप्रति नेपाली कांग्रेस संवेदनशील हुनजरुरी छ। अधिकांश सांस्कृतिक योगदानहरू स्थानीय स्तरमा हुने

भएकाले त्यसको पहिचानको पाटोमा नेपाली कांग्रेसले आफ्नो स्थानीय संयन्त्र परिचालन गर्ने नीति धारण गर्नु उपयुक्त हुन्छ । अल्पसंख्यक समुदायहरूको सांस्कृतिक धरोहरको र सांस्कृतिक योगदानका विषयमा नेपाली कांग्रेसले लिने नीतिले पार्टीको समुदायप्रतिको विश्वास बढाउने छ र समृद्धिका थप पूर्वाधार प्राप्त हुनेछ ।

## सुशासन

### डिजिटल डेमोक्रेसी

होम डेलिभरी सहितको सेवाको अवधारणा सरकारको विकसित अवधारणाका रूपमा छ । लोकतन्त्रका सम्पूर्ण स्तम्भहरूलाई सम्बर्धन र प्रबर्धन गर्न युगानुकूल प्रविधिको विकास अपरिहार्य छ । इन्टरनेट र प्रविधिका माध्यमले नागरिक सहभागितालाई लोकतन्त्रसँग जोड्न आवश्यक रहेका सम्पूर्ण पूर्वशर्तको पूर्ति गर्न आवश्यक छ । डिजिटल लोकतन्त्रका आधार तय गरेर विद्युतीय शासनमा जानु पर्नेछ । आज विश्वका थुप्रै देशहरूले लोकतन्त्रसँग जोडिएका पाटाहरूमा संचेत र संवेदनशील नभएरै विद्युतीय शासनमा प्रवेश गर्दा थुप्रैकुराहरूमा समस्या देखिएको छ । डिजिटल युगको लोकतन्त्रलाई डिजिटल पूर्वाधार खडा गरेर त्यसको अभ्यासमा सरकार र नागरिकलाई जोड्ने र चुनौतीहरूको समीक्षा गर्नुपर्ने कुरामा नेपाली कांग्रेस सचेत हुन जरुरी छ ।

### सूचनाको हकको कार्यान्वयन

नेपालले विश्वव्यापी मान्यता अनुसार सूचनाको हकको व्यवस्था गरेको छ तर यसको कार्यान्वयन पक्ष भने सन्तोषजनक छैन । सूचना सम्बन्धी हकको कार्यान्वयन, संरक्षण, सम्वर्द्धन र अभ्यास गराउने दायित्व राष्ट्रिय सूचना आयोगको छ । नेपाली नागरिकमा सूचनाको हकको बारेमा प्रयाप्त अभिमुखीकरण र सरकारका आफ्नो अटेरीपनका कारण जनउत्तरदायी सरकार निर्माण गर्न, विधिको शासन कायम गर्न, सेवाग्राहीको काम गुणस्तरिय ढङ्गबाट छिटोछरितो रूपमा सम्पन्न गर्न, भ्रष्टचार नियन्त्रण गर्न, सुशासन कायम गर्न सूचनाको हकले योगदान गर्न पाएको छैन । प्रायजसो सार्वजनिक संस्था तथा निकायमा भने जनताले कानुनले दिएको अधिकार अनुरूपको सूचना पाउन सकिरहेको अवस्था छैन । सूचना माग गरेको खण्डमा सूचना अधिकारी तथा त्यससँग सम्बन्धित कर्मचारीले आलटाल गर्ने र प्रक्रिया मिलेन भनेर टार्ने प्रवृत्ति छ । सार्वजनिक निकायहरूमा हामीले पाउनुपर्ने सूचनाहरू अझै पनि व्यवस्थित र वैज्ञानिक

बन्न सकेका छैनन् । सूचनाको युगमा सूचनाको हकको पूर्ण कार्यान्वयन गर्न राजनीतिक तथा प्रशासनिक क्षेत्रको पूर्ण प्रतिवद्धता आवश्यकता पर्नेछ । नेपाली कांग्रेसको नेतृत्वतहमा समेत सूचनाको अपारदर्शिताको समस्या देखिएको छ । यस सम्बन्धमा पार्टी भित्र र बाहिर सूचनाको पारदर्शिताको पक्षामा ठोस काम गर्नुपर्ने आवश्यकता छ । सूचनाको हक सम्बन्धी नागरिक चेतना वृद्धिका निम्ति नेपाली कांग्रेस मातहतका संयन्त्रको प्रयोग गर्नु पर्नेछ ।

## नागरिक समाजको भूमिका

नेपालमा २०१५ साल देखि २०६२ र ६३ सम्मको राजनैतिक परिवर्तनका आन्दोलनहरूमा नागरिक समाजको अग्रपङ्क्तिमा भूमि रहेको कुरा यथार्थ नै हो । कसैको दबाबमा नआई साझा स्वार्थ, उद्देश्य र मान्यता बोकेका व्यक्तिहरूको निश्चित सामूहिक प्रयत्नको समूहनै नागरिक समाज हो । नेपालमा नागरिक समाजले समाज र देशको विकासमा महत्त्वपूर्ण योगदान पुर्याएको छ । नागरिक समाजले समाजमा सामाजिक, राजनीतिक, आर्थिक, र सांस्कृतिक विभेदहरू समाप्त गर्न सहयोग पुर्याउँछ । समाजको संरचना फेरिएको छ । सारभूत मुद्दा र प्राथमिकता फेरिएको छ । समाजको प्रतिनिधित्व विविधताले स्थान पाएको छ । नागरिक समाजको आफ्नो छुट्टै दर्शन र आयाम छ । सत्ता, प्रतिपक्ष र नागरिक समाज राजनीतिका तीन फरक पाटाहुन । नेपाली राजनीतिमा दलहरू हुन् वा सञ्चारकर्मी सत्ता र प्रतिपक्षको विचार संस्करणलाई मात्रै समेट्ने परिपाटी गलत छ ।

नेपाली कांग्रेसले नागरिक समाजसँग थप सरोकार राख्ने र कुनै पनि नीतिगत निर्णयमा नागरिक समाजको राय लिने व्यवस्थाको सुनिश्चता गर्नुपर्छ । पछिल्लो समय नेपाली कांग्रेसका तमाम कुराहरूमा नागरिक समाजले आफ्नो सहभागिता देख्न सकेको छैन ।

नागरिक समाजलाई थप जिम्मेवार बनाएर समाजको विकास र परिवर्तनमा जोड्ने गम्भीर जिम्मेवारी नेपाली कांग्रेसकै हो । लोकतन्त्र अभ्यास गर्ने दलले नागरिक समाजसँग सबैभन्दा बढी सहकार्य गरेर एक अर्कालाई झकझक्याउने र परिपूरक बन्ने अवस्था निर्माण गर्न जरुरी छ । शक्ति सन्तुलनको आफ्नो भूमिका नागरिक समाजले निर्वाह गर्न पाउनु पर्छ र त्यसको वातावरण निर्माण नेपाली कांग्रेसले गर्ने हो ।

## नागरिक सहभागिता

लोकतन्त्रको मूलमर्म भनेको नागरिकको सहभागितासँग जोडिएको छ । देश विकासका बहुआयामिक पक्ष पूर्वाधार विकास, सुशासन, नीति निर्माण, सामाजिक गतिविधि, आर्थिक गतिविधि, राज्यको शासन प्रशासन, आदिमा नागरिकको अधिकतम सहभागिताको सुनिश्चितता गर्न नेपाली कांग्रेसले नागरिक सहभागिताका आयामहरूलाई फराकिलो पार्ने नीति अबलम्बन गर्न आवश्यक छ । नेपालमा जनताका निम्ति बन्ने कानुन, ऐन, नीति ईत्यादिको निर्माण प्रक्रियामा नागरिकको सहभागिता समेट्न ठोस प्रयास भएका छैनन । नेपालको सबैभन्दा ठुलो र पुरानो लोकतान्त्रिक दलका रूपमा यस विषयमा नेपाली कांग्रेसले आफ्ना नीतिहरू, विधानहरू र गतिविधिहरू नागरिक स्तरमा सहभागिता सुनिश्चित गर्नेगरी हुनुपर्नेछ । नेपाली कांग्रेसका हरेक कार्यक्रम र गतिविधिहरू नागरिकको कल्याणकै निम्ति हुनेभएकाले नागरिकलाई स्वामित्व आभास गराउने कुरातर्फ सचेत हुन जरुरी छ ।

## संस्थागत सुशासन र सामाजिक उत्तरदायित्व

नेपालमा संस्थागत सुशासन र सामाजिक उत्तरदायित्व मुद्दाहरूलाई राजनीतिक दलहरूले प्राथमिकतामा राख्नसकेका छैनन् । निजी क्षेत्रको संस्थागत सुशासनको अवधारणाले कम्पनी वा उद्दम सञ्चालन प्रबन्धनमा पारदर्शिता, निष्पक्षता, उत्कृष्टता, तथा स्वामित्वको संरक्षणका लागि महत्त्वपूर्ण छ । यसले सार्वजनिक कम्पनीहरूको नियमनको बलियो आधार तय गर्छ र प्रतिस्पर्धात्मक अवस्थाको सिर्जना गर्दछ । सामाजिक उत्तरदायित्व सम्बन्धी कानुनी व्यवस्था रहेपनि त्यसको कार्यान्वयनमा समस्या देखिएको छ ।

## मानव बेचबिखन

नेपालमा मावन बेचबिखन विरुद्धको अभियानका तीन दशक बितिसक्दा पनि नेपालमा मानव बेचबिखनलाई निर्मूल तथा निराकरण गर्न हामीले सकेका छैनौं । विभिन्न अध्ययन अनुसन्धानहरूले नेपालमा वार्षिक हजारौं महिला र बालबालिका तथा पुरुषको बेचबिखन भइरहेको देखाएको छ । नेपाल सरकारले मानव बेचबिखन उन्मूलनका लागि न्यूनतम मापदण्ड पूर्ति गरेको छैन । पछिल्लो समय मानव बेचबिखनका लागि नयाँ मार्ग र गन्तव्यहरूको प्रयोग हुन थालेको छ । आधुनिक प्रविधि र सामाजिक सञ्जालको समेत प्रयोग हुने भएकाले मानव बिचबिखन नियन्त्रणमा चुनौती थपिएका छन् । नेपालमा पुरुष बेचबिखनका

पीडित र अन्तरदेशीय श्रम बेचबिखनका पीडितलाई पहिचान र संरक्षण गर्ने रणनीति आवश्यक छ। महिला बेचबिखनमा सरकारले नियन्त्रण र सूचनासंयन्त्र निर्माण गरेपनि त्यो प्रयाप्त छैन । नेपालमा पछिल्लो समयका धटनाक्रमले राज्यकै कर्मचारीको मिलेमतोमा मानव बेचबिखन भएको देखिएको छ। यसले थप चिन्ता निम्त्याएको छ । वैदेशिक रोजगार सम्बन्धी नीतिगत समस्याका कारण नेपाल मानव बेचबिखनको उच्च जोखिममा परेको छ। गरिबी, आर्थिक असमानता, अशिक्षा, सामाजिक र सांस्कृतिक बन्धन आदिका समस्यासँग सामना गर्ने नीति अख्तियार गरेर मात्रै मानव बेचबिखनको समस्यालाई न्यूनीकरण गर्न सकिन्छ। नेपाली कांग्रेसले समाज, सरकार, गैरसरकारी संस्थाहरू, र अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गरेर मानव बेचबिखन रोक्न शिक्षा, सामाजिक न्याय, कानुनी पहुँचको वृद्दि, आर्थिक सशक्तिकरण र संविधानको कार्यान्वयन गर्न नीति निर्माण गर्नु पर्नेछ।

## सार्वजनिक खर्च व्यवस्थापन

नेपालको सार्वजनिक खर्च व्यवस्थापनमा निकै ठुलो समस्या देखिएको छ । वैदेशिक सहयोग राज्य प्रणालीभन्दा बाहिरबाटै खर्च हुने प्रवृत्ति, कमजोर आर्थिक तथा वित्तीय अनुशासन, निजामति प्रशासनको सामान्य दक्षता, साधारण खर्चमा वृद्धि, कमजोर वित्त संरचना, बजेट कार्यान्वयनमा समस्या, कमजोर आर्थिक सुशासन, सार्वजनिक ऋणमा बृद्धि, कार्यक्रम र आयोजनाको निर्माण तथा संरक्षणमा समस्या, आयोजना लगानी व्यवस्थापन, स्रोत निर्धारणका समस्या, गैर बजेटरी खर्चमा वृद्धि लगायतका समस्या सार्वजनिक खर्च व्यवस्थापनका समस्या हुन् र यी समस्याको समाधान समृद्धिको अभियानको पूर्वशर्त हो । यस सन्दर्भमा सार्वजनिक खर्चका आधारहरू, सार्वजनिक खरिद नीतिको सुधार, लागत अनुमानमा इमान्दारी, वैज्ञानिक बजेटको वर्गीकरण, व्यवस्थापन नियन्त्रण, खरिद प्रक्रियाको मूल्याङ्कन, प्राविधिक परीक्षण, अनुगमन तथा मूल्याङ्कन, दोहोरो लेखा परीक्षण, सूचना प्रविधिको प्रयोग आदि जस्ता प्रभावकारी खर्च व्यवस्थापनका उपकरण प्रयोग गर्नु आवश्यक छ । नेपाली कांग्रेसले यस सम्बन्धमा नीतिगत अभाव के कति छ र त्यसको ठोस उपाय के हुन्छ विमर्श गरेर समाधान निकाल्न सके सुशासनको अभियानमा थप प्रभावकारिता हासिल हुनेछ। सार्वजनिक खर्च व्यवस्थापनमा नेपाल सरकारको निरन्तरको असफलताले

हाम्रो पुर्वाधार विकासलाई असर पारेको छ । विकास बजेटको मात्रा र आकार बढाउन सार्वजनिक खर्च व्यवस्थापनका सन्दर्भमा नीति आवश्यक छ ।

## सीमा व्यवस्थापन

नेपालले चीन र भारतसँगको सिमामा आफूले कुनै भौतिक पर्खाल लगाएको छैन । दुवै देशका नागरिक नेपाल आउन चाहेको खण्डमा नेपाल प्रवेशमा कुनै समस्या छैन । भारत र चीन दुवै सीमामा बस्ने नेपाली नागरिकले भोग्ने गरेका थुप्रै समस्याहरू समाधान गर्न राष्ट्रिय सुरक्षा र संप्रभुतासँग जोडिएको छ । सिमाबासी सबैको आर्थिक अवस्था सबल भई आत्मनिर्भर हुने अवस्थामा मात्रै सिमानामा राष्ट्रियता दिगो समयसम्म अटल रहन्छ । नेपालका सँगै छिमेकी देशहरूको सीमा सुरक्षा सम्वेदनशीलतामा हामीपनि गम्भीर हुनुपर्नेछ । हाम्रा छिमेकी मित्रराष्ट्रहरूलाई नेपालको सीमा उनीहरू विरुद्ध प्रयोग हुँदैन भनेर आश्वस्त पार्नुपर्नेछ । सीमाबासी नागरिकले बेरोजगारीका कारण अवैधानिक ओसारपसारमा संलग्न हुनपुगेका छन् । आर्थिक अवसरहरू मार्फत सीमा समुदायहरूलाई सशक्तिकरण आजको आवश्यकता हो । त्यस्तै नेपालको खुल्ला सिमानाले निम्त्याएका सुरक्षा चुनौती, राजस्व चुहावट र विभिन्न जोखिमका विरुद्ध सिमाबासीलाई राज्यको सुरक्षा सूचना संयन्त्रमा जोड्न सकिन्छ । नेपालतर्फको सीमामा तैनाथ सीमा सुरक्षाकर्मीरूलाई उच्च मनोबलका साथ काम गर्ने स्तिथि सिर्जना हुनसकेको छैन । सिमा सुरक्षाका निम्ति आवश्यक पर्ने औजार, हतियार, प्रविधिमा नेपालले ठुलो लगानी गर्नुपर्ने छ । हामीले गर्ने सिमा सशक्तीकरण र त्यहाँका नागरिकका समस्याको समाधानले समेत ठुलो कुटनीतिक सन्देश प्रदान गर्दछ । नेपालले आफ्ना छिमेकी मित्र राष्ट्रलाई नेपालको सिमा सुरक्षा र सिमाबासीका जीवनयापनका समस्या समाधान गरेर बलियो कुटनीतिक संदेश दिनुपर्नेछ । सिमा सशक्तिकरण र सिमाबासिका मुद्दा समेत हाम्रो समाजको ज्वलन्त मुद्दा हो । सीमा क्षेत्रमा स्वास्थ्य सेवा, शिक्षा, सडक, सञ्चार, खानेपानी र अत्यावश्यक सेवाहरूमा पहुँच नहुनुले सुरक्षा कठिनाइ र जोखिमहरू बढाएकाले त्यसको सम्बोधन गर्न पूर्वाधार, सामाजिक सुरक्षा कार्यक्रम र स्वास्थ्य सेवामा लगानी आवश्यक छ । हाम्रा सिमाबासी नागरिकलाई भूराजनीतिक संवेदनशीलताको अभिमुखीकरण समेत आवश्यक छ ।

## स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायालय

न्याय सत्यको प्रकाशन हो । नेपालमा प्राचीन कालदेखि नै समाजमा शान्ति, सुव्यवस्था, अमनचयन कायम गर्न धर्मकचहरी, थकाली, महासर्वदण्डनायक आदिको व्यवस्था गरिएको थियो भने विविध खालका दण्डहरूको प्रचलन थियो । नेपालको संविधानले पनि सर्वोच्च, उच्च र जिल्ला अदालतका अतिरिक्त अन्य विशिष्टीकृत अदालत, न्यायाधीकरण, अर्धन्यायिक निकाय तथा स्थानीय तहमा न्यायिक समितिको संरचनागत व्यवस्था गरेको छ । यद्यपि समाजमा अपराधको बढोत्तरी भएको छ भने समयमै पीडकलाई सजाय गरी पीडितलाई न्यायको अनुभूति दिलाउन सकिएको छैन । न्यायालयको बढी प्रक्रियामुखी कार्यविधि, ढिलसुस्ती, न्यायाधीशको नियुक्तिमा राजनीतिक प्रभाव आदिले गर्दा न्यायालयप्रतिको आम जनताको धारणा त्यति सकारात्मक हुन सकेको छैन । मुद्दा फैसलाको अवस्था ५५ प्रतिशत छ भने ४० प्रतिशत मात्र फैसला कार्यान्वयन भएका छन् । अब यो नीति महाधिवेशनबाट नेपाली कांग्रेसले स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायालयका माध्यमबाट शान्ति सुव्यवस्था कायम गरी आम जनतालाई न्यायको अनुभति दिलाउने नीति अङ्गीकार गर्नु पर्नेछ ।

## अपराध नियन्त्रण

फौजदारी कानुनको प्रभावकारी कायान्वयन गर्ने, वैज्ञानिक प्रमाणका आधारमा अभियोजन गर्ने । न्यायाधीशको नियुक्ति, सरुवा तथा पदस्थापन न्यायाधीशको नियुक्तिलाई प्रतिस्पर्धात्मक र खुला परीक्षा प्रणालीमा आबद्ध गर्ने, न्यायाधीशको सरुवा तथा पदस्थापनलाई स्वचालित र वैज्ञानिक बनाउने, स्थानीय तहको न्यायिक समितिको क्षमता अभिवृद्धि गर्न स्थानीय तहमा तालिमको व्यवस्था गर्ने, सामाजिक रूपमा न्यायिक नीतिको बारेमा जनचेतनाका कार्यक्रम गर्ने ।

## फैसला तथा फैसला कार्यान्वयन

फैसला छिटो गर्ने परिपाटीको विकास, ढिलासुस्ती गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सार्वजनिक छलफलको कार्यक्रम गर्ने, निश्चित समयावधि तोकी फैसला गर्ने संयन्त्र तयार गर्ने ।

## कानुन र न्यायमा सुधार

नेपालको कानुन प्रणालीलाई आधुनिकीकरण गरी अझ बढी प्रभावकारी, सक्षम, मानव अधिकार मैत्री बनाई यसलाई स्थायित्व दिनु आवश्यक छ । तीनैतहका सरकारले निर्माण गर्नुपर्ने कानुनको विवरण तयारी भएको थुप्रै समय व्यतित भैसक्दासमेत हामीले कानुन निर्माणको कार्यमा थोरैमात्र काम गर्न सकेका छौँ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको बढेको कामको चाप अनुसार जनशक्ति व्यवस्थापनको चुनौती छ। जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने नेपालको संविधानमा उल्लेखित उद्देश्य प्राप्त गर्न सो अनुरूप कानुन र विधिको आवश्यकता पर्नेछ । कानुनको अभावमा विधिको शासनको परिकल्पना सम्म पनि गर्न सकिदैन। अतः कानुन निर्माण, सुधार र कार्यान्वयनका लागि कानुन सम्बन्धी दक्ष जनशक्तिको आवश्यकता पर्नेछ। पार्टीको संयन्त्रमा समेत कानुन सम्बन्धी तालिम र अभिमुखीकरण आवश्यक छ। कानुन निर्माण, संसोधन र कार्यान्वयनका आफ्नै समस्या छन् । सरकार, संसदमा रहेका दल र यस क्षेत्रका सम्पूर्ण साझेदारसँग नेपाली कांग्रेसले बहस र परामर्श गरेर कानुन र न्याय सुधारका पाटामा अग्रसर हुनु पर्नेछ ।

## राष्ट्रिय सुरक्षा

नेपालको भौगोलिक जटिलता, समाजको संरचना, राजनीतिक अस्तिथिरता, समाज रूपान्तरणको संक्रमणकालीन अवस्था, खुला सीमा, आर्थिक समस्या, राष्ट्रिय सम्प्रभूताका चुनौती, प्रविधिको विकासमा नियमनको अभाव आदि तमाम कुराले नेपालको राष्ट्रिय सुरक्षालाई प्रभावित पारेको छ । नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने कुरा नै राष्ट्रिय सुरक्षाका पक्षहरू हुन । संघीयता कार्यान्वयनका सन्दर्भमा उठेका तमाम मुद्दाहरूले राजनीतिक समाधान नपाएकाले सुरक्षा चुनौती बढाएको थुप्रै अनुभव हामीले छोटो समयमा गरेका छौँ । दण्डहिनताको अन्त्य गर्न नसकेर अर्को सुरक्षा चुनौती थपेको छ । नेपालमा रहेका दलहरू र

तीनका नेतृत्वले पराराष्ट्र सम्बन्धको अभ्यास गर्दा कुटनीतिक मर्यादासम्बन्धी ठोस आचारसंहिता नहुनुले हाम्रो देशको गोपनियता, अन्तर्राष्ट्रिय छवि र राष्ट्रिय सुरक्षामा जोखिम आउने सम्भावना रहन्छ ।

आन्तरिक कलह, अधैर्यता, असहिष्णुता र अलोकतान्त्रिक अभ्यास एवम् अवाञ्छित तथा अप्राकृतिक समीकरणमा उत्पन्न हुने अस्थिरता, भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, नातावाद, कृपावादजस्ता क्रियाकलाप आदिले समेत नेपालको राष्ट्रिय सुरक्षामाथि चुनौती थपेको छ। सामाजिक सञ्जाल र आधुनिक प्रविधिको प्रयोगले समाजमा नियोजित रूपमा कलह फैलाउने र विभाजन फैलाउने प्रवृति समेत हाम्रो ठुलो सुरक्षा चुनौती छ। राष्टिय सिमानाको रक्षा र सीमा व्यवस्थापन, नेपाल भारतको खुला सीमानामार्फत् हुने अपराधको नियन्त्रण, साना हातहतियारको नियन्त्रण, सङ्गठित अपराध नियन्त्रण र बलियो साइबर नीतिबारे समेत हामीले सुरक्षा निकायको सशक्तिकरण गर्न आवश्यक छ । नेपालमा पछिल्लो समयामा देखिएको अनलाइन जुवा, क्रिप्टो लगायत डिजिटल आर्थिक अपराध र ठगीले थप सुरक्षा चासो र कडा कानुनको आवश्यकता औँल्याएको छ। आजको बदलिएको परिवेशमा अतिवाद र पपुलिज्मले समेत देशमा सुरक्षा चुनौती थपेको छ। राष्ट्रिय सुरक्षाका थुप्रै चुनौतीहरूको पहिचान र समाधानको रणनीति अख्तियार गरेर नेपाली कांग्रेसले जनतालाई शान्ति सुरक्षा र सुशासनको प्रत्याभूति दिलाउन सक्नुपर्छ ।

## गलत र भ्रामक सूचना

गलत र भ्रामक जानकारी हाम्रो समाजको एकता र सदभावलाई समेत चुनौती दिने खालको समस्याको रूपमा छ । यसका विरुद्ध कसरी लड्ने त्यस बारे आजको नेतृत्व संवेदनशील हुनजरुरी छ । आजको डिजिटल युगमा गलत र भ्रामक सूचनाले उत्पन्न हुने वास्तविक जीवनका चुनौतीहरूलाई सम्बोधन गर्न आवश्यक सिप र ज्ञान सबैसँग हुनुपर्नेछ। समाजमा गलत र भ्रामक जानकारीको बढ्दो मुद्दालाई बुझ्न र समाधान गर्न सकेमा मात्रै अतिवादी र पपुलिष्टहरूको षडयन्त्रलाई चिर्न सकिन्छ ।

## पत्रकारिता र प्रेस स्वतन्त्रता

नेपालमा पत्रकार, पत्रकारिता र प्रेस स्वतन्त्रता सम्बन्धी मुद्दाहरू अत्यन्त महत्त्वपूर्ण छन् । लोकतान्त्रिक प्रक्रिया तथा नागरिक समाजको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको प्रेस जगतले आज तमाम समस्या सामना

गर्नु परेको छ । पत्रकारिताको सिद्धान्तअनुरूपको सदैव सत्यतथ्य, निष्पक्ष एवम् जिम्मेवार पत्रकारिता नै आजको नेपालको आवश्यकता हो । विगतका तमाम राजनीतिक परिवर्तन तथा सरकार निरंकुश हुँदा नेपाली प्रेस जगतले भोगेको दूरवस्थाप्रति सबै सचेत हुनुपर्छ ।

नेपालमा पत्रकारिता र प्रेस स्वतन्त्रता सम्बन्धी मूख्य मुद्दाहरूमध्ये तथ्याङ्कको अभाव, प्रेस स्वतन्त्रताका विरुद्ध राज्य आतंक, पत्रकारिता र प्रेसको विश्वासनियता, पत्रकारिता र प्रेसको निष्पक्षता, समाचारको सत्यता, विश्वासनीय स्रोतमा आधारित समाचारको कमी, पत्रकारको न्यूनतम ज्याला, सम्पादकीय अनियमितता आदि गम्भीर रहेका छन्। प्रेस स्वतन्त्रताको रक्षाका सबालमा नेपाली कांग्रेसले सदैव उच्चतम भूमिका निर्वाह गरेको छ ।

पत्रकारिता र प्रेस स्वतन्त्रताको उन्नति गराउनका लागि उपयुक्त नीति, कानुन र प्रणाली निर्माण र संरक्षण गर्ने गरी योजनाबद्ध नीति कांग्रेसले अबलम्बन गर्नुपर्नेछ । नेपालमा अहिलेसम्म मिडिया संघीयताको अभ्यासमा जान सकिएको छैन । आज मुलधारका मिडियामा प्रकाशित हुने वा प्रसारण हुने सामग्रीले संघीयताको गहन उत्तरदायित्व बारे मिडिया सचेतना थप आवश्यक रहेको देखिन्छ। यस सन्दर्भमा क्षमता विकास गर्ने नीति अनुसरण गरेर नेपाली कांग्रेसले प्रेस युनियनको परिचालन गर्नुपर्नेछ । आज मिडिया दर्ता गर्न संघीय राजधानी पुग्नु पर्ने, प्रेस पासमा देखिएका समस्या आदि जटिल छन्। तिनको समाधानका निम्ति राज्यले मिडियाप्रतिको नीतिमा सुधार गर्न आवश्यक छ । नेपालमा पत्रकारका पेशागत हकहितका सन्दर्भमा आवश्यक सुधारका निम्ति नेपाली कांग्रेसले आफ्नो धारणा निर्माण गरेर राज्यको नीतितहमा स्पष्ट अडान लिनु आवश्यक छ। कतिपय कानुन पत्रकार, पत्रकारिता र प्रेस स्वतन्त्रता विरुद्द प्रयोग भएको अवस्था छ । साइबर अपराध सम्बन्धी कानुनको दुरूपयोग गरेर प्रेस स्वतन्त्रतामा प्रहार गर्ने प्रवृतिविरुद्ध हामीले आवाज उठाउनै पर्छ ।

पछिल्लो समय न्यु मिडियाको अवधारणा नेपालमा समेत प्रयोगमा देखिएको छ । सामाजिक सञ्जालबाटै पत्रकारिता गर्ने परिपाटी आज सामान्य बनिसक्दा त्यसलाई व्यवस्थित गर्ने नीति निर्माणको अभाव छ । नेपालमा पनि स्थापित छापा र विद्युतीय पत्रकारिताका चुनौतीका रूपमा अनलाइन पत्रकारिताको उदय भएको छ । अनलाइन प्रत्रकारिताका सन्दर्भमा हाम्रो अभ्यास नौलो छ र यसलाई व्यवस्थापन गर्न नीतिगत आवश्यकता छ। सञ्चार क्षेत्र र पत्रकारमाथि

सरकारको नियन्त्रित शैली तथा कतिपय अवस्थामा पत्रकारको पेशागत निष्ठा विपरीतका कार्यको कठोर समीक्षा आवश्यक छ ।

## कर्मचारीतन्त्र सुधार

नेपालमा कर्मचारीतन्त्र सुधारका निम्ति कानुन र नीतिगत झन्झट, कर्मचारी प्रशिक्षणको अभाव, प्रशासकीय संरचनाको दुरूपयोग, कर्मचारी सङ्गठनहरूको एक आपसमा तालामेतको अभाव लगायत थुप्रै चुनौती रहेका छन् । कर्मचारीतन्त्रलाई प्रभावकारी र सशक्त बनाउनसके मात्रै सुशासन सम्भव छ । आजको समाजको विकासक्रम अनुसारको कर्मचारी संयन्त्र निर्माणमा ध्यान दिन जरुरी छ ।

निजामति कर्मचारिले आमनागारिकसँग प्रयोग गर्ने भाषा र व्यवहारको बारे स्पष्ट आचारसंहिता आवश्यक छ । कर्मचारीहरूले निर्णय गर्ने प्रक्रियामा पारदर्शिता र जवाफदेहीताको सुनिश्चित गर्नुपर्छ । नेपालमा कर्मचारीहरूको क्षमता विकास र प्रशिक्षणमा राज्यले आवश्यक लगानी गरेको छैन । तीनैतहका सरकारको प्रशासनिक संरचना पुनरावलोकन गर्न आवश्यक छ । नेपालका दुर्गम क्षेत्रहरूमा सरकारी कर्मचारीको अवस्था सुधार आवश्यक छ ।

एउटै कार्यालयभित्र कार्यालय सहयोगी र कार्यालय प्रमुख दुवैको श्रमको समानरूपले सम्मान हुने अवस्था नेपालमा छैन । कर्मचारीतन्त्र भित्रको विभेदलाई निर्मुल गर्न आवश्यक छ । नेपालमा सार्वजनिक बिदाको अवधारणा र कार्यालय समय समेत सुधार गर्नुपर्ने खाँचो छ ।

गुणस्तरीय सेवा, जनप्रेमी व्यवहार र कामप्रति उत्तरदायित्वबोध गर्नसक्ने प्रशासन संयन्त्र विकास गर्न नेपाली कांग्रेसले नीतिगत सुधारको पक्षमा आफ्नो स्पष्टता जाहेर गर्नुपर्नेछ । नेपाली कांग्रेस कर्त्तव्यनिष्ठ, आचारसंहिता र मूल्य मान्यतामा अडिग, योग्यता प्रणालीका पक्षपाती, सेवाग्राहीप्रति जवाफदेही, सैद्धान्तिक ज्ञान र व्यावहारिक अभ्यासमा पोख्त, सकारात्मक सोच भएका कर्मचारीलाई कल्याणको नीति तथा भ्रष्ट कर्मचारीलाई कठोर सजायको नीतिमा उभिन आवश्यक छ । नेपालको सन्दर्भमा निजामति कर्मचारीको व्यावसायिकता सुधार गर्न थुप्रै कानुन निर्माण र सुधार आवश्यक छ । संघीय निजामति सेवा विधेक पारित गर्न ढिलो गर्नु हुँदैन । राजनीतिक कर्मीले अभिभावकत्व र मार्गदर्शन दिन नसक्दा र कर्मचारीले पेसागत जवाफदेहिता दिन नसक्दा आज जनता सेवाप्रवाहका हिसावले ढिलासुस्ती भएर मर्कामा छन् । यसको समन्वन कांग्रेस नेतृत्वबाट

सुरु हुनु पर्छ । सूचना प्रविधिको युगमा इ–गर्भर्नेन्समा जानुको विकलल्प छैन । त्यसका निम्ति आवश्यक पूर्वाधार निर्माण यथासिघ्र गर्नसमेत नेपाली कांग्रेसको पहल आवश्यक छ ।

## डिजिटल र वित्तीय अपराध

पछिल्लो समय हाम्रो समाजमा साइबर अपराधका घटना प्रकोपको रूपमा देखा परिरहेका छन् । डिजिटल 'मिसयुज', ह्याकिंग, डिजिटल ठगी, सामाजिक सञ्जालमार्फत गोपनियता भंग, गाली बेइज्जती, अश्लीलता, मानसिक यातना, डिप फेक, डाटा चोरी, कृत्रिम बुद्धिमत्ता (AI) को दुरूपयोग, अनलाइन जुवा, क्रिप्टो कारोबारलगायत समस्याको अवस्था भयावहपूर्ण छ । नेपालमा हुने डार्क बेबको प्रयोग सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवेदनहरूको समीक्षा डरलाग्दो छ । काठमाडौँ उपत्यकाभित्र Generation Z / Millennials पुस्ता अनलाइन जुवाको कूलत र अवैध कारोबारमा सम्लग्न छ । यो अवस्था निकै असामान्य स्थितिमा छ । बैंकहरूको डिजिटल सुरक्षा चुनौती दिनानुदिन थपिँदै गएको छ । स्वच्छ विप्रेषण र सम्पत्ति शुद्धीकरण मुद्दालाई नीतिकर्ताहरूले थप चासो र चिन्ताको विषय बनाउन आवश्यक छ । वित्तीय अपराधको प्रकृति विश्वव्यापी हुने भएकाले यस सम्बन्धमा हाम्रो पर्याप्त प्रयास नहुनुले थप जोखिममा राखेको छ । बैङ्किङ 'ट्रोजन', लोटरी (चिठ्ठा) को नाममा ठगी, झुटा विवरण प्रयोग गरेर गरिने बैंकिङ कारोबार, सहकारी ठगी, बैंकिङ ठगी, भुक्तानी ठगी, कर छली जस्ता अपराधले आजको समाजलाई सिथिल बनाएको छ । यसले खराब कर्जाको जोखिम समेत बढाएको छ । यस जटिल मुद्दालाई प्राथमिकतामा राखेर समाधान गर्नुपर्ने चुनौती छ ।

## शिक्षा

विद्यालय तहदेखि उच्च शिक्षासम्म नै औपचारिक तथा अनौपचारिक धारका समकक्षी शैक्षिक कार्यक्रमहरूको सञ्चालन गर्न सबै विद्यालय, क्याम्पस तथा विश्वविद्यालयमा अधिकार सुनिश्चित गर्न आवश्यक छ । स्नातक तथा स्नातकोत्तर तहसम्म पुग्दा उसको विषय विज्ञता, सामाजिक जानकारी र सकारात्मक सोच सहितको प्राविधिक तहको गरिखाने सिप समेत सुनिश्ति हुनुपर्छ । विद्यार्थीहरूलाई स्नातक तह अध्ययन गर्दाको समयमा नै उनीहरूको अध्ययनको रुची र देशको आवश्यकताको आधारमा वैज्ञानिक, दार्शनिक, विज्ञ र व्यवहारिक प्रबन्धकका

रूपमा तयार गरी देशको समग्र विकासका लागि र अन्तर्राष्टिय स्तरको आवश्यकता परिपूर्ति सुहाउँदो जनशक्ति तयार गर्न आवश्यक छ ।

देशमा भइरहेकको स्रोत र साधनको उच्चतम प्रयोग गरी उद्यमशीलताको आधारमा आर्थिक विकासको बाटो कोर्नु आजको आवश्यकता हो । शिक्षाले देशको अर्थ व्यवस्था, ज्ञान व्यवस्थापन र राजनीति शक्तिलाई व्यवस्थित गरी देशलाई समृद्धितर्फ बढाउन मद्दत गर्दछ । नेपालको संविधान २०७२ ले माध्यामिक तहको शिक्षालाई नागरिकको मैलिक हकका रूपमा लिएको छ ।

सरकारले कक्षा ८ सम्मको शिक्षा अनिर्वाय तथा निशुलल्क र १२ कक्षासम्मको शिक्षा निशुल्क गराइएको छ । नेपालमा प्रयोग भएको शिक्षा प्रणालीलाई नीति, कार्यक्रम, शिक्षक व्यवस्थापन, शिक्षण प्रक्रिया, मूल्याङ्कन सुपरिवेक्षण, विद्यार्थी भर्ना आदिमा स्पष्ट कार्यदिशा परिवर्तन गर्न आवश्यक छ ।

माध्यामिक तहमा करिब ६० प्रतिशत विद्यार्थीलाई प्राविधिक धारमा र ४० प्रतिशत विद्यार्थीलाई साधारण धारमा ल्याउने गरी भौतिक पूर्वाधार व्यवस्था गर्नुपर्छ । यसका लागि तीनै तहका सरकारले शिक्षामा २५ प्रतिशत बजेटको विनियोज गनुपर्छ । हिमाली र उच्च पहाडी जिल्लाका बालबालिकाको माध्यामिक तहसम्मको शिक्षाका लागि आवासीय विद्यालयकको व्यवस्था गर्नुपर्छ । शिक्षालाई देशको समग्र विकासको आधारशिलाका रूपमा हेरिन्छ । जीवनोपयोगी प्राविधिक शिक्षालाई आधारभूत तहबाट नै क्रमशः शिक्षाको मुलधारमा समावेश गरी शिक्षामार्फत आर्थिक र सामाजिक रूपान्तरणको बाटोमा लैजानु आजको आवश्यकता हो ।

हरेक तहमा अध्यापन गराउने शिक्षक तथा प्राध्यापकको मर्यादाक्रम सोही तहको निजामति कर्मचारीको तहभन्दा माथि हुनुपर्छ । साथै, शिक्षक तथा प्राध्यापकको तलब समकक्षी निजामति कर्मचारीभन्दा ५० प्रतिशत बढी बनाउनु पर्छ ।

२५ वर्ष शिक्षण पेसामा रहेका शिक्षक तथा प्राध्यापकलाई नियमित अध्यापन भन्दा अनुसन्धान तथा प्रशिक्षणमा केन्द्रित गराउनुका साथै नयाँ स्कलरहरूलाई शिक्षण पेसमा आकर्षण गराउनु पर्छ ।

विद्यालय तहको संरचनामध्ये बाल शिक्षादेखि कक्षा ४ सम्मको पूर्व आधारभूत तहलाई पहिलो प्राथमिकतामा राख्नुका साथै बाल कक्षामा बाल विकास र बाल

मनोविज्ञानमा विशेषज्ञता हासिल गरेको शिक्षक व्यवस्था गर्ने नीति लिनुपर्छ।

स्थानीय तहले समुदायसँग समन्वय गरी गाउँपालिकाले कम्तिमा एउटा, नगरपालिकाले कम्तिमा दुई वटा, उपमहानगरपालिकाले कम्तिमा तीन वटा र महानगरपालिकाले कम्तिमा पाँच वटा माध्यामिक तहको आवासीय विद्यालय सञ्चालन गनुपर्छ। माध्यामिक तहको शिक्षा पुरा गरेका नागरिक जेहेन्ददार तथा पिछडिएका वर्गका लागि उच्चशिक्षा अघ्ययन गर्न सहुलियतको आवश्यक छ।

राष्ट्रिय प्रतिभा खोज केन्द्र स्थापन गरेर विभिन्न क्षेत्रका प्रतिभाको खोजी गर्नुपर्छ। प्रधानमन्त्री कूलपति र शिक्षामन्त्री सहकूलपति हुने व्यवस्थालाई परिर्वतन गरी प्राज्ञिक व्यक्तिलाई खुला प्रतिस्पर्धाबाट विश्वविद्यालयको उपकूलपति बनाउने व्यवस्था गर्नुपर्छ। त्रिभुवन विश्वविद्यालयका आंशिक शिक्षकहरूको समस्या समाधन गर्न कांग्रेसले पहल कदमी लिनुपर्छ। विश्वविद्यालयका पदाधिकारीहरू खुल्ला प्रतिस्पर्धाबाट नियुक्त हुनुपर्छ। साथै प्रदेशमा कृषि, आयुर्वेद, पर्यटन, जलस्रोतलगायतका कुराको अनुसन्धान तथा अन्वेषण केन्द्र बनाउनु पर्छ।

देशभित्र उत्पादित दक्ष जनशक्तिलाई उपयोग गर्न रोजगारीका पर्याप्त अवसर र बौद्धिक पलायनलाई बौद्धिक लाभमा परिणत गर्नु पर्नेछ। शिक्षामा विज्ञान र प्रविधिको उचित प्रयोग गर्न नसकिएको अवस्था छ। शिक्षाको उत्पादन र रोजगारसँग सम्बन्ध स्थापित गर्न नसकिएकाले देशमा शैक्षिक बेरोजगारी छ। यसका कारण ठुलो सङ्ख्यामा युवाहरू विदेशिएका छन्। यो क्रम बढदो छ। मानव पूँजी निर्माणका लागि आवश्यक पर्ने प्राविधिक शिक्षा तथा तालिमसँग सम्बन्धित विषयहरूमा लक्ष्य अनुरूप विद्यार्थी भर्ना गर्न सकिएको छैन। उच्च शिक्षालाई उत्पादन र रोजगारसँग जोड्न नसकिएको अवस्था छ। कूल भर्नादर लक्ष्य अनुरूप बढाउन सकिएको छैन। उच्च शिक्षालाई पर्याप्त बजेट र कतिपय नीतिगत अष्पस्टता कारण अनुसन्धानमा आधारित बनाई विदेशी विद्यार्थीलाई आकर्षित गर्ने किसिमको नीति बनाउनु पर्नेछ।

कूल जनसङ्ख्याको करिव ४२ प्रतिशत युवा रहेकाले उनीहरूमा मानवीय पूँजी निर्माण गरी जनसाङ्ख्यिकीय लाभलिन सकिने उच्च सम्भावना छ। राष्ट्रियदेखि स्थानीयतह सम्म खेलकुद क्षेत्रमा चासो र क्रियासिलता बढदै गएको भएता पनि सिमित पूवाधार र प्रशिक्षणका साथै खेलकुदबाट जिविकोपार्जन कठिन भएकाले यस क्षेत्रबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन। खेलकुद क्षेत्रमा न्यून

बजेटले गर्दा पूर्वाधार विकास र खेलकुद गतिविधि सिमित हुन पुगेका छन् । खेल क्षेत्रमा आधुनिक प्रविधि भित्र्याउन नसकिएकाले, प्रतिभावान खेलाडीहरूको पलायन र अन्तर्राष्ट्रिय खेलकुदमा प्राप्त पदक उत्साहजनक नभएको अवस्था छ ।

साक्षरता र सिपविकासलाई जोडी माध्यमिक शिक्षालाई वृत्तिविकास तथा उच्च शिक्षालाई उद्यम र रोजगार केन्द्रित बनाउन "पढ्दै कमाउँदै र कमाउँदै पढ्दै" जस्ता कार्यक्रमलाई जोड दिने सरकारी गैर सरकारी र निजी क्षेत्रको सहकार्यमा राष्ट्रिय सिपविकास तथा रोजगार महाअभियान सञ्चालन गर्नु पर्ने ।

शिक्षा क्षेत्रमा सरकारी लगानी वृद्धी गर्दै लैजाने, हरेक वर्ष राष्ट्रिय बजेटको न्युन्तम २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजित गर्ने । कूल बजेटको २ प्रतिशत रकम खोज अनुसन्धानमा खर्च गर्ने व्यवस्था मिलाउने लगायतका कार्यक्रम गनुपर्ने ।

आगामी ५ वर्षभित्र कक्षा १२ पछि ७० प्रतिशत विद्यार्थीलाई सिपमूलक प्रविधिक शिक्षा र ३० प्रतिशतलाई विश्वविद्यालयमा विभिन्न विधामा विज्ञ बनाउने गरी अध्यापनको व्यवस्था तथा खोज अनुसन्धानलाई प्राथमिकतामा राख्ने कार्यक्रममा जोड दिनुपर्छ ।

निश्चित मापदण्ड बनाई विदेशी विद्यार्थीलाई नेपालमा अध्ययनका लागि आर्कषण गनुका साथै विदेशी विश्वविद्यालयको स्थापना र शिक्षामा विदेशी लगानी आर्कषण एवम प्राथमिकता दिनुपर्छ ।

सबै तह र तप्काका बिचमा समन्वय र सहकार्य गरी शैक्षिक सुशासनका लागि इ–गभर्नेन्स, अनलाइन सेवा प्रवाह तथा प्रतिवेदन प्रणाली स्थापना गर्नुपर्छ ।

नेपालको उत्पादन प्रणालीलाई सहयोग पुग्ने गरी रैथाने उत्पादन, रैथाने प्रविधि, सहकारी लगायत क्षेत्रगत विशेषज्ञता हासिल गरेका जनशक्ति उत्पादन लगायतका कार्यक्रममा जोड दिनुपर्छ ।

## अभिभावकीय समस्या

देशको कर्णाधारको रूपमा रहेको Generation Alpha / Generation Z ले पालन पोषणको क्रममा अभिभावकको माया, स्नेह, हेरचाह, मूल्यमान्यताको हस्तान्तरण र प्रत्यक्ष मार्गदर्शन पर्याप्तरूपमा पाउँन सकेको छैन । उनीप्रति अभिभावकीय दायित्वलाई आर्थिक दायित्वमा सिमित गरिएको छ । एउटा आदर्श समाज

स्थापना गर्न कुनै पनि बालबालिकाको लालनपालनले विशेष महत्त्व राख्दछ । आध्यात्मप्रतिको चेतना, समाज र राष्ट्रप्रतिको दायित्व, सामाजिक सदभाव, पारिवारिक दायित्व, नागरिको कर्तव्य, नैतिक मूल्यमान्यताहरू, मानवसेवालगायत तमाम कुरा सिकाउने दायित्व अभिभावकको हो । असल अभिभावक बन्ने कुरा राष्ट्रसेवा हो । बालबालिकालाई सर्वाङ्गीण विकासको उपयुक्त अवसर सिर्जना गर्न उचित अभिभावकीय शैलीको महत्त्व रहन्छ । अभिभावक शिक्षा आजको आवश्यकता हो ।

## स्वास्थ्य

### स्वास्थ्य र कल्याण

#### वर्तमान अवस्था र आगामी प्राथमिकता

नेपालको संविधान २०७२ ले स्वास्थ्य सम्बन्धी मौलिक हक अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने, स्वास्थ्य सेवामा समान पहुँचको हक प्राप्त हुने, आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने स्वास्थ्य सेवाको अधिकार प्रदान गरेको छ ।

निःशुल्क स्वास्थ्य सेवा, स्वास्थ्य बीमा, सुरक्षित मातृत्व कार्यक्रम जस्ता विभिन्न जनस्वास्थ्यका कार्यक्रमहरू कार्यान्वयन भइरहेता पनि स्वास्थ्य सेवाको पहुँच विस्तार गर्दै स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्नु एउटा मूख्य चुनौती हो । साथै कोभिड १९ को महामारीले हामीलाई सरुवा रोगको व्यवस्थापन वारेमा धेरै ज्ञानहरू प्राप्त भएका छन् । यसको साथै नसर्ने रोगको बढ्दो भार, वढ्दो आत्महत्या, सडक दुर्घटना, प्रदुषण, जलवायु परिवर्तनबाट हुने क्षतिहरू स्वास्थ्य क्षेत्रमा थप चुनौतीका रूपमा देखा परेका छन् ।

## स्वास्थ्य सेवा

नेपालको संविधान २०७२ ले स्वास्थ्य सम्बन्धी मौलिक हक अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुलक प्राप्त हुने, स्वास्थ्य सेवामा समान पहुँचको हक प्राप्त हुने, आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने स्वास्थ्य सेवाको अधिकार प्रदान गरेको छ ।

संविधानको मर्म र भावना अनुरूप नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउनु राज्यको मूख्य दायित्व हो । यसलाई पूर्ण रूपमा कार्यान्वयन गर्दै जनतालाई

स्वास्थ्य सेवामा समानता र वित्तीय सुरक्षा प्रदान गर्न नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट विभिन्न निती, निर्देशिका तथा रणनीतिहरू कार्यान्वयनको क्रममा रहेका छन् ।

विशेषगरी स्वास्थ्य नीति, स्वास्थ वीमा नीति, जनस्वास्थ्य ऐन, जनस्वास्थ्य नियमावली, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, राष्ट्रिय स्वास्थ्य क्षेत्र रणनीतिक योजनालगायत विभिन्न नीतिगत र रणनीतिक योजनाहरू निर्माण भई कार्यान्वयन सुरु भएको अवस्था छ ।

नेपालले सहस्राब्दी विकास लक्ष्यअन्तर्गत केही स्वास्थ्य क्षेत्रका सूचकहरू समयमै हाँसिल गरी पुरस्कृत समेत भएको थियो । हाल कार्यान्वयनमा रहेको दिगो विकास लक्ष्यका सूचकहरू हेर्दा मातृ मृत्यु अनुपात १५१ प्रति १००,००० जीवित जन्म छ, ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर ३३ प्रति १००० जीवित जन्म, शिशु मृत्यु दर २८ प्रति १००० जीवित जन्म, नवजात शिशु मृत्युदर २१ जीवित जन्म, कूल प्रजनन दर २।१ र स्वास्थ्य संस्थामा सुत्केरी हुनेदर ७९ प्रतिशत छ ।

तथ्यहरूमा हेर्दा विगतमा भन्दा धेरै प्रगति देखिएका स्वास्थ्य सेवा प्रवाहमा केही असमता सहित विभिन्न चुनौतीहरू अझै विद्यमान छन् । स्वास्थ्य सेवाको सहज पहुँच सुनिस्चित गर्न अझै पनि नागरिकहरूले आर्थिक, सामाजिक, भौगोलिक तथा संस्था सस्थाको पहुँच जस्ता समयहरू रहेआएका छन् । उदाहरणको लागि बाजुरा जिल्लामा सुत्केरी आमाहरू अझै पनि ज्यान गुमाइरहेको, बाटैमा सुत्केरी भएको समाचारहरूमा समेत आइरहन्छ ।

निःशुल्क स्वास्थ्य सेवा, स्वास्थ्य बीमा, सुरक्षित मातृत्व कार्यक्रम जस्ता विभिन्न जनस्वास्थ्यका कार्यक्रमहरू कार्यान्वयन भइरहेता पनि स्वास्थ्य सेवाको पहुँच विस्तार गर्दै स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्नु एउटा मूख्य चुनौती हो । साथै कोभिड १९ को महामारीले हामीलाई सरुवा रोगको व्यवस्थापन वारेमा धेरै ज्ञानहरू प्राप्त भएका छन् । यसको साथै नसर्ने रोगको बढ्दो भार, बढ्दो आत्महत्या, सडक दुर्घटना, प्रदुषण, जलवायु परिवर्तनबाट हुने क्षतिहरू स्वास्थ्य क्षेत्रमा थप चुनौतीका रूपमा देखा परेका छन् ।

- आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क बनाई नागरिकको पहुँचमा पुर्‍याउने ।
- एकीकृत एम्बुलेन्स सञ्चालन गर्ने ।

- महिलामा बढ्दो क्रममा रहेको स्तन क्यान्सर र सर्भाइभल क्यान्सर जस्ता रोगहरूको निःशुल्क परीक्षण गर्ने व्यवस्था मिलाउने ।
- हरेक टोलमा प्रसुतिसेवा केन्द्रको स्थापना गर्ने, हरेक वडामा कम्तिमा एक आधारभूत स्वास्थ्य सेवा केन्द्र, प्रत्येक स्थानीय तहमा सर्जिकल सेवासहितको सुविधासम्पन्न अस्पताल बनाउने ।
- प्रदेश अस्पतालमा क्यान्सर, मृगौला प्रत्यारोपण जस्ता दीर्घकालीन रोगको उपचारको व्यवस्था गर्ने ।
- सिकल सेल एनिमिया र थालेसेमिया लगायतका वंशानुगत रोगको रोकथाम र उपचारका कार्यक्रम सञ्चालन गर्ने ।
- प्रत्येक स्थानीय तहमा सुलभ औषधी पसलको व्यवस्था गर्ने ।
- निःशुल्क मनोरोग परामर्श प्रदान गर्ने, आत्महत्यालाई रोक्न आवश्यक पहल गर्ने ।
- स्वास्थ्य बिमा मार्फत विशिष्टकृत र विशिष्ट स्वास्थ सेवाको प्रबन्ध मिलाउने ।
- स्वास्थ्य बिमा गराउने आर्थिक अवस्था राम्रो नभएका, अपांग, एकल महिला, विपन्नहरूको राज्यले बिमा गराउने ।
- स्वास्थ्यमा राज्यले कम्तिमा १० प्रतिशत बजेटको व्यवस्था गर्ने ।
- प्राकृतिक चिकित्सा र आयुर्वेद प्रवर्द्धन सम्बन्धी नीति तर्जुमा र आवश्यक व्यवस्था गर्ने ।
- हरेक स्थानीय तहमा एउटा थेरापी सेन्टरको व्यवस्था गर्ने ।
- लिङ्गको आधारमा गरिने गर्भपतनलाई निरुत्साहित गर्न र सामाजिक व्यवहार परिवर्तनका लागि आम सञ्चार, सामाजिक सञ्जाल, सूचना प्रविधिलगायतका नविनतम उपायको अवलम्बन र सरोकारवालासँग सहकार्य गर्ने ।
- महामारी तथा जनस्वास्थ्यका सम्भावित खतराको पूर्वानुमान, शीघ्र पहिचान, प्रमाणीकरण र रोगबारेको तत्काल सूचना दिन सक्ने गरी पर्याप्त लगानी सहितको बृहत् जनस्वास्थ्य निगरानी प्रणाली सुदृढ गर्ने, जलवायु तथा अन्य विपद्बाट उत्थानशील स्वास्थ्य संरचना तथा मानव संसाधन विकास गर्ने ।

- जैविक सुरक्षालाई मध्यनजर राखी क्यान्सर परीक्षण सम्बन्धी विशिष्टीकृत सेवा प्रदान गर्ने ।
- जैविक सुरक्षा र गुणस्तर सुनिश्चिततासहित जनस्वास्थ्य प्रयोगशालाको सञ्जाल विस्तार र सुदृढीकरण गर्ने ।
- मानव रोग अनुसन्धान केन्द्र स्थापना गर्ने लगायतका कार्यक्रममा विशेष जोड दिने ।
- तथ्यमा आधारित स्वास्थ्य नीति, रणनीति, योजना र कार्यक्रम तर्जुमा गर्न अध्ययन अनुसन्धानका लागि विश्वविद्यालय र प्रतिष्ठानका प्राज्ञिक तथा अनुसन्धानकर्तासँग सहकार्य गर्ने ।
- नेपालको स्वास्थ्य क्षेत्रमा महिला स्वयमसेविकाको विशेष योगदान छ । उनीहरूको सेवा सुविधा बृद्धि गर्ने ।

## आगामी प्राथमिकताहरू

स्वास्थ्य प्रणालीको पुनर्संरचना नेपालको संविधानको भावना र मर्म अनुसार मुलुक संघीय संरचना कार्यान्वयन भएपश्चात तथा कोभिड (१९ को महामारीको सिकाई अनुसार स्वास्थ्य सेवा प्रणाली सुदृढ गर्न संघ, प्रदेश र स्थानीय तह गरी तिनै तहका सरकारको आ–आफ्नोको भूमिका, जिम्मेवारी, संघीयता कार्यान्वयन पश्चातको अवस्था, व्यवस्थापन तथा कार्यसम्पादनको वृहत समीक्षा र छलफल गरेर आवश्यकता अनुसार स्वास्थ्य संरचना परिमार्जन गर्नुपर्ने । स्वास्थ्य प्रणालीलाई स्थानीय स्तरमा प्रभावकारी वनाउन, जनताका लागि, जनता मै आधारित र जनता कै सकृय सहभागीतामा आधारित स्थानीय पालिका स्वास्थ्य प्रणालीको नीति निर्माण, योजना, विकास र विस्तार गर्न नीतिगत जटिलताहरू, मानव संसाधन र स्रोतको प्रयाप्त रूपमा परिचालन गरिनुपर्ने ।

स्वास्थ्य जनशक्तिको व्यवस्थापन स्वास्थ्य जनशक्तिको माग र आपूर्ति बिच तादम्यता नहुनु, ग्रामिण तथा दुर्गम क्षेत्रमा स्वास्थ्य जनशक्तिको अभाव, असमान वितरण, मानव संसाधनको योजना, व्यवस्थापन र विकासलाई एकीकृत गर्न नसकिनु जस्ता पक्षहरूलाई सम्बोधन गर्न जनशक्तिको उत्पादन, परिचालन,

सेवा सुविधा,क्षमता अभिवृद्धि, तथा दुर्गम तथा ग्रामीण स्थानका स्वास्थ्य संस्थामा आकर्सित गर्ने किसिमका कार्यहरू एकीकृत ढङ्गबाट समाधान गरिनुपर्ने ।

स्वास्थ्यको व्यवस्थापकीय नेतृत्व र सुशासन स्वास्थ्यका विभिन्न निकायहरूमा गरिने नियुक्तिहरू जस्तै विभिन्न परिषदहरूको पदाधिकारीहरू, अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीहरू आदि नियुक्तिलाई खुला प्रतिस्पर्धाबाट लिने व्यवस्था तत्काल गर्नुपर्ने ।

आयुर्वेद औषधिहरू प्रसोधन उत्पादन तथा अन्तर्राष्ट्रिय वजारमा विक्री वितरण गरेर नेपालको अर्थतन्त्रमा योगदान समेत गर्न सकिने हुँदा यो वारेमा ठोस अवधारणा सहितको छलफल अगाडी वढाउनुपर्ने ।

## शारीरिक तन्दुरुस्ती, स्वच्छता र सरसफाइ

आजको समयमा शारीरिक तन्दुरुस्ती, स्वच्छता र सरसफाइका मुद्दाहरू राजनीतिभित्रका अरु जटिल मुद्दा सरह नै महत्त्वपूर्ण रहेका छन्। विश्व परिवेशमै राजनीतिक समाधान खोजिरहेको शारीरिक तन्दुरुस्ती, स्वच्छता र सरसफाइका मुद्दाहरूलाई नेपाली कांग्रेसले नीति निर्माण गरेर समाधान गर्नुपर्नेछ। आज हाम्रो शारीरिक श्रममा आधारित श्रम विस्तापित भएको छ । आजको श्रमको प्रकृति फरक छ । आज नागरिकहरूको समयको व्यवस्थापनका पाटाहरू निकै अहम बन्दैगएको छ। पछिल्लो समयको स्वास्थ्य क्षेत्रको तथ्याङ्कले शारीरिक तन्दुरुस्तीसँग जोडिएका तमाम कुराहरू समस्याका रूपमा आएको तथ्य उजागर गरेको छ । स्वास्थ्यभित्रको एउटा पक्ष भएपनि यो मुद्दाले नित्याएको समस्याले नितिकर्ताको थप ध्यान आकृष्ट गरेको छ। त्यसै गरी हाम्रो स्वच्छता र सरसफाइका मुद्दालाई समेत आन्दोलनका स्तरमा लाग्नुपर्ने हाम्रो आवश्यकता छ । निकै लामो समय राज्य र दाता निकायले काम गरेको स्वच्छता र सरसफाइका एजेण्डामा उल्लेख्य उपलब्धि हासिल भएको छैन । यस सन्दर्भमा नेपाली कांग्रेसले पार्टी भित्र र सरकार मार्फत देशभित्र एउटा राम्रो अभियानको नेतृत्व गर्नसक्नुपर्नेछ ।

## मानसिक स्वास्थ्य

मनोवैज्ञानिक, संवेगात्मक तथा सामाजिक तन्दुरुस्तीसँग जोडिएको मानसिक स्वास्थ्यप्रति नेपाली समाज र परिवेश संवेदनशील हुनुपर्ने आवश्यकता छ । समाजमा मानसिक समस्या, त्यसको समाधान र अवस्थावारे खुलेर बहस हुनेगरेको छैन । आज सबैभन्दा पढेलेखेका र बुझेका Millennials पुस्ता र

हुर्किरहेका Generation Z पुस्ताले समेत मानसिक स्वास्थ्य समस्याको उपचारको दायराभित्र आफूलाई सहायता आवश्यक पर्दा समेत उभ्याउन नसक्नुले मानसिक स्वास्थ्यप्रति नेतृत्वतहको हस्तक्षेप खोजेको छ । मानसिक स्वास्थ्यलाई स्वास्थ्यको अभिन्न अङ्गको रूपमा लिए तापनि यसको प्रवर्द्धनका लागि व्यक्तिगत तथा सामुदायिक स्तरमा धेरै काम भएको पाइँदैन । मानसिक स्वास्थ्य समस्याको उपचार सम्भव भए पनि यसप्रति रहेको अज्ञान, लाञ्छना, विभेद र कलङ्कका कारणले गर्दा समस्यालाई लुकाउने वा गलत उपचार खोज्ने प्रवृत्ति हाम्रो समाजमा व्याप्त छ । राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०२० मा सार्वजनिक गरेको तथ्याङ्क अनुसार नेपालमा १३ देखि १७ वर्षको उमेर समूहमा जनसङ्ख्याको ५ । २ प्रतिशत र सोभन्दा माथिका व्यक्तिहरूमा १० प्रतिशतमा कुनै न कुनै खालको मानसिक स्वास्थ्य समस्या रहेको जनाएको छ । समाजमा बढिरहेको नकारात्मकता, असुरक्षाको भाव, आत्महत्या लगायतप्रति हामी संवेदनशील बन्नैपर्छ ।

## व्यावसायिक स्वास्थ्य र सुरक्षा

श्रमिकहरूको सुरक्षा गर्नु, आइपर्न सक्ने व्यावसायिक जोखिम र स्वास्थ्य खतराबाट बचाई काम गर्ने राम्रो वातावरणको प्रत्याभूति गर्नु राज्यको कर्तव्य हो । सुरक्षा गर्नु, आइपर्न सक्ने व्यावसायिक जोखिम र स्वास्थ्य खतराबाट बचाई काम गर्ने राम्रो वातावरण सिर्जना गर्नु, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको व्यावसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी विश्वभरको तथ्याङ्कलाई नेपालको जनसङ्ख्याको अनुपातसँग तुलना गर्ने हो भने नेपालमा व्यावसायिक स्वास्थ्य र सुरक्षाको मुद्दा गम्भीर छ । व्यावसायिक स्वास्थ्य र सुरक्षा नियमन गर्न नेपालमा व्यावसायिक स्वास्थ्य र सुरक्षा ऐन कार्यान्वयन प्रभावशुन्य छ । नेपाली कांग्रेसले व्यावसायिक स्वास्थ्य र सुरक्षाका सन्दर्भमा कानुनी र नियमिति कमजोरी, अवैध रोजगार, तालिम र प्रशिक्षण अपर्याप्तता लगायतको समस्याको नीतिगत समाधान दिन जरुरी छ । नेपाली कांग्रेसले निजी क्षेत्र र विदेशमा नेपाली रोजगारीमा रहेका देशहरूमा हाम्रा श्रमिकले गर्ने कार्य प्रकृति अनुसार कार्यस्थलमा अपनाउनु पर्ने सुरक्षा सतर्कता, श्रमिकको स्वास्थ्य, हुनसक्ने सम्भावित दुर्घटना, मेशिनरी यन्त्र उपकरण सञ्चालन गर्दा अपनाउनु पर्ने सावधानी, स्वास्थ्यका दृष्टिले संवेदनशील मानिने

रासायनिक पदार्थको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी लगायत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको सुनिश्चितता गर्ने नीति अबलम्बन गर्नुपर्नेछ ।

## कृषि र खाद्य सुरक्षा

नेपालको कृषि क्षेत्र कृषि पर्यावरणीय विविधतामा छरिएर रहेका भूमिहीन श्रमिक र सीमान्तकृत किसानदेखि साना, मझौला, ठुला व्यावसायिक किसानहरू समेटेको जटिल र भौगोलिक विविधतायुक्त छ । ६० प्रतिशतको हाराहारीमा रहेका कृषकले उत्पादन गरेर बाँकी ४० प्रतिशत खेती र पशुपन्छी पालन नगर्नेको लागि कृषि उपज उत्पादन गर्नु कृषि क्षेत्रको मूल कार्यभार छ ।

कृषि विश्वको सबै देशको अर्थतन्त्रमा योगदान दिने प्रमुख र महत्त्वपूर्ण स्रोत हो । कुनै पनि देश आत्मनिर्भर बन्न कृषि क्षेत्रको सबैभन्दा ठुलो भूमिका हुन्छ । कुनै पनि देशको अर्थतन्त्रमा योगदा गर्ने तीन वटा प्रमुख स्रोत हुन्छन् । पहिलो कृषि दोस्रो उद्योग कलकारखाना र तेस्रो सामाजिक स्रोत हुन् । । यी तीन कुरालाई मध्यनजर गर्दा नेपालमा कृषि क्षेत्रबाट करिब २३ प्रतिशत, उद्योग कलकारखाना बाट १३ प्रतिशत र सबैभन्दा बढी सामाजिक क्षेत्रबाट ६२ प्रतिशत अर्थतन्त्रमा योगदान दिएको पाइन्छ । जुन अत्यन्तै अस्वाभाविक मानिन्छ । विश्वका विकसित देशलाई हेर्दा प्रमुख र महत्त्वपूर्ण स्रोत कृषि, दोस्रो उद्योग र तेस्रो सामाजिक क्षेत्रबाट देशको अर्थतन्त्रमा योगदान दिएको पाइन्छ । तर, नेपालमा यो क्रम हेर्दा उल्टो देखिन्छ । त्यसैले यहीबाट पुष्टि हुन्छ कि कृषिलाई प्रमुख स्रोत बनाउन नेपालले अझै धेरै योजना चाल्नुपर्ने छ । यसका लागि नेपाली युवालाई उत्पादन र उत्पादकत्वमा जोड्न आवश्यक छ । हाल नेपालमा कृषि सामग्री धान, गहुँमात्रै नभएर तरकारीलगायत विदेशबाट झण्डै चार खर्व बरावरको आयात भएको देखिन्छ । कृषि प्रधान भनेर चिनिने हाम्रो नेपालका लागि यो दुर्भाग्यपूर्ण कुरा हो । आगामी दिनमा कृषि क्षेत्रमा राज्यले पहिलो नजर राखी कृषि र किसानका लागि दीर्घकालिन योजना बनाई सशक्त कार्यान्यनमा लैजान आवश्यक छ । नेपालमा हाल ब्रेन ड्रेनको समस्या अत्यन्तै बढ्दो छ । नेपालका विशेष गरेर पाहाडी र केही तराई क्षेत्रमा जमिन बाझो हुँदै गइरहेको समस्यालाई मध्यनजर गर्दै राष्ट्रले युवालाई आधुनिक र बैज्ञानिक कृषि गर्न उत्प्रेरणा दिनेखालका योजना अगाडि सारेर कृषिमा मुलुकलाई आत्मनिर्भर बनाएर अघि बढ्नु पर्छ ।

कृषिमा संलग्न कृषकमध्ये आधाभन्दा बढी जिविकोपार्जनमुखी साना कृषक छन् । पारिवारिक वार्षिक आम्दानीको २८ प्रतिशतमात्र कृषिबाट आर्जन गर्ने र

बाँकीको लागि गैरकृषि रोजगारीमा भर पर्नुपर्ने अवस्था छ । आफूले उत्पादन गरेको कृषि तथा पशुपन्छीजन्य उत्पादन परिवारमा उपभोग गरी बाँकी रहेका उत्पादन बजारमा बिक्री गर्ने अर्धव्यावसायिक साना र मझौला व्यावसायिक खेती र पशुपन्छी पालनको प्रणालीमा आबद्ध कृषकहरू नै मूलतः औपचारिक वा अनौपचारिक बजार प्रणालीमा उत्पादन आपूर्ति गर्ने कृषक हुन् । जीविकोपार्जन र अर्धव्यावसायिक कृषि तथा पशुपन्छी उत्पादन प्रणालीमा संलग्न हुनेको तुलनामा पूर्ण व्यावसायिक उत्पादकहरूको सङ्ख्या थोरै हुने भएकोले ठुला व्यावसायिक कृषि प्रणालीको विकासले तुलनात्मक रूपमा सिमित व्यवसायी नै आर्थिकरूपमा लाभान्वित हुने जोखिम हुन्छ । तसर्थ नेपालको सन्दर्भमा कृषि विकासमा संलग्न सबै स्तरका कृषकहरूको आ-आफ्नो महत्त्व हुने भएकोले राज्यको भूमिकालाई सबै प्रणालीमा आबद्ध कृषकहरू प्रोत्साहित र लाभान्वित हुने गरी सन्तुलित हुनुपर्नेछ तर, देशको कृषि क्षेत्र विकास प्रयासको दीर्घकालीन र पहिलो प्राथमिकता ठुलो सङ्ख्यामा रहेका कृषकको संरक्षण गरी उनीहरूलाई रोजगारी र कम्तिमा पनि जिविका चलाउन पुग्ने गरी बचतको प्रत्याभूत गर्ने हुनु बाञ्छनीय छ ।

देशको भौगोलिक अवस्था, विविधतायुक्त प्रकृति, अत्याधिक सङ्ख्यामा सक्रिय युवा जनशक्तिको उपस्थिति र स्थानीय स्रोत साधनहरूको अधिकतम परिचालन गरी कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको चौतर्फी विकास गर्न तीनै तहका सरकारहरू सक्रियताका साथ लागेका देखिन्छन् । तथापि श्रमको पलायन, जमिनको खण्डीकरण, जमिनको बाँझोपन, गुणस्तरीय उत्पादन सामग्रीहरूको उपलब्धतामा कमी, उत्पादित कृषि तथा पशुपन्छीजन्य उपजको बजार पहुँच र सुनिश्चिता हुन नसक्नु, उत्पादित कृषि उपज र पशुपन्छीजन्य दूध, अण्डा र मासु उत्पादनलागत तुलनात्मकरूपले बढी हुँदा कृषकले अपेक्षित लाभ प्राप्त गर्न नसक्नु, कृषि तथा पशुपन्छी दुवै उप-क्षेत्रमा प्रविधिको प्रयोग, यान्त्रीकिकरण तथा आधुनिकिरणको गति सुस्त भई कम नाफामूलक व्यवसायको रूपमा रहँदा कृषि व्यवसाय सम्मानित पेसाको रूपमा स्थापित हुन नसक्दा युवा जनशक्तिको आकर्षण कम हुनु, पूँजी लगानीको विकल्पहरू कम हुनु, कृषि क्षेत्र जोखिमयुक्त रहनु, कृषि अनुसन्धान तथा प्रसार सेवा तथा ऋण, बीमा, अनुदानलगायतका योजना तथा कार्यक्रमहरूको केन्द्रीय तहबाट तल्लो तहसम्म प्रभावकारी रूपमा हस्तान्तरण हुन नसक्नु र हस्तान्तरण गरिएका योजना तथा कार्यक्रमहरू पनि स्थानीय तहले नेतृत्वदायी भूमिका निर्वाह गरी थप सशक्त र मूर्तरूप दिन

नसक्नुलगायतका समग्र कृषि तथा पशुपन्छी विकासका चुनौतीले प्रचुर सम्भावना र अवसरका बाबजुद पनि यस क्षेत्रले अपेक्षाकृत गति लिन सकेको छैन ।

सडक, खानेपानी, शिक्षा, स्वास्थ्यलगाय क्षेत्रहरूमा लगानी गर्न यथेष्ट स्रोत नभएका कारण राज्यले उठाउने करहरू सोही क्षेत्रमा बढी लगानी हुन्छ र कृषि क्षेत्र प्राथमिकतामा पर्ने गरेको छैन । नेपालको छिमेकी मुलुकहरू र अन्य विकसित देशले कृषि क्षेत्रमा प्रशस्त लगानी गरेको पाइन्छ । जापान तथा दक्षिण कोरिया जस्ता विकसित देशहरूले देशको कृषि क्षेत्रबाट आम्दानी हुने आधाभन्दा बढी राजस्व पुनः कृषि क्षेत्रमा नै लगानी गर्ने गर्छन् ।

## कृषि क्षेत्रबाट अपेक्षा

कृषकका अपेक्षा तथा बजारका पक्षहरूलाई जोड्दै कृषि क्षेत्रमा रहेका अवसरलाई सदूपयोग गरी देशलाई खाद्य सुरक्षा र आत्मनिर्भरताको बाटोतर्फ डोऱ्याउनु आजको आवश्यकता हो । अर्कोतर्फ सन्तुलित कृषि व्यापारको माध्यमबाट बढ्दो व्यापार घाटाको अवस्थालाई सुधार गर्ने दिशातर्फ कृषि क्षेत्रको योगदानलाई बढाउन सकिने ठुलो सम्भावनासमेत रहेको छ ।

## कृषि क्षेत्रको समग्र परिदृष्य

देशको करिव दुई तिहाई जनसङ्ख्या रोजगारी तथा जीविकाको लागि निर्भर रहेको कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनमा करिव २५.८ प्रतिशत (आर्थिक सर्वेक्षण, २०७७/७८) योगदान छ । कूल क्षेत्रफलको करिव २१ प्रतिशत खेती गरिएको जमिनमध्ये २०-२५ प्रतिशत जग्गा बाँझो रहको अवस्था छ । पछिल्लो १० वर्षको कृषि क्षेत्रको वृद्धिदर ३ प्रतिशतको हाराहारीमा मात्र छ । मूख्य खाद्यान्न बालीहरू तथा केही तरकारीबालीमा आत्मनिर्भर हुने राष्ट्रिय लक्ष्य प्राप्त हुन सकिरहेको छैन । नेपालमा कृषिको औषत प्रतिहेक्टर उत्पादकत्व र कृषि क्षेत्रमा कार्यरत श्रमको प्रतिव्यक्ति प्रतिफल तुलनात्मकरूपमा गैरकृषि क्षेत्रको भन्दा न्यून छ । ५० प्रतिशतभन्दा बढी कृषि आर्थिकरूपमा दिगो छैन । समग्र खेती गरिएको जमिनमध्ये नाफामूलक बालीहरूले ओगटेको क्षेत्रफल न्यून रहेको छ । त्यसमा पनि तरकारी र फलफूल जस्ता तुलनात्मक लाभ भएका बालीहरूको क्षेत्रफल झन् न्यून छ । कृषि र गैरकृषि क्षेत्रको अन्तरक्रियालाई हेर्दा वैदेशिक रोजगार र सेवाको क्षेत्र प्रमुखरूपमा अगाडि आएको र कृषि क्षेत्रको श्रमलाई गैरकृषि क्षेत्रले तीव्र रूपमा आकर्षित गरिरहको छ । कृषि क्षेत्रबाट श्रमको पलायनसँगै कृषि क्षेत्रलाई प्रविधि र पूँजी प्रधान बनाई आधुनिकीकरण र व्यवसायीकरण

गर्नु आवश्यक छ । पशुपालन क्षेत्रले देशको कूल गार्हस्थ्य उत्पादनमा करिव ११ प्रतिशत र कूल कृषि गार्हस्थ्य उत्पादनमा २६.८ प्रतिशत योगदान गर्दै आएको छ । यस क्षेत्रमा करिव ३३ लाख कृषक परिवारहरूको संग्लनता छ ।

## सवैधानिक व्यवस्था

नेपालको संविधानको भाग ४ धारा ५१ को खण्ड 'ङ' को (३) र (५) कृषि तथा भूमिसुधार सम्बन्धी नीतिले कृषिको उत्पादन र उत्पादकत्व वृद्धिका लागि कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने नीति लिएको छ । कृषकका लागि कृषि सामग्रीहरूको सुलभ उपलब्धता, उत्पादन गरेका कृषि उपजहरूको उचित मूल्यको सुनिश्चितताका साथै बजारसम्मको पहुँचको व्यवस्था गरी कृषकहरूको हकहित संरक्षण र सम्वर्द्धन गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना संविधानले गरेको छ। संविधानको भाग ४ धारा ५० को उपधारा (३) मा तीव्र आर्थिक वृद्धिदरसहितको आत्मनिर्भर, स्वतन्त्र र समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माण गर्नु राज्यको आर्थिक उद्देश्य हुने कुरा उल्लेख छ । त्यसैगरी कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्नु नागरिकको आधार भूत आवश्यकता सम्बन्धी नीतिले आत्मसात गरेको छ । त्यसैगरी धारा २५ को उपधारा (४) अन्तर्गत निषेधात्मक प्रावधान अनुरूप भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्ने प्रयोजनका लागि राज्यले कानुन बमोजिम भूमिसुधार, व्यवस्थापन र नियमन गर्न बाधा नपर्ने उल्लेख छ । यसका लागि राज्यले कृषकलाई आधारभूत गुणस्तरीय उत्पादन सामग्रीको उपलब्धता सुनिश्चित गर्दै नवीन प्रविधि उपयोगमा प्रोत्साहन गर्न, उत्पादनमा निश्चित प्रतिशतको नाफासहितको मूल्य र खरिद सुनिश्चितता एवम् बजारीकरण सहयोग, संभावित जोखिमबाट सुरक्षणमार्फत राज्यका तर्फबाट प्रदान गरिने सेवा सुविधाहरूमा जनताको समान र सहज पहुँच सुनिश्चित गरी परदशी र अनुमान योग्य बनाउने तथा सुशासनको प्रत्याभूति दिने नीति कांग्रेसले अवलम्बन गर्नुपर्ने छ ।

## अन्तर्राष्ट्रिय दायित्व

नेपाल मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, विश्व व्यापार सङ्गठनका कृषि सम्बन्धी सम्झौताहरू र सार्क खाद्य बैंकलगायत सन्धि-सम्झौताहरूको

पक्ष राष्ट्र हो । राज्यबाट प्रदानगरिने सेवा सुविधामाजनताको सहभागिताको सुनिश्चितता, समानता, शासकीय पारदर्शिता र जवाफदेहिता मानव अधिकारका अविभाज्य सिद्धान्तहरू हुन् । राज्यका तर्फबाट कृषकका लागि प्रदान गरिने सेवा र सहुलियतमा सबै कृषकको समान पहुँच स्थापना गर्ने गरी अन्तर्राष्ट्रिय सन्धि सम्झौताका हकमा पनि स्वभाविकरूपमा आधारभूत सिद्धान्तको परिपालन हुनुपर्नेछ । यसमा नेपाली कांग्रेसले अग्रणी भूमिका खेल्नुपर्नेछ ।

## कृषिमा डिजिटलाइजेसन

कृषि क्षेत्रमा उपलब्ध गराउने सेवालाई पारदर्शी, प्रभावकारी तथा सेवाग्राहीको पहुँचमा बृद्धि गर्ने कार्यमा डिजिटलाइजेसनको ठुलो महत्त्व रहन्छ। हाल अनुदानमा वितरण भइरहेको रसायनिक मलको वितरणलाई पारदर्शी तथा प्रभावकारी बनाउन विद्युतीय प्रणाली विकास गरी मल नाकामा प्रवेश गर्ने विन्दुदेखि कृषकको पहुँचमा पुगुञ्जेलसम्मको विवरण उपलब्ध गराउन सके प्राप्त गर्ने कृषकको वास्तविक विवरण तथा उनीहरूको मागको बारेमा समेत स्पष्ट जानकारी प्राप्त गर्न सकिन्छ । साथै कृषकले रासायनिक मलमा पाउने अनुदान सोझै कृषककै खातामा जाने व्यवस्था पनि यस पद्दतिबाट गर्न सकिन्छ । यसका साथै खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५ को अनुसार लक्षित घर परिवारको अभिलेख राख्न, किसानको पहिचान, विभिन्न विवरण (खाद्य सञ्चिति अवस्था, परिमाण, खाद्यको मूल्य, खाद्यको वितरण प्रणाली) सार्वजनिक गर्ने, लक्षित वर्गलाई सहायता उपलब्ध गराउनेलगायत कार्य पनि यसै पद्दतिमार्फत गर्न सम्भव हुन्छ । अर्को महत्त्वपूर्ण कार्यको रूपमा देशभरका कृषक, कृषि व्यापारी, सहयोगी संघ-संस्थालाई जोड्ने गरी विद्युतिय कृषि बजारको व्यवस्था पनि यस कृषि डिजिटलाईजेसनको प्रकृयामार्फत गर्न आवश्यक छ ।

## कृषि विकासका लागि युवा

४२ प्रतिशतको हाराहारीमा रहेका युवा क्रमशः कृषि क्षेत्रबाट पलायन हुने प्रक्रियाले कृषि क्षेत्र श्रमविहीन बन्दै गइरहेको अवस्था हामी सामू विद्यमान छ । यसले गर्दा समग्र कृषि जमिनको उत्पादकत्व न्यून भई अपेक्षित प्रतिफल प्राप्त हुन सकिरहेको छैन । युवा पुस्ता प्रविधिमैत्री हुने, जोखिम मोल्न सक्ने र कृषि क्षेत्रका विभिन्न चूनौतिसँग जुध्न सक्ने हुँदा कृषि विकासको अग्रपङ्क्तिमा युवा पुस्ताको ठुलो भूमिका हुन्छ । त्यसैले युवा शक्तिलाई जबसम्म कृषि क्षेत्रमा परिचालन गर्न सकिँदैन तबसम्म हाम्रो परम्परागत कृषि प्रणालीलाई ब्यवसायिक

र आधुनिकीकरणतर्फ लग्न सकिँदैन । अर्कोतर्फ राज्यको नीतिले युवा पुस्तालाई देशमै रोजगारीको अवसर सिर्जना गरी विदेशिने क्रमलाई रोक्ने र कृषि पर्यटन तथा उत्पादनशील क्षेत्रमा उनीहरूलाई परिचालन गर्ने सोच लिएको छ । तसर्थ देशलाई प्राप्त जनसङ्ख्या डिभिडेन्डको लाभ उठाउन र कृषि क्षेत्रमा युवा पुस्तालाई व्यवसायिकरूपमा आकर्षित गर्न कृषि विषय अध्ययन गरी बेरोजगार रहेका युवाहरूलाई केन्द्रित गरी उनीहरूको चाहना र संभाब्यता अनुसार कृषि सामग्री आपूर्ति, स्रोतकेन्द्र स्थापना, बजारीकरण, उत्पादन प्रशोधन तथा सेवा मुलक कृषि ब्यवसाय गर्न तालिम र ब्यवसायिक योजनामा आधारित अनुदानको ब्यवस्था गर्न सकिन्छ । कृषि तालिमलाई युवाहरूको माग अनुरूप कृषि ब्यवसाय विस्तार गर्ने दिशामा केन्द्रित गर्दै हाल सञ्चालनमा रहेका कृषि तालिम केन्द्रहरूको क्षमता विकास गरी निजी क्षेत्रको समेत सहयोगमा training and incubation center सञ्चालन गर्न सकिन्छ । कृषि क्षेत्रका शिक्षण संस्थाहरूले अन्तिम वर्षका विद्यार्थीलाई कम्तिमा एक वर्ष स्थानीय निकायले सञ्चालन गरेका पकेटमा परिचालन गरी certificate दिने ब्यवस्थाका लागि न्यूनतम खर्च सरकारबाट उपलब्ध गराउन सकिन्छ । त्यसैगरी व्यवसायिक क्षेत्रका युवाहरूलाई परम्परागत खेती गरिरहेका सम्भावित क्षेत्रहरूमा स्वयम्सेवीको रूपमा परिचालन गरी कृषि प्रविधिको प्रसार गर्ने तथा अन्य क्षेत्रका युवालाई व्यवासयिक क्षेत्रमा ल्याई प्रविधि प्रसार तथा व्यवसायिक अनुभव आदान प्रदान गर्ने व्यवस्था गर्नसके प्रविधिको प्रभावकारी हस्तान्तरण गर्न सकिन्छ । कृषि क्षेत्रको संरक्षणका लागि प्राकृतिक विपद तथा बजारमा आउने अप्रत्याशित जोखिम व्यवस्थापनका लागि आवश्यक बजार मूल्यको नीति, कृषि बीमा जस्ता कार्यक्रमलाई प्रभावकारी रूपमा लैजान आवश्यक छ । निम्न कार्यनीति अपनाउन आवश्यक रहेको छ ।

- कूल उत्पादन साधनहरूको उत्पादकत्व (Total Factor of Productivity) वृद्धि कृषि भूमिको वैज्ञानिक तथा ब्यवहारिक व्यवस्थापन गर्ने र बाँझो रहेको तथा उर्वरता शक्ति कम भएका जग्गाको समुचित उपयोग गर्ने ।
- रासायनिक मल कारखाना स्थापना गर्नका लागि देशभित्रै उपलब्ध स्रोतहरू मै आधारित रही रासायनिक मल उत्पादन गर्ने उपयुक्त प्रविधिको खोजी गरी मल कारखाना स्थापनाका लागि काम गर्ने ।

- कृषि क्षेत्रको दिगो उत्पादकत्व बृद्धिका लागि आवश्यकताको आधारमा किसानको नियन्त्रणमा रहने भरपर्दो सिँचाई प्रणालीहरूको विकास तथा विस्तार गर्ने ।
- कृषि अनुसन्धान, शिक्षा र प्रसारबिचको सम्बन्धलाई कानुनत क्रियाशील, सुदृढ र प्रभावकारिता बढाउने ।
- कृषि अनुसन्धान, शिक्षा र प्रसारमा क्रियाशील बाली वस्तु विशेषका निकायहरूबिच कार्यमूलक सहकार्य सुनिश्चत गर्दै बीउ, बेर्ना, बिरुवा, नश्ल, प्रविधि र औजार उपकरणको प्राविधिक मापदण्ड र प्रोटोकल निर्धारण गर्ने कार्यमा यी निकायलाई क्रियाशील र जिम्मेवार बनाउने ।
- कृषि क्षेत्रका विभन्न कार्यमा महिलाको बोझ बढ्दै गएको सन्दर्भमा सो बोझलाई घटाउन विभिन्न बाली र वस्तुमा महिला-मैत्री प्रविधि विकास र प्रसार गर्दै उपयोगमा महिलाकोमा ध्यान दिने ।
- बीउ, बेर्ना, नश्ल, चल्ला, माछाका भूरा जस्ता कृषि उत्पादन सामग्रीको उपलब्धता र गुणस्तर सुनिश्चित गर्ने ।
- कृषि उपजको उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण, बजारीकरण र मूल्य व्यवस्थापन गरी कृषकलाई वचतको सुनिश्चितता हुने व्यवस्था गर्ने ।
- कृषि क्षेत्रबाट थप गुणात्मक रोजगारी सिर्जना हुने गरी कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण गर्ने ।
- कृषि क्षेत्रमा लगानीको वातावरण सिर्जना गर्न कर्जा प्रवाह तथा बीमालगायतका वित्तीय सेवाको सुधार गर्ने र कर छुटको व्यवस्था गर्ने ।
- कृषि क्षेत्रको मूल्य श्रृङ्खलाका विभिन्न चरणमा परेका समस्या तथा अवरोधको पहिचान तथा समाधान गरी स्वचालित कृषि मूल्य श्रृङ्खलाको विकास गर्ने ।
- कृषि सूचना, सडक, भण्डारण र बजारिकरण सम्बन्धी पूर्वाधार विकास तथा संरचनागत सूधार गरी कृषि क्षेत्रको दक्षता बृद्धि गर्ने ।

- कृषि उत्पादन हुने ग्रामीण कृषिजन्य व्यवसायिक पकेट क्षेत्रलाई बजारसँग जोड्ने गरी बाह्रै महिना सञ्चालन हुने रणनीतिक ग्रामीण कृषि सडकको निर्माण तथा विस्तार गर्ने ।
- कृषि व्यापार घाटा न्यूनीकरण गर्न आयात प्रतिस्थापन गर्ने र अन्तर्राष्ट्रिय बजार विश्लेषणको आधारमा नेपालको पहिचान दिने खालका बाली र वस्तुको निर्यात प्रवर्द्धन गर्ने ।
- प्राङ्गारिक तथा रासायनिक मल, जैविक विषादिको आवश्यकता पहिचान, उपलब्धता, गुणस्तर, नियमन र वितरण पद्धतिमा सुधार गरी यसको समुचित प्रयोगलाई प्राथमिकता राख्ने ।
- जैविक विविधता संरक्षणका लागि उपयुक्त प्रविधिको खोज, अनुसन्धान तथा विकास गरी वातावरणमैत्री कृषि प्रणालीको विस्तार गर्ने ।
- कृषि क्षेत्रमा जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका लागि विभन्न प्रविधि तथा पद्धतिको खोज एवम् अनुसन्धान र प्रसार, वित्तको आँकलन र क्षमता बृद्धि गर्ने ।
- दीगो कृषि व्यवस्थापनको क्षेत्रमा अनुसन्धान तथा प्रविधि र पद्धति विकास तथा प्रसार गर्ने ।
- कृषि वस्तुहरूको प्रशोधन सम्बन्धी प्रविधिको खोज, विकास र प्रयोगको प्रचारप्रसार तथा स्वच्छ खाद्य उत्पादन पद्धतिको विकास गरी सोको अवलम्बनमा प्रभावकारिता बढाउने ।
- संघ, प्रदेश र स्थानीय तह तथा सम्बद्ध सरोकारवालाबिचको समन्वय र सहकार्यलाई सुदृढ गरी नीति कार्यान्वयन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै सुशासनमा सुधार गर्ने ।
- सघ, प्रदेश र स्थानीय तहहरूमा योजना तर्जुमा तथा तथ्याङ्क व्यवस्थापनमा सामन्जस्यता कायम राख्ने ।
- संघ, प्रदेश तथा स्थानीय तहमा अनुसन्धान, शिक्षा र प्रसारबिच समन्वय गर्ने ।

# आर्थिक विकास

## अर्थतन्त्र र अर्थनीति

अर्थतन्त्र शासनको (सत्ता)को आर्दश, क्षमता, दृष्टिकोण र प्रभावको समिष्टिगत रूप हो । अर्थको अवधारणाले राजनीतिक दर्शनको सान्दर्भिकता मापन हुने गर्दछ । माग र पुर्तीको श्रृंङ्खलामात्रै नभएर अर्थतन्त्र इच्छा शक्ति व्यवस्थापन र परिचालनको श्रृंङ्खला हो । स्रोत उत्पादन, उपभोग, वितरण जस्ता तमाम जटिल र प्राविधिक पक्षले अर्थतन्त्रको दिशा र ब्यवस्था निर्धारण गर्दछ ।

अर्थब्यवस्थाको ईन्जिन भनेको अर्थनीति हो । अर्थनीतिले अर्थब्यवस्था सञ्चालन गर्न अवरोधविहीन मार्ग र पर्याप्त इन्धनको माग गर्दछ । अर्थतन्त्र इन्धनले मात्रै चल्दैन । यसले कुशल सञ्चालकको माग गर्दछ । बीपी कोइरालाले प्रस्तुत गर्नुभएको लोकतान्त्रिक समाजवादी चिन्तन नै मूलरूपमा नेपाली कांग्रेसको आर्थिक मार्गदर्शन हो । उत्पादन वृद्धिसहितको वितरणलाई जनसहभागितामूलक लोकतन्त्रले समन्वय गर्ने बीपीको विचार ७५ वर्षपछि पनि उत्तिकै सान्दर्भिक छ । सन् १९७० मै बीपीले आर्थिक वृद्धिको प्रक्रिया रोजगारमूलक हुनुपर्ने र पर्यावरणीय दोहनको मूल्यमा गर्न नहुने भन्ने विचार व्यक्त गर्नुभएको थियो । यी विषयलाई आज विश्वले नै दिगो विकासका लक्ष्यका रूपमा स्वीकारेका छन् । समतामूलक गतिशील अर्थतन्त्रको समाजवादी साध्यमा कुनै परिवर्तन गर्न आवश्यक छैन । तर, त्यो लक्ष्यमा पुग्नका लागि उपयोग गरिने साधन र माध्यम भने समयसापेक्ष र गतिशिल हुनु जरुरी छ । न्यून लगानी र न्यून उत्पादकत्व, नगण्य रोजगारी सिर्जना, युवा शक्तिको विदेश पलायन, अपर्याप्त पूर्वाधार, अधिक लागत, खर्च गर्ने क्षमताको अभाव, बढ्दो व्यापार घाटा र बाह्य क्षेत्रको जोखिम, गुणस्तरीय स्वास्थ्य र शिक्षामा असमान पहुँच, सामाजिक सुरक्षाको सुस्त विस्तार नेपाली अर्थतन्त्रका चुनौती हुन् । जसरी वि.सं. २०४८ पछिको परिवर्तन लगत्तै नेपाली कांग्रेसले सुरु गरेका नीतिगत सुधारहरूको जगमा मुलुकले सशस्त्र द्वन्द्व र लामो संक्रमण थेग्ने आधार प्राप्त गऱ्यो । त्यसरी नै कांग्रेसले एकपटक फेरि दूरगामी महत्त्वको विकास अभियानको नेतृत्व लिने छ । २१औं शताब्दीको विश्व परिवेशमा नेपाली कांग्रेसको आर्थिक नीति भावी नेपालका लागि प्रभावकारी हुनु जरुरी छ ।

आर्थिक नीतिका बारेमा नेपाली कांग्रेसको पहिलो घोषणा पत्र (प्रथम आम निर्वाचन २०१५ मा उल्लेख गरिएको निम्न कुरा आज पनि उत्तिकै सान्र्दभिक छ। "नेपाली कांग्रेस समाजवादी संस्था हो। यसको अन्तिम लक्ष्य एउटा यस्तो आदर्श व्यवस्था स्थापित गर्नु हो, जहाँ मनुष्यले मनुष्यको शोषण गर्नेछैन। धनदौलतका अभावमा उत्पन्न भएको साना-ठुलाको भेद नेपाली कांग्रेस समाप्त गर्न चाहन्छ। अरू पनि अनेकौं थरिका सामाजिक अन्याय र असमानता देशमा व्याप्त छन्। ती सबै अन्याय र असमानतालाई समाप्त पारी पारस्परिक मेल सद्भावना र सहकारिताका आदर्शबाट प्रेरित एउटा ठुलो राष्ट्रका रूपमा हाम्रो वर्तमान समाजलाई पुनर्गठित गर्नु नेपाली कांग्रेसको ध्येय हो। यसै बाटोबाट राष्ट्रको बढीभन्दा बढी उन्नति हुनसक्छ। नेपाली कांग्रेसको समाजवादी व्यवस्थाको बाटो छोटो छैन। यस अवस्थामा देशले निकै लामो र कष्टसाध्य उकालेको बाटो छिचोल्नु छ। तत्काल नै हाम्रो समाजमा लक्ष्य प्राप्त गर्ने साधन उपलब्ध छैनन्। यी साधनलाई सुस्तरी सुस्तरी प्राप्त गर्दै प्रजातान्त्रिक पद्धतिद्वारा हामीले समाजवादका महान् लक्ष्यका तर्फ अग्रसर हुँदैजानुछ।"

कांग्रेसको २०१५ को घोषणा पत्रमा उल्लेख गरिएका माथिका भनाई आज पनि त्यत्तिकै मननीय छन्। र, २१औं सताब्दीका लागि विश्व अर्थतन्त्रसँग प्रतिसप्रधात्मक नेपाल निर्माण गर्न हाम्रो आर्थिकनीति निम्न विषयमा केन्द्रित हुनुपर्छ।

१) उच्च उत्पादकत्वमा आधारित दीगो र फराकिलो आर्थिक वृद्धि,
२) समतामूलक लोककल्याणकारी राज्य,
३) रोजगारमुखी युवा केन्द्रित उद्यमशीलता,
४) सार्थक वित्तीय सङ्घीयता,
५) सदाचारयुक्त आर्थिक सुशासन,

आज सामाजिक आवश्यकताको चरित्र हेर्दा भन्न सकिन्छ कि, "निःशुल्क गुणस्तरीय स्वास्थ, शिक्षा र सर्वशुलभ यातायात, सञ्चारसँगै उद्यमशिलतासहितको रोजगार र जनताको अधिकार, नेपाली कांग्रेसको सरकार।"

## पूँजी निर्माण

नेपालको औसत आयु, जनसांख्यिक लाभ, उपलब्ध प्राकृतिक सम्पदा, सपदाको विविधता, भौगोलिक उपस्तिथि, नेपालको सामाजिक विविधतामा एकता,

नागरिकको देशप्रतिको माया, गणतन्त्रको व्यवस्था, संविधानको स्वीकारोक्ति र विकासको आवश्यकताले नेपालको विकासको निम्ति प्रचुर सम्भावनाको ढोका खोलेको छ ।

स्रोतसाधनको अधिकतम र मितव्ययी सदुपयोग, दीगो आर्थिक विकास, रोजगारी र अवसरको सिर्जना, औसत आयु वृद्धि, स्वस्थ प्रतिस्पर्धात्मक र समतामूलक समाज निर्माण, लागानी वृद्धि, पूर्वाधार विकास, दीर्घकालीन आर्थिक स्थिरता, सांस्कृतिक सम्पन्नता, गुणस्तरीय जीवन, आर्थिक स्वावलम्बन आदिको प्राप्तिका निम्ति पूँजी निर्माण नै निर्णायक हो ।

कुनै पनि देश निर्माणमा राष्ट्रिय पूँजीको आकार, आधार, प्रकृति, बनोट र लक्ष्यले विशेष महत्त्व राखेको हुन्छ । हामीले २००७ सालको परिवर्तनदेखि आजसम्म जनताले खोजेको र समयानुकूल विकास गर्न नसक्नुको कारण राजनीतिक दलहरू र नीतिकर्ता पूँजी निर्माणमा चुक्नु नै छ । कुनै पनि देशको विकासको निम्ति सबैभन्दा बढी महत्त्व मानवीय पूँजीको हुन्छ । नेपालमा मानवीय पूँजीको कुशल निर्माण र त्यसको व्यवस्थापनमा केही कमजोरी छन् । अब मानवीय स्रोत विकास, क्षमता अभिवृद्धि र व्यवस्थापन गर्न निश्चित अधिकारसहितको प्रभावकारी संयन्त्रमार्फत मानवीय पूँजी निर्माणको गर्नु पहिलो सर्त हो ।

औपचारिक शिक्षाको उपलब्धता र गुणस्तरले शैक्षिक पूँजीको निर्माण गर्दछ । विभिन्न क्षेत्रमा नागरिकको सिप र प्राप्त अनुभवले सिपमूलक र व्यावहारिक मानवीय पूँजी निर्माण गर्दछ । नागरिकको सामाजिक सम्बन्ध, सामाजिक संस्थाहरूसँगको सम्बन्ध र सामाजिक सहकार्यले सामाजिक पूँजी निर्माण हुन्छ । परिवारको लालनपालन, संस्कार र संस्कृतिको हस्तान्तरण, सांस्कृतिक मूल्यमान्यताको अभ्यास, भाषा र सभ्यताको अनुसरण, संरक्षण र प्रवर्द्धनले मात्र सांस्कृतिक पूँजी निर्माण हुन्छ । नवीनतम अभ्यास, निरन्तरको उन्नयन र पेसा, उत्पादन र मानसिकतामा हुने अन्वेषणले मात्र पूँजी निर्माण हुन्छ । सामाजिक एवम् राजनीतिक अनुशासन, स्वचेतना, नागरिक अनुशासन र सामूहिकताको भावले मात्रै ऐक्यबद्धता निर्माण हुन्छ । नागरिकको सुस्वास्थ्य, मानसिक स्फूर्ति, शारीरिक स्फूर्ति, निरोगिता, पोषणको पर्याप्तता, रोग प्रतिरोधात्मक क्षमता र स्वस्थ जीवनशैलीले स्वास्थ्य पूँजीको निर्माण हुन्छ । मानवीय पूँजीको निर्माणको समग्र पाटामा हामी चुकेको यथार्थ छ । मानवीय पूँजी कुन आयाममा हामीले

के-कति प्रगति हासिल गर्ने हो र कसरी गर्ने हो ? त्यसको स्पष्ट खाका हुनु नै पूँजी निर्माणको पहिलो अनिवार्य सर्त हो ।

उत्पादनको दृष्टिले शुद्ध भौतिक पूँजी राष्ट्रको पूँजी निर्माणको अर्को अनिवार्य पूर्वशर्त हो । भौतिक पूँजीले उत्पादन वा सेवाको उत्पादनमा जोडिएका सबै मानव निर्मित वस्तु र पूर्वाधारलाई जनाउँछ । कुनै पनि उत्पादन प्रक्रियामा प्रयोग हुने उपकरण, मेसिनरी, भवन, भौतिक संरचनाहरू र अन्य पूर्वाधार सामान्यतया भौतिक पूँजी हुन् । भौतिक पूँजी निर्माणमा श्रमशक्ति (श्रम पूँजी) र आर्थिक लगानीले ठुलो महत्त्व राख्दछ । आज विश्वमा समृद्ध देशको सूचीमा रहेका देशहरूमा भौतिक पूँजीको सम्पन्नता छ । एकैपटक ठुलो लगानी गर्न आवश्यक रहेको हुँदा विकासको वित्त व्यवस्थापनले ठुलो महत्त्व राखेको छ । हामीसँग यथेष्ट बाध्यताहरूका कारण विकास गर्न समय सीमित छ । यस्तो अवस्थामा विश्वका थुप्रै मुलुकहरूले भौतिक पूँजी निर्माण गर्न अख्तियार गरेका रणनीति प्रेरणादायी र उपयोगी हुन सक्छन् । आज प्रतिव्यक्ति सार्वजनिक ऋण धेरै भएका तमाम देशहरूले भौतिक पूँजी निर्माणमा ठुलो फड्को मारेका छन् । स्थानीय कच्चा पदार्थको प्रयोग, स्थानीय उत्पादमा जोड, स्वदेशी वस्तुको प्रयोग, भौतिक पूर्वाधार विकासको स्पष्ट मोडेल, आवश्यक पूर्वाधार विकासका निम्ति देशभित्र प्रविधि र ज्ञानको हस्तान्तरण, ऋण लगानीको वित्त व्यवस्थापन, भौतिक पूर्वाधार निर्माण, मर्मत र निजीक्षेत्रलाई हस्तान्तरण गर्ने प्रकियामा लचिलोपन, वित्तीय संस्थाहरूको उच्चतम अनुशासन र लचकता, दीर्घकालीनरूपमा पूर्वाधार ऋणको किस्तामार्फत भुक्तानी व्यवस्थापन, आय सुनिश्चितता, एकीकृत लगानी, उदार अर्थनीतिको सदुपयोगमार्फत निजी क्षेत्रको लगानी आकर्षण, संरक्षण र प्रवर्द्धन, सर्वपक्षीय सहकार्य, चुहावट नियन्त्रण आदि तमाम कुराको प्रयोग हामीले हाम्रो विकासको मोडेलसँग अंगीकार गरेरमात्रै भौतिक पूँजी निर्माणमा प्रगति गर्न सक्छौं ।

कुनै पनि अर्थव्यवस्थाको जीवन सञ्चार गर्ने काम वित्तीय पूँजीले गर्दछ । देशमा रहेका व्यक्ति, सञ्चालनमा रहेका व्यवसाय र सरकारको वस्तु तथा सेवाहरूमा लगानी, उत्पादन र व्यापार गर्न प्रयोग गर्ने मौद्रिक सम्पत्ति नै वित्तीय पूँजीको आधार हो । वित्तीय स्थिरता, पूँजीमा पहुँच, वित्तीय समावेशीकरण र वित्तीय नियमलाई संस्थागत गर्ने प्रयासहरूले वित्तीय पूँजीको दायरा र आकार निर्धारण गर्दछ । नागरिकको आर्थिक र वित्तीय साक्षरता वित्तीय पूँजी निर्माणको प्रथम

पूर्वसर्त हो । जिम्मेवार लगानीले मात्रै कुशल अर्थव्यवस्थाको महत्त्व राख्दछ र कालान्तरमा दिगो विकासलाई टेवा प्रदान गर्दछ । मौद्रिक नीति, वित्त नीति र आर्थिक नीतिको आपसी सामञ्जस्यता वित्तीय पूँजी निर्माणको अर्को अनिवार्य पूर्वसर्त हो । एक अर्कालाई सहायक हुने नीतिहरूले एक अर्काका लक्ष्य हासिल गर्न मद्दत गर्दछन् ।

कानुनको शासन, सम्पत्ति अधिकारको संरक्षण, ठोस आर्थिक नीतिहरू, लगानी र वित्तको विकेन्द्रीकरण, राजनीतिक स्थिरता, लगानीमैत्री वातावरण, लगानी सुरक्षाको प्रत्याभूति, विदेशी लगानीको लागि लचकता, दक्ष जनशक्ति, प्रतिस्पर्धात्मक कर प्रणाली, 24 x 7 व्यापारको वातावरण, नवप्रवर्तन र उद्यमशीलता केन्द्रित सहज नीति, नाफाको सुनिश्चिततालगायत पूर्वशर्तहरूको पूर्ति गर्न सकेमात्रै नेपालले वित्तीय पूँजी निर्माण गर्ने बलियो आधार तय गर्दछ ।

नेपालमा उच्च र अस्थिर रहेको बैंकको ब्याजदर, कानुनी प्रक्रियाको उल्झन, धितोको विविधीकरणमा कमी, धितोको संकुचित मूल्याङ्कन, वित्तीय उपकरणहरूको अभाव र सीमितता, नीतिगत अस्पष्टता, बजारको अप्रत्याशितता, शेयर लगानीको असुरक्षा, उच्च वित्तीय जोखिम आदि लगायत समस्याहरू हाम्रो देशको वित्तीय पूँजी निर्माणका बाधक हुन् । कुनै पनि सम्पन्न राष्ट्रको प्रायः निजीक्षेत्रको ठुलो आकर्षणको रूपमा रहेको घरजग्गा कारोबारमा बैंकिङ प्रणालीको सहायक भूमिका हुने गरेको छ । खरिद र लगानी सहायताको निम्ति किस्तामुखी कर्जाहरूको विभिन्न विकल्प आवश्यक रहन्छ । नेपालमा घरजग्गा कारोबारमा समेत ठुलो लगानी आवश्यक हुँदासमेत त्यसको वित्त व्यवस्थापनको पक्षमा बैंकले लचिलोपन नदेखाउने कुराले आर्थिक तनाव सिर्जना गर्दछ । प्रोजेक्टको लगानीलाई बुझ्न, मूल्यांकन गर्न र प्राथमिकीकरण गर्न नेपालमा ठोस नीतिको निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ ।

सार्वजनिक लगानी आकर्षण गर्न प्रारम्भिक सार्वजनिक प्रस्ताव (IPO) निर्धारण गर्ने नीति लचिलो हुनुपर्नेछ । नेपालमा सार्वजनिक लगानीको आधार तय गर्ने अवस्थासम्म पुग्न तमाम चुनौती छन् । स्वदेशी लगानीको सामान्य लगानीले सार्वजनिक लगानी आकृष्ट गर्ने अवस्था र पूर्वाधार छैन । यसैकारण थुप्रै कम्पनी र व्यवसाय दर्ता भए पनि लगानी प्राप्त गर्न नसकेर सञ्चालनको समस्याका कारण ठोस उपलब्धिबिना नै उद्दम बन्द गर्नुपर्ने अवस्था छ । शेयर बजारको अनुगमन, उन्नयन, संरक्षण र प्रवर्द्धन गर्न प्रयाप्त काम हुनसकेको छैन । विश्वका

समृद्ध देशहरूमा शेयर बजारको विविधीकरण र विकेन्द्रिकरणको अभ्यास सफल छ । हामीले यस दिशामा सकारात्मक भाष्य र वातावरण सिर्जना गर्न आवश्यक छ ।

जनघनत्व बढी भएको क्षेत्र वा स्थानमा गरिने सार्वजनिक पूर्वाधार लगानीको नीति खुला अर्थतन्त्रको सिद्धान्तमा केन्द्रित हुनुपर्नेछ । सहरमा निर्माण हुने सार्वजनिक पूर्वाधारमा विदेशी वा स्वदेशी निजी सहजै लगानी गर्न सकिन्छ । सरकारले सहरमा गर्ने सार्वजनिक पूर्वाधार खर्च दुर्गम र गाउँ केन्द्रित गर्ने नीति अवलम्बन गर्नुपर्नेछ । निजीक्षेत्रको प्रवेशले सरकारलाई राजस्व अभिवृद्धि गर्दछ र अर्कातर्फ सरकारलाई ग्रामीण विकासमा केन्द्रित हुन पूँजीले लचकता प्रदान गर्दछ । यसले बैंकलगायत वित्तीय संस्थालाई थप नाफा हुने क्षेत्रमा लगानी आकर्षण गर्दछ । यसरी वृद्धि भएको भौतिक पूँजीले वित्तीय पूँजी अभिवृद्धिमा समेत टेवा प्रदान गर्दछ ।

कुनै पनि देशले ट्रेजरी व्यवस्थापन, वित्तीय नीति, र सार्वजनिक ऋण जस्ता अवधारणाहरू मार्फतआफ्नो वित्त व्यवस्थापन गर्छन् । यसको मार्गनिर्देशन देशको मौद्रिक नीतिले गर्दछ । नगद प्रवाह व्यवस्थापनको पक्षमा राजश्व संकलन, सार्वजनिक खर्च व्यवस्थापन, ऋण भुक्तानी व्यवस्थापनलाई ध्यानमा राखेर काम गर्नु पर्नेछ । नेपाल जस्तो आयात केन्द्रित मुलुकमा तरलताका आवश्यकताहरू परिपूर्ति गर्न विदेशी मुद्रा सञ्चितीको बलियो अवस्था सिर्जना गर्न ठोस नीति आवश्यक छ । दीर्घकालीन लक्ष्यसँग अल्पकालीन आवश्यकतालाई सन्तुलनमा राख्न सक्नु नेपालजस्तो विकासोन्मुख देशको चुनौती हो ।

हामीले वर्तमान अवस्थामा पूँजीगत खर्च संकुचनमा भन्दा यसलाई वृद्धि गरेर आन्तरिक अर्थतन्त्र चलायमान गर्नुपर्छ । सरकारले पूँजीगत खर्चको नीति कस्तो अवलम्बन गर्छ, त्यसले समेत लगानीको वातावरण फरक पार्दछ । सरकारको राजस्व संरचना र बनोटमा महिलाको प्रत्यक्ष योगदान बढाउन ठोस नीति नभए जनसङ्ख्याको आधाभन्दा बढी हिसालाई पूँजी निर्माणमा जोड्नसकिने अवस्था छैन ।

प्राकृतिक पूँजीको रूपमा रहेको नवीकरणीय र अनवीकरणीय प्राकृतिक स्रोतहरूको संरक्षणसहित उपभोगको नीतिको अस्पष्टता र कार्यदिशा नभएकै कारण हाम्रा प्राकृतिक सम्पदालाई अर्थतन्त्रसँग जोड्न सकिरहेका छैनौं । भूमि, खनिज र

पृथ्वीको भूगर्भमा रहेका सम्पदाको अन्वेषण र प्रयोगमा हामी अग्रसर हुनुको विकल्प छैन । हाम्रो उर्वर माटोलाई अर्थतन्त्रको हिस्सा बनाउन हाम्रो कृषि नीति प्रभावकारी हुन आवश्यक छ । जैविक सम्पदासँग जोडेर आर्थिक आय र जैविक सम्पदा संरक्षणको सन्तुलनमा हाम्रो प्रयास अपर्याप्त छ । कार्बन क्रेडिटलगायत जलवायु वित्त व्यवस्थान र आयका तमाम सम्भावनामा हामी चुकेका छौं । हामीले प्रति टन कार्बनको न्यूनतम मूल्य पाउन सकेका छैनौं । वनलाई हामीले पर्यटन र अन्य आर्थिक गतिविधिमा जोड्न सकेका छैनौं । नेपाललाई वर्तमान समयमा फिटनेश टुरिज्म र मेडिटेशन टुरिज्मको हब बनाउने कुरामा हामीले ठुलो महत्त्वाकांक्षा राखरे काम गर्नुपर्नेछ ।

हामीले हाम्रो जलनीति राम्रो बनाउन सक्यौं भने हाम्रो अर्थतन्त्रले आफैं गति प्राप्त गर्ने अवस्था छ । ऊर्जा, खानेपानी, जल पर्यटन, सिँचाईलगायत तमाम क्षेत्रमा यथेष्ट प्रगति हासिल गर्न सकिन्छ । जलवायु नियमन, बाढी नियन्त्रण, हावा र पानी शुद्धीकरणलगायत कुरा प्राकृतिक पूँजी निर्माणको सन्दर्भमा महत्त्व राख्दछन् । प्राकृतिक पूँजीलाई विकास र पूँजी निर्माणको व्यवहारिक उपकरण बनाउन जरुरी छ ।

हाम्रो देशमा बौद्धिक पूँजी निर्माणको आधार बनिसकेको छैन । एउटा कुनै प्याटेण्ट वा टेडमार्कले मात्र पनि देशको कायापलट गर्ने क्षमता राख्दछ । विश्वविद्यालयको लगानीलाई बैद्धिक पूँजी निर्माणको हब बनाउन हाम्रो प्रयास र लगानी बढाउन आवश्यक छ । युवा र बौद्धिक सम्पत्तिका रूपमा रहेका आदर्श पात्रलाई समृद्धिसँग जोड्न सकेका छैनौं । मानवीय पूँजीलाई समृद्ध बनाउन बौद्धिक पूँजी निर्माणको स्पष्ट रोडम्याप आजको आवश्यकता हो ।

कुनै पनि देशमा कस्ता व्यक्तिहरूले जनताको प्रतिनिधित्व गर्दछन् र शासन सत्ताको बागडोर कस्तो व्यक्तिको हातमा छ भन्ने कुराको विशेष महत्त्व हुन्छ । हाम्रो नेतृत्व नै देशको राजनीतिक पूँजी हो । सीमित स्रोतसाधन भएका देशमा समेत नेतृत्वको दृढ संकल्प, राज्य सञ्चालनको क्षमता र राष्ट्रिय पूँजी निर्माणको बुझाइले विलक्षण विकास भएको पर्याप्त उदाहरणहरू छन् । राजनीतिक व्यक्तित्व र राजनीतिक सङ्गठनहरू समेत पूँजी निर्माणका आधार हुन् । कस्तो राजनीतिक दल बनाउने र कस्तो नीति निर्माण गर्ने कुरा दलभित्र हुने बहससमेत देश

विकासमा सान्दर्भिक हुने गर्दछ। त्यसैले राजनीतिक दलहरू सञ्चालन हुने कुरा र प्रवृत्तिसमेत राष्ट्रहित केन्द्रित हुन अपरिहार्य छ।

## दीगो विकास लक्ष्य कार्यान्वयन

सन् २०३० भित्र नेपालले दीगो विकासका लक्ष्य हासिल गर्ने लक्ष्य राखेको छ र त्यसका निम्ति अब ६ वर्षको समयमात्रै बाँकी छ। दीगो विकास लक्ष्य कार्यान्वयन गर्न हाम्रो कमजोर आर्थिक अवस्था, भूकम्पलगायतका प्रकोप, विकासका लागि अनुसन्धानको कमी, विकास स्रोतको अनिश्चितता, तीनै तहको सरकारको समुन्वयमा कमी, व्याप्त भ्रष्टाचार, राजनीतिक अस्थिरता, दीगो विकास लक्ष्यको स्थानीयकरणमा समस्या, दिगो विकासमा समुदायको सहयोग लिन नसक्नु, विकासका भौगोलिक र क्षेत्रगत असमानता आदिका तमाम कारणले पछाडी धकेलिरहेको हाम्रो दीगो विकासलाई हालैको विश्व राजनीतिले थप पछाडि धकेलेको छ। हाम्रो राज्य र कर्मचारीतन्त्रको सीमित संस्थागत क्षमता विकासमा ठोस प्रगति अझै भइसकेको छैन। दीर्घकालीन योजना र स्रोत विनियोजनमा राजनीतिक स्वार्थ र भेदभावले झनै समस्या थपेको छ। गरिबी र असमानताको सामना गरिरहेको ठुलो जनसङ्ख्याका वर्गीय र आर्थिक हित सुरक्षित नगरी लक्ष्य हासिल गर्न गाह्रो छ। हरेक नागरिकको विकासमा सहभागिताको अवस्थाको सुनिश्चितता नै दिगो विकासका निम्ति आवश्यक पूर्वसर्त हो। त्यतातर्फ राज्यको ध्यान गएको छैन। हाम्रो बसोबास नीति भौगोलिक असमानतालाई कम गर्ने किसिमको छैन। सहरमा केन्द्रित विकासले भौगोलिक असमानतालाई थप जटिल मुद्दा बनाएको छ। समाजमा लैङ्गिक असमानताका मुद्दा सशक्तीकरण पर्खेर बसेका छन्। दीगो विकास कार्यान्वयनका निम्ति वित्तीय स्रोत परिचालनबारे नेपालले तत्काल नै रणनीति निर्माण गर्नुपर्ने आवश्यकता छ। यस सन्दर्भमा नेपाली कांगेसले आफ्नो रणनीति र भूमिका स्पष्ट पार्न जरुरी छ। सफल अर्थकूटनीति, सुशासन, राष्ट्रिय पूँजी निर्माण र परिचालन, ऋण र सहायता, प्रविधि र सिपको रूपमा वैदेशिक लगानी आदिले २०३० भित्र दीगो विकास हासिल गर्न सकिने अवस्था छ। तर, यसप्रति राजनीतिक नेतृत्व इमानदार र विकासवादीसँगै दिगो विकास लक्ष्यमैत्री हुन आवश्यक छ।

## नीति र कार्यान्वयनको अन्तर

नेपालको विकासमा नीतिको विफलता र नीति कार्यान्वयन अन्तरले ठुलो समस्या सिर्जना गरेको छ। हामीले पन्ध्रौं आवधिक विकास योजनाको चरण पूरा गर्न

थालेका छौँ तर पनि आशातीत विकास हासिल गरेका छैनौँ। तत्कालीन अवस्थामा गरिएको ९ प्रतिशत आर्थिक वृद्धिदरको परिकल्पना आवधिक योजनाको अन्तिममा पुग्दै गर्दा २.५ प्रतिशत वरिपरि छ। नीति असफलता र नीति कार्यान्वयन अन्तर सम्बन्धमा नेपालका राजनीतिक दल र नीति निर्माता गम्भीर भएर समीक्षा गर्न र समस्याको समाधान खोज आवश्यक छ। अन्धाधुन्द विकासले हाम्रो राज्यको स्रोत चुवाहट र अनावश्यक खर्च गरेको छ। वितरणमुखी विकास योजनाको प्रतिफल विकासमा देखिएको छैन । हामीले अख्तियार गरेका पर्यटन, युवा, व्यापार, उद्दमशीलता, दीगो विकास, सामाजिक विकास, युवा इत्यादि हरेक क्षेत्रका नीतिहरूले निदृष्ट गरेका लक्ष्य हासिल गर्न सकेका छैनौँ। राजनीतिक दलले जारी गर्ने घोषणापत्र, सरकारले गर्ने आर्थिक नीति र राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीति, हाम्रो परनिर्भरता, दाताहरूको अस्थिरता र लगानीको स्वार्थ, जटिल भूराजनीति, भौगोलिक र सामाजिक असामानता आदिका कारण संविधान बनेर कार्यान्वयनमा गइसक्दासमेत नीति असफल भएका छन्। नीति कार्यान्वयन गर्ने राज्य संयन्त्रको क्षमता, राजनीतिक नेतृत्व, निजामति कर्मचारी र जनप्रतिनिधिहरूको सामूहिक गृहकार्यको अभाव, योजनाको अप्राविधिक प्राथमिकता र स्वार्थले यो समस्या विकराल गरेको छ। हामीले अवलम्बन गर्ने नीतिहरूलाई सफल गर्न र तिनको कार्यान्वयन पक्ष सबल बनाउन नेपाली कांग्रेसले यसलाई प्राथमिकताका साथ समीक्षा गरेर हल निकाल्न वातावरण सिर्जना गर्नुपर्नेछ।

## १६ औँ योजनाको प्राथमिकता

यतिखेर हामी १५औँ योजनाको अन्तिम वर्षको समेत अन्त्यतिर रहेका छौँ । कोभिडले आक्रान्त पारेको देशको अवस्थालाई नेपाली कांग्रेस नेतृत्वको सरकारले चार महिनाभित्र ४ करोड ३२ लाख भ्याक्सिन उपलब्ध गराएर डेढ लाख हाराहारी नेपालमा हुनसक्ने भनी अन्तर्राष्ट्रिय संस्थाले आँकलन गरेको मानवीय क्षति १२ हजारमा सीमित भयो । कोभिडको परिवेशले नेपालको स्वास्थ्य क्षेत्रमा गरेको प्रगति, सूचना प्रविधिको विस्तार, वैज्ञानिक अनुसन्धानको पद्दतिमा सुधार, डिजिटल शिक्षाको रूपान्तरण, इत्यादि क्षेत्रमा उल्लेख्य सुधार भयो। यो बिचमा पूर्वाधार विकासमा र अर्थतन्त्र सुधारमा आशातीत उपलब्धि हासिल हुन सकेन । संघीयता कार्यान्वयनको प्रमुख लक्ष्य राखेको योजनाले निजामति कर्मचारी, प्रहरी समायोजन र शिक्षा ऐन जस्ता महत्त्वपूर्ण कानुन निर्माणमा ढिलाईका कारण सफल हुन सकेन। यतिखेर देश १६औँ आवधिक योजना तर्जुमा गर्न अग्रसर छ।

संघीयतासहितको संविधानको सफल कार्यान्वयन नै यसको प्रमुख चुनौती हो । नेपालको अर्थतन्त्रमा आधारभूत क्षेत्रको योगदान २३ प्रतिशतको हाराहारीमा छ । यसको योगदानलाई दोब्बर बनाएर आधारभूत क्षेत्रबाट प्राप्त हुने कच्चा पदार्थलाई उत्पादनमा जोड्नु र अन्य क्षेत्रको अर्थतन्त्रको योगदानलाई समेत रूपान्तरण गर्नु यसको अर्को ठुलो चुनौती हो । आज नेपाली जनता आहात भएको स्वास्थ क्षेत्र र शिक्षा क्षेत्रको महँगी नियन्त्रण गरी जनतालाई गरिबीको अवस्थाबाट बाहिर निकाल्न स्वास्थ्य बिमाको पुनरवलोकन, रोजगारसहितको शिक्षा, शिक्षामा राज्यको लगानी वृद्धि र युवाहरूले भोगेका ज्वलन्त समस्याको समाधान गर्नु १६औँ योजनामा अत्यावश्यक छ। देशमा २०३० भित्र दीगो विकास लक्ष्य हासिल गर्न आवश्यक पूँजी र लागानीका सन्दर्भमा आवश्यक नीति तर्जुमा गर्नु अर्को आवश्यकता हो । त्यसैगरी नेपालको आयातमुखी अर्थतन्त्रलाई सुधार गर्न मेक इन नेपालको नीतिको अपरिहार्यता छ। योजना निर्माण र कार्यान्वयनका सन्दर्भमा स्पष्ट योजनाको वर्गीकरण, प्राथमिकीकरण, बैंकिङ जस्ता अवधारणाहरू अबलम्बन गर्न जरुरी छ। भूमि अधिकरण र पर्यावरणसँग जोडिएका विकासका जटिलतालाई सम्बोधन गर्न सकिएन भने अहिले चालु रहेका राष्ट्रिय गौरवका आयोजनाको जस्तो कार्यान्वयनको चुनौती दोहोरिने छ । नीति बहसको मुद्दा बनेका सम्पूर्ण विकास र समाजसँग जोडिएका मुद्दामा योजना आयोगलगायत राज्यका निकायले सन्दर्भ सामग्रीका रूपमा उपयोग गर्नुपर्छ । योजना तर्जुमा गर्ने योजना आयोगलाई थप सुधार गर्नुपर्ने आवश्यकता छ। विज्ञहरूलाई योजना आयोगसँग जोड्न सकिएमा मात्रै हाम्रो विकासले निकास पाउँछ। हामीले देशको सबैभन्दा ठुलो दलका हैसियतले र लोकतान्त्रिक समाजवादको आदर्श मान्ने दलका हैसियतले अहिले १६औँ योजनामार्फत देशलाई प्रस्ट भिजन दिन आवश्यक छ। यसलाई विशेष जिम्मेवारीका रूपमा पार्टीले अङ्गीकार गर्नुपर्छ। यस सन्दर्भमा पार्टीले देशको समृद्धिको निम्ति सुशासन, सामाजिक न्याय, पूर्वाधार विकासका क्षेत्रहरूको प्राथमिकता, आर्थिक विकासका महत्त्वपूर्ण सम्भावनाका क्षेत्रका रूपमा रहेको मानवीय स्रोत, प्राकृतिक स्रोत, कुटनीतिक स्रोत र अन्य स्रोतलाई समेटेर खुला अर्थतन्त्र र सन्तुलित विकासका पक्षमा आफ्नो धारणा समेत निर्माण गर्नुपर्नेछ ।

## सन्तुलित भौगोलिक विकास

भौगोलिक विविधतासँगै कमजोर अर्थतन्त्र र भौगोलिक विकटताका कारण नेपालले सन्तुलित भौगोलिक विकास गर्न सकेको छैन। २०७९ फागुनसम्म कूल सडकको ५१.३ प्रतिशतमात्र कालोपत्रे भएको अवस्था छ। कूल कृषियोग्य जमिनको ५८ प्रतिशत जमिनमा मात्र सिँचाई सुविधा पुगेको छ। तराईको विकासका तुलनामा पहाडी र हिमाली क्षेत्रको विकास पछाडि छ। विकट क्षेत्रका मानिस बिरामी हुँदा बोकेरै अस्पताल पुग्नुपर्ने बाध्यताले समयमै उपचार हुन सकेको छैन। सबै जनताले ऊर्जाको उपभोग गर्न पाएका छैनन्। भौतिक पूर्वाधार व्यक्तिको दैनिक जीवनसँग जोडिएको हुन्छ। त्यसैले अब यो नीति महाधिवेशनबाट नेपाली कांग्रेसले सन्तुलित भौगोलिक विकासका माध्यमबाट नेपाली जनतामा खुसीको आभास दिलाउने नीति अङ्गीकार गर्न म सबैसँग अपिल गर्दछु।

## सार्वजनिक निजी साझेदारी (पीपीपी)

नेपालमा सार्वजनिक निजी साझेदारी (पीपीपी) को मुद्दाहरू बहसमा आएको चार दशक पुग्न लागेको छ। नेपालको ऊर्जा, पर्यटन, कृषि र पूर्वाधारका क्षेत्रमा सार्वजनिक निजी साझेदारीको बृहत्तर लाभ लिन सकेको छैन। हाम्रो सन्दर्भमा कानुन र संस्थागत संरचनाको समस्याका कारण विकासको यो लोकप्रिय नीति कार्यान्वयनमा चुनौती देखिएको छ र यसमा रहेका छिद्रहरूका कारण समाजमा भ्रष्ट्राचारसमेत भएका दृष्टान्त छन्। 'सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५' लाई सफल बनाउन आवश्यक कानुन र संरचनाको अभाव आज पनि प्रमुख मुद्दाको रूपमा छ। लोकतन्त्रमा नागरिकको सहभागिताको आयामलाई फराकिलो बनाउन अबलम्बन गरिएको यो नीतिमाथि समीक्षा गर्नु आवश्यक छ। हामीले खोजेको विकास हासिल गर्न पीपीपीको लगानी कूल गार्हस्थ उत्पादनको महत्त्वपूर्ण हिस्सा बनाउन सक्नुपर्नेछ। नेपाल सरकारको अर्थ मन्त्रालयले २०७४ कात्तिकमा प्रकाशित गरेको 'डेभलपमेन्ट फाइनान्स एसेसमेन्ट रिपोर्ट'ले सन् २०३० सम्म संयुक्त राष्ट्रसंघले तय गरेका दीगो विकास लक्ष्यहरू हासिल गर्न नेपाललाई प्रत्येक वर्ष १८ अर्ब अमेरिकी डलर लगानी गर्नु आवश्यक छ। हाम्रो अध्ययनमा ६ वर्षमा नेपाललाई प्रत्येक वर्ष २३ अर्ब अमेरिकी डलर लगानी गर्नुपर्ने आवश्यकता छ। अहिलेको अवस्थामा सार्वजनिक निजी क्षेत्रको साझेदारीलाई वैज्ञानिक र व्यवस्थित ढङ्गले गर्न सकेमात्रै त्यो स्रोत व्यवस्थापन सम्भव छ। यसको सफल कार्यान्वयनमा तीनै सरकारको एकीकृत संयन्त्र आवश्यक छ।

यसका अलावा देशको सार्वभौम क्रेडिट रेटिङमा विभिन्न विकासका क्षेत्रहरूको सम्भावना अनुसारका पूर्वस्वीकृति र पूर्वसर्त पूरा गरेको आयोजना बैंक, पूँजी परिचालनमा खुकूलोपन, कागजी प्रक्रियामा न्यूनता र कर्मचारीतन्त्रको सहयोगी मानसिकता एवम् भूमिका पीपीपीमा लागानी भित्र्याउन महत्त्वपूर्ण छ । यस सन्दर्भमा नेपाली कांग्रेसले नीतिगत स्पष्टता खोजेर सरकारको मार्गदर्शन गर्न जरुरी छ ।

## सार्वजनिक पूर्वाधार

नेपालमा सार्वजनीक पूर्वाधारको विकासमा निजी क्षेत्रको भूमिका न्यून छ र हालको अवस्थामा सार्वजनिक खरिदको प्राविधिक समस्याका साथै त्यसका वित्त व्यवस्थाका मुद्दा जटिल छन् । २००७ सालको क्रान्ति अघिको परिवेशमा सार्वजनिक पूर्वाधारको धारणा नेपालमा साह्रै कमजोर थियो । सीमित गोरेटो र घोरेटो बाहेक अन्य पूर्वाधार थिएन । शिक्षा र स्वास्थ्य सेवा शासक परिवारले मात्रै प्राप्त गर्न सक्ने अवस्था थियो । अन्य क्षेत्रको प्रगति शून्य सरह थियो । नेपाली कांग्रेसको उदारीकरण कारणको सिद्धान्तलाई टेकेर गरेको विकासले जसोतसो आजको अवस्थामा नेपाल पुगेको छ । यद्यपि विगतमा कांग्रेसको योगदानभन्दा वर्तमानको अवस्थाको समीक्षा गरेर आवश्यकता पूर्ति गर्नु र भविष्यको तयारी गर्नु नै हाम्रो मूल कर्तव्य हो । नेपालमा सार्वजनिक पूर्वाधारको निम्ति दीर्घकालीन रणनीति छैन । कुनै पनि देशको सम्पन्नता र नागरिको सहजता सार्वजनिक पूर्वाधारको अवस्थाले दर्साउने गर्दछ । फोहोर व्यवस्थापन, सूचना प्रविधि, जल पारवहन, वैकल्पिक ऊर्जा र मनोरन्जनात्मक पूर्वाधार आदिको विकासमा फड्को मार्न सकेको छैन । सार्वजनिक पूर्वाधार प्रणालीहरू आपासमा जोडिएका र एक अर्कामा निर्भर हुन्छन् । हाम्रो देशमा सडक खन्ने र पुर्ने संस्था र संरचना फरक छन् । एकीकृत सार्वजनिक पूर्वाधारको अवधारणा प्रयोगमा ल्याउन नीतिगत सुधार आवश्यक छ । सार्वजनिक पूर्वाधारहरूको मर्मत र प्रतिस्थापनमा समेत चुहावट बढी र उपलब्धि कम हुनु संरचनात्मक समस्या हो । सार्वजनिक पूर्वाधारको निर्माण, मर्मतसम्भार र सञ्चालनको लागि पर्याप्त कोष आवश्यक छ र त्यसका निम्ति बहुआयामिक मोडेलहरूको प्रयोग अपरिहार्य भइसकेको छ । व्यवस्थित रूपमा निजी क्षेत्रको लगानी आकर्षित गर्न उदारीकरणको नीति अवलम्बन गर्नैपर्छ । सार्वजनिक पूर्वाधार परियोजनाहरू सुरक्षा, वातावरणीय दिगोपन, सार्वजनिक कल्याण सुनिश्चित गर्ने आदि गर्नसमेत नियामक निकाय

आवश्यक छ। दुर्गम क्षेत्रमा सार्वजनिक पूर्वाधारको अवस्था निकै नाजुक छ। लामो दूरीका सडकमा समेत प्रयाप्त प्रतीक्षालय, महिला तथा अपाङ्गमैत्री शौचालय, सार्वजनिक धारा आदिको अभाव रहेको कमजोरी स्विकार्ने पहिलो पाटो र त्यसको पूर्तिको योजना गर्ने दोस्रो पाटो र योजना अनुरूप कार्यन्वयन गर्ने अन्तिम पाटो हामीले सम्बोधन गर्नुपर्नेछ । सार्वजनिक पूर्वाधारको इञ्जिनियरिङ्ग पक्षसमेत हामीले सुधार गर्नुपर्ने छ । पुर्नप्रयोग गर्न मिल्ने डिजाइनका अवधारमा काम गर्न हामीले सक्नुपर्छ । सार्वजनिक पूर्वाधार निमार्णमा प्रयोग हुने सामग्रीसमेत किफायती र अत्याधुनिक बनाउन हामीले आवश्यक नीति नै निर्माण गर्नु आवश्यक छ। नेपालमा सार्वजनिक पूर्वाधार निर्माणमा भ्रष्ट्राचार र अपारदर्शिता देखिएको छ। कम्तिमा देशमा नेपालको संविधान २०७२ जारी भइसकेपछि टेण्डर भएका सार्वजनिक पूर्वाधारहरूको लागत अनुमानदेखि सम्पूर्ण प्रकियाको अध्ययन आवश्यक छ । समाजका सबै सदस्यहरूका लागि सुरक्षित सार्वजनिक पूर्वाधार सेवाहरूमा समतामूलक पहुँच सुनिश्चित गर्नुका साथै सीमान्तकृत र आदिबासी जनजातिको पहुँच सुनिश्चित गर्न नेपाली कांग्रेसले नीतिगत स्पष्टता यथाशीघ्र गर्नुपर्छ ।

## मानव संसाधन विकास र व्यवस्थापन

नेपालमा मानव संसाधन विकास र व्यवस्थापनमा पूर्ण समर्पित भएर काम गर्ने संरचनाको खाँचो छ । नेपालमा रहेका तीनै तहका सरकारको नेपालमा मानव संसाधन विकास र व्यवस्थापनमा आवश्यक ध्यान पुग्न सकेको छैन । नेपालजस्तो आय असमानता, बेरोजगारी, ब्रेनड्रेन, गरिवी जस्ता समस्याबाट गुज्रिरहेको देशमा मानव संसाधनको विकास र व्यवस्थापनको अपरिहार्यता छ । आज पढेलेखेका र सिप सिकेका युवाहरूसमेत बेरोजगार हुन पुगेका छन् । नेपालले दीगो विकास लक्ष्य २०३० भित्र हासिल गर्न आवश्यक मानवीय पूँजी निर्माण गरेको छैन । निर्माणाधीन रहेको १६औं आवधिक योजनामा मानवीय स्रोत, विकास र व्यवस्थापनलाई प्राथमिकता दिन जरुरी छ । त्यसका निम्ति नेपाली कांग्रेसले आफ्नो स्पष्ट नीति निर्माण गर्न जरुरी छ।

## आर्थिक उपार्जनमा महिला सहभागिता

नेपाली समाजको पुरुषप्रधान चरित्र फेरिने क्रममा छ । संविधानले अधिकार र आरक्षण उपलब्ध गराएको झण्डै दुई दशक हुन लागेको छ। महिला शसक्तीकरण सम्बन्धमा उल्लेख्य प्रगति भएको छ । यद्यपि नेपालभित्र आर्थिक उपार्जनमा

महिला सहभागिताको विषयले महत्त्व प्राप्त गर्न सकेको छैन । जनसङ्ख्याको बनोटमा नेपालमा महिला उपस्तिथिलाई विकाससँग जोडेर हेर्ने कुरामा नीतिकर्ता र नेतृत्वतह चुकेको छ । महिलाहरूलाई आर्थिक उपार्जनमा कसरी प्रोत्साहान गर्ने त्यो नीति नहुने हो भने समृद्धिको परिकल्पना गर्न सकिँदैन । महिलालाई चाहिने महिलामैत्री पूर्वाधार, आमालाई चाहिने आमामैत्री पूर्वाधार, सुरक्षित सार्वजनिक यातायात, महिला हिँसाविरुद्ध कडा कानुन, व्यवसाय गर्ने महिलालाई सहुलियत कर्जा, महिला उद्धमी प्रवर्धनमा राज्यको सहायता, ज्याला विभेदको अन्त्यलगायतको एजेण्डाले प्राथमिकता पाउनुपर्छ । हाम्रो राजस्वको बनोटमा महिलाको उल्लेखनीय योगदान हुने अवस्था सिर्जना गर्न आर्थिक उपार्जनमा महिला सहभागिताको चुनौतीलाई पहिचान गरेर त्यसको समाधानमा यथाशीघ्र लाग्नुपर्छ ।

## कर प्रणाली रूपान्तरण

नेपालले कुनै बेला दक्षिण एसियाकै राम्रो कर प्रणाली भएको देशको रूपमा आफ्नो छवि विकास गरेको थियो । नेपाली कांग्रेस नेतृत्वको देनले नेपालमा पञ्चायतले रित्याएको राज्यकोषमा कर प्रणाली सुधार र व्यवस्थापनका माध्यमले आजसम्मको अवस्था निर्माण भएको हो । नेपाली कांग्रेसले कर प्रणालीको सूक्ष्म विश्लेषण गरेर मुलुकको आर्थिक विकास गतिलाई तीव्रता दिन लगानी तथा व्यापारमैत्री कर प्रणाली स्थापना गर्न छलफल गरेर ठोस नीति अख्तियार गर्नुपर्छ। नेपालमा कर सम्बन्धी परिवर्तनका निर्णयमा साझेदारहरूको सहभागिता र सुझावको अपरिहार्यता छ। निश्चित समयसम्म करको दर परिवर्तन नहुने नीति आज आवश्यक छ। करसुधारका सन्दर्भमा अन्तर्राष्ट्रिय प्रचलनको समेत अध्ययन गरेर प्रभावकारी नीति निर्माण गर्नसकेमा दीगो विकास हासिल हुनेछ। हाम्रो कर व्यवस्थाका असमानता र छिद्रहरूको पहिचान गरेर त्यसको निवारण गर्न जरुरी छ । राज्यले बढी कर तिर्ने, कम कर तिर्ने र कर नतिर्ने नागरिकका सन्दर्भमा स्पष्ट नीति लिएर न्यूनतम साझा अभिभावकीय जिम्मेवारीको दायरा तोक्नुपर्छ र बढी कर तिर्नेका हकमा प्रोत्साहन हुने किसिमले कुनै सुविधा वा विशिष्टता प्रदान गर्नुपर्नेछ । कराको सुधार प्रगतिशील भएमा कर छलीविरुद्धको लडाई सशक्त ढङ्गले लड्न सकिन्छ । आजको डिजिटल अर्थतन्त्रका आवश्यकतालाई समेत समेटेर अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन जिम्मेवार भएर नीति सम्पादन आवश्यक छ। नेपाली कांग्रेसले करसंहिताको बारेमा आफ्नो स्पष्ट

धारणा निर्माण गर्नुपर्छ । नागरिकले तिरेको करको सदुपयोग लोककल्याणमा हुने वातावरण सिर्जना गर्नसकेमा मात्रै नागरिकहरूले उत्साहप्रद रूपमा करको दायित्व निर्वाह गर्ने कुरामा दुईमत छैन । कर सम्बन्धी नीति सुधार गरेरमात्रै हुँदैन । कर प्रशासन सुधारले मात्रै कर व्यवस्थामा सुधारको अनुभूति सम्भव छ ।

## आर्थिक साक्षरता

आधुनिक विकासको अनिवार्य पूर्वसर्तको रूपमा रहेको आर्थिक साक्षरता नेपालको समस्याको विषय बनेको छ । आम्दानी, बचत र लगानीको आयामहरूको जानकारी नागरिकको हक हो । राज्यले हरेक नागरिकलाई आर्थिक साक्षरता प्रदान गर्नुपर्नेछ । नेपालीसँग उच्च क्रयशक्ति (High Purchasing Power) छ तर नेपाली लगानीकर्ता थोरै छन् । विप्रेषणको ठुलो रकम लगानीमा परिवर्तन गर्न सकेका छैनौँ । सेयर बजार, बिमा, म्युचुअल फन्ड (Mutual Fund), व्यवस्थित लगानी योजना (SIP), सेवानिवृत्ति योजना, कर योजना, सम्पत्ति योजना, वित्तीय लक्ष्य निर्धारण, वित्तीय लक्ष्य प्राप्ति, ऋण व्यवस्थापन आदि बारे बहुसंख्यक नागरिक बेखबर छन् । सीमित जानकारी भएकाले थोरै बुझेका नागरिकको समेत सेयर बजारको लगानी जोखिमपूर्ण छ । सीमित व्यक्तिहरू र समूहले मात्रै बैंकहरूले प्रवाह गरेको ९० प्रतिशतभन्दा बढी ऋण र लगानीको लाभ लिन सकेका छन् । आर्थिक साक्षरता आजको समाजको अनिवार्य सर्त हो । आर्थिक साक्षरता बढेसँगै देशको समृद्धिसेमत हासिल हुन्छ ।

## विदेशी लगानी

नेपालको पूर्वाधार विकास, सूचना प्रविधि क्षेत्र, पर्यटन क्षेत्र, कृषि क्षेत्र, ऊर्जा क्षेत्र र प्राकृतिक खनिजका क्षेत्रमा रहेको अपार सम्भावनालाई विदेशी लगानीका माध्यमले देशको विकासमा रूपान्तरण गर्न सकिन्छ । संयुक्त राज्य अमेरिकाको विदेश मन्त्रालयले सार्वजनिक गरेको 'लगानी वातावरण-२०२३' सम्बन्धी प्रतिवेदनमा भारत र चीनको बिचमा रहेको नेपालमा विदेशी लगानीका लागि पर्याप्त अवसर भएको उल्लेख गरिएको छ । ३६.३ बिलियन अमेरिकी डलरको कूल गार्हस्थ उत्पादन र १५.९ बिलियनको व्यापार भएको नेपालमा पर्याप्त प्राकृतिक सम्पदा भएकोले व्यावसायिक सम्भावना रहेको प्रतिवेदनमा उल्लेख छ । थुप्रै देशका प्राथमिकतामा नेपाल परे पनि देशको राजनीतिक माहोलले लगानी भित्र्याउने सन्दर्भमा एथेष्ट काम गर्न सकेको छैन । नेपालको स्पष्ट ऊर्जा रणनीति नभएका कारण सबैभन्दा बढी लगानी आकर्षण रहेको यस क्षेत्रमा

लगानी भित्र्याउन सकिने अवस्था निर्माण भएको छैन । भारत र बंगलादेशसँग नेपालले ऊर्जा निर्यातको निम्ति प्रयास गरेको छ । तर, लगानी र व्यापारको पर्याप्त अवसर रहेको क्षेत्रमा नेपालले धैर्य धारण गरेर आफ्ना मित्र राष्ट्रहरूसँग देशको बृहत्तर हितका निम्ति थप लगानी भित्र्याउन प्रयास गर्नुपर्नेछ ।

लगानीकर्तालाई कर छुट दिने, लगानीको सुरक्षाको प्रत्याभूति दिने, कर तिरेर बाँकी रहेको मुनाफा तथा सम्पत्ति विदेश लैजान पाउने लगायतका व्यवस्थामा हामीले सुधार गर्न आवश्यक छ। कर तथा प्रतिफल सम्बन्धी अनुकूल व्यवस्थाले लगानी भित्र्याउने सन्दर्भमा प्राथमिकता निर्धारणमा नेपालको छनोटको सम्भावना बलियो बनाउने कुरा बुझ्न आवश्यक छ। नेपाली कांग्रेसले नेपालमा लगानीमैत्री कानुन र प्रक्रियागत सहजताको निम्ति संस्थागत सुधार गर्न पहल गर्ने नीतिहरू निर्माण गर्न आवश्यक छ । विदेशी लगानीले स्वदेशी उत्पादन र उद्यमशीलतामाथि पार्न सक्ने प्रभावको समेत अध्ययन गरेर आवश्यक रणनीति निर्माण गर्नुपर्नेछ । नेपालमा विदेशी लगानी भित्र्याउन हरेक क्षेत्रमा अन्तर्राष्ट्रिय लगानी सम्मेलन गर्न आवश्यक छ । मौद्रिक लगानी सँगसँगै प्राविधिक तथा व्यवस्थापकीय पक्षलाई सहायता हुने किसिमले नेपाली कांग्रेसले नीति निर्माण गर्न आवश्यक छ। नेपालको आफ्नो बजारको आकार सानो भए पनि नेपालले चीन र भारतको बजारमा आफ्नो पहुँच विस्तार गरेर विदेशी लगानी आकर्षण बढाउन सक्दछ । बजारको आकारले धेरै ठुलो अर्थ राख्ने हुँदा नेपाली कांग्रेसले आफ्नो परराष्ट्र र अर्थनीतिमा विशेष रूपमा आशाको सञ्चार गर्नुपर्छ । बजार विस्तारको सम्भावनालाई ध्यानमा राखेर कांग्रेसले अहिले रहेका बजारका समस्याको समाधान दिनसक्नु पर्नेछ। श्रमिक सम्बन्धी समस्या र सुरक्षाको प्रत्याभूति दिन देशमा शान्ति र राजनीतिक स्थायित्व आवश्यक छ। बौद्धिक सम्पत्ति संरक्षणसम्बन्धी कानुनका समस्या तकाल समाधान गर्न नेपाली कांग्रेसले आवश्यक पहल गर्नुपर्नेछ । नेपालको सामाजिक, राजनीतिक, आर्थिकसँगै नीतिगत, कानुनी, प्रशासनिक तथा व्यावहारिक वातावरणलाई लगानीमैत्री बनाउने सन्दर्भमा पार्टीका नीतिहरू निर्माण गरेर सकारात्मक संदेश कांग्रेसले दिनुपर्नेछ ।

## वैदेशिक सहायताको अवस्था

राजनीतिक प्रणालीमा सुधार हासिल गर्ने बाटोमा नेपालले प्रगति हासिल गरेपनि विकास हासिल गर्न सकेको छैन । नेपालले त्यसका निम्ति आफ्नो सम्पूर्ण स्रोततहरूको उपयोग गर्न आवश्यक छ । नेपालले पछिल्लो समय आफ्नो

कुटनीतिक स्रोतहरूको प्रयोग देश विकासमा फड्को मार्ने किसिमले गर्नसकेको छैन । नेपाल आफ्नो भूराजनीतिक जटिलतामा अल्झिएर बसेको छ । आजको समयमा नेपाललाई शिक्षा, स्वास्थ्य, ऊर्जा, पूर्वाधार विकास, रोजगार सृजना, गरिबी निवारण, प्राकृतिक प्रकोप नियन्त्रण आदि विषयमा वैदेशिक सहायता आवश्यक छ । नेपालमा प्रशासनिक, व्यवसायिक र नीतिगत अभावका कारण वैदेशिक सहायतामा नियमितता र पारदर्शितामा समस्या देखा परेकाले नेपालले दाताहरूको विश्वास गुमाएको अवस्था छ ।

नेपालमा वैदेशिक सहायताको निरन्तरताको निम्ति साझा राजनीतिक प्रतिवद्धता आवश्यक छ । सहायता प्राप्तिको प्रक्रिया र व्यवस्थापनमा पारदर्शिता, पारिश्रमिकता, र उद्देश्यको सफल कार्यान्वयनका लागि नियामक तथा व्यवस्थापनमा सुधारको प्रत्याभूति जनाउन जरुरी छ । दाताको सहयोग प्रयोग सन्दर्भमा स्थानीय समुदायको सहभागिता, हित र प्रतिनिधित्वलाई सुनिश्चित गर्न हाम्रो अभ्यास प्रयाप्त छैन । नेपाली कांग्रेसको आफ्नो विश्वासनियता जोगाएकाले नेपाली कांग्रेसको अग्रसरतामा मात्रै नेपालमा वैदेशिक सहायता उपलब्ध हुने अवस्था सिर्जना भएको छ । त्यसैले नेपाली कांग्रेसले यस सम्बन्धमा थप गम्भीर बन्न आवश्यक छ । नेपालको विकासमा आवश्यक प्रविधि, दक्षता र लगानीलाई क्षेत्रगत प्राथमिकता अनुसार भित्राउन नेपाली कांग्रेसले लिने विदेश नीति समेतले प्रभाव पार्ने हुँदा त्यसप्रति हामी चनाखो बन्न जरुरी छ ।

आज विश्वमा दाताहरूका अदृश्य एजेण्डा रहने प्रचलन बढेको छ । नयाँ दाताहरूको उदय र प्राथमिकता समेत नेपाली कांग्रेसको समीक्षाको विषय बन्नु आवश्यक छ । पर्यावरणीय सहायताको फराकिलो अवसर विश्वमा सिर्जना भएको बेला त्यसलाई आकर्षित गर्न आवश्यक पूर्वशर्त पूर्तिको निम्ति राष्ट्रिय नीति निर्माण आवश्यक छ । त्यसको नेतृत्व नेपाली कांग्रेसले आफ्नो पार्टीको नीतिमार्फत प्रारम्भ गर्न चुक्नु हुँदैन ।

विगतमा नेपालमा विभिन्न दाताहरूले सहयोग गरेका योजनासमेत कार्यान्वयनका जटिलताका कारण अलपत्र परेका छन् भने कति योजनामा अनावश्यक बखेडा झिकिएको छ । दाताहरूको सहयोगमाथि राजनीति गर्ने परिपार्टीले नेपालमा दाताहरूले पछिल्लो समय अप्ठ्यारो अनुभूति गरेका छन् । मिडियाको दुरूपयोग

गरेर दातालाई विवादित गर्ने काम भएका छन् । यी सबै पक्ष कांग्रेसको समीक्षा योग्य छन् ।

## वाणिज्य तथा व्यापार

कालोबजारी, एकाधिकार, कार्टेलिङको नियन्त्रण गर्ने एकीकृत बजार तथा व्यापार नीति लागू गर्ने आर्थिक कूटनीतिलाई मुलुकको समृद्धिसँग जोड्ने आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्ने, पेट्रोलियम पदार्थको प्रयोगलाई निरुत्साहित गर्ने विद्युत तथा सौर्य ऊर्जामा जोड दिने WTO, SAFTA, BIMTEC सँगको समन्वय तथा द्विपक्षीय र बहुपक्षीय सम्झौता भएका मुलुकसँगको सहकार्यमा व्यापार व्यवसाय प्रवर्धन गर्ने

## मानव संसाधन

अध्ययन, अनुसन्धान र नवप्रवर्तनमा युवा पुस्तालाई प्रोत्साहित गर्ने । प्रतिभा पलायन रोक्नलाई आवश्यक बजार नीति तर्जुमा गर्ने, विदेशमा रहेको दक्ष र विज्ञ मानवशक्तिलाई स्वदेश भित्र्याउन पहल गर्ने । शिक्षालाई सिपसँग, सिपलाई उत्पादनसँग, उत्पादनलाई बजार र रोजगारीसँग जोड्न । मानव संसाधनको विकासका लागि राज्यले लगानी गर्ने ।

विश्व बैकले दैनिक १.९० अमेरिकी डलर कमाउन नसक्नेलाई निरपेक्ष गरिबी मानेको छ भने ILO १८ वर्षदेखि ६० वर्षसम्मको श्रम गर्ने उमेरमा आयमूलक कार्यमा संलग्न हुन नपाएको अवस्थालाई बेरोजगारीका रूपमा परिभाषित गरेको छ । गरिबी र बेरोजगारी अन्तरसम्बन्धित क्षेत्र (cross cutting) भएकाले यसले मानव जीवन र मुलुककै समग्र विकासमा प्रत्यक्ष असर पार्दछ । मानव विकास प्रतिवेदन, २०२१ अनुसार मानव विकास सूचकाङ्क ०.६०२ का साथ नेपाल विश्वमा १४३औं स्थानमा पर्नेछ । हाल नेपालमा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या १५.१ प्रतिशत छ । कानुन बमोजिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा जाने नेपाली जनसङ\ख्या ५५ लाखभन्दा बढी छ। मुलुकलाई गरिबी र बेरोजगारीको भयावह स्थितिबाट मुक्त राख्न किंचित ढिला गर्ने छुट हामीसँग छैन । अब यो नीति महाधिवेशनबाट नेपाली कांग्रेसले समृद्ध नेपाल सुखी नेपालीको आकाङ्क्षा पूरा गर्न गरिबी र बेरोजगारीबाट मुक्ति प्राप्तिका कार्यक्रम सञ्चालन गर्ने नीतिलाई अङ्गीकार गर्नु आवश्यक छ ।

## डिजिटल ईकोनोमी

इन्टरनेट प्रविधिका माध्यमबाट आफ्नो व्यापार व्यवसायको विस्तार, प्रवर्द्धन, विकास, संरक्षण गर्ने कार्यलाई डिजिटल अर्थतन्त्र भनिन्छ । विश्व अर्थतन्त्रमा डिजिटल अर्थतन्त्रको एकाधिकार विस्तार तीव्र रहेको समयमा डिजिटल अर्थतन्त्रको अवधारणा र नेपालमा यसका पूर्वाधारको समस्या गम्भीर विषय छ। विद्युतीकरण, तीव्र गतिको इन्नटरनेट सुविधा तथा प्राविधिक जनशक्ति, डिजिटल शिक्षा, तीव्र ढुवानी सेवा इत्यादिका बारेमा नेपालले अब संवेदनशील बन्नुपर्ने अवस्था आएको छ । नेपालमा उपलब्ध रहेको कतिपय इन्टरनेट पूर्वाधारसमेत सुरक्षित र प्रभावकारी छैन । यसलाई बढावादिन ठोस कुनै पनि प्रयास भएको छैन । नेपालमा बढिरहेको बेरोजगारी, संसारमा प्रयोग भइरहेको रिमोट वर्कको संस्कृति, विदेशमा बढिरहेको नेपाली युवाहरूको उपस्तिथि र विश्वव्यापी परिवर्तनका असरहरू, नेपालका डिजिटल आर्थिक सम्भावनाहरूका कारण नेपालमा डिजिटल अर्थतन्त्रका पूर्वाधार अपरिहार्यता बढाएको छ। प्रयाप्त डिजिटल अर्थतन्त्र सम्बन्धी कानुन, डाटा पूर्वाधार, साइबर सुरक्षा, क्लाउड पूर्वाधार, डिजिटल पेमेन्ट गेटवे, नागरिकले सजिलै ईकमर्शमा जानका लागि खुला एपीआई (Open API), खुला सोर्स कोड (Open Source Code), डिजिटल सहायता केन्द्रहरू ईत्यादी र राज्यको निम्ति आर्थिक दायित्व बढाएको हुलाक सेवाको लोजिस्टिक नेटवर्कका रूपमा अत्याधुनिक विस्तारले डिजिटल अर्थतन्त्रका पूर्वाधारको पूर्तिमा सहायक हुनेछ । यस सम्बन्धमा नेपालमा नीतिगत खाडल कसरी पुर्ने त्यसप्रति नेपाली कांग्रेसले नीतिगत निर्णय गर्नुपर्नेछ ।

## विकासमा नागरिक सहभागिता

विकासमा नागरिको सहभागिताको अवधारणा निकै पुरानो र लोकतान्त्रिक मान्यताकै भागको रूपमा छ । अपनत्वहीन विकास निष्प्राण हुने गर्दछ । मानिस समाजमा बस्दछ र समाजको साझेदार भनेकै त्यहाँका बासिन्दाहरू हुन् । मानिसको चेतना र भावनाले निपूर्ण छ । सेवा र योगदानको सिद्धान्त हाम्रो संस्कार र सभ्यताकै विरासत हो । नागरिको विकासप्रतिको प्रतिबद्धता बेजोड किसिमको छ । साझा उद्देश्य प्राप्त गर्न साझा योगदान आवश्यक रहेको बुझ्ने पुस्ता समाजको नेतृत्व गरिरहको छ । राज्यले नै नागरिकलाई कुन कुन पक्षमा खुला सहभागितामार्फत श्रम र बुद्धिको योगदान गर्ने हो । त्यसको स्पष्ट रोडम्याप ल्याउन सक्नुपर्छ । त्यसअनुरूप योगदानका निम्ति इच्छुक

नागरिकको रोष्टर निर्माण गरेर उनीहरूलाई त्यसमा योगदान दिन मद्दत हुने र सो योगदानको उपयोग राज्यले गर्नसक्ने बनाउन आवश्यक तालिम, क्षमता विकास र अभिमुखीकरण गर्नुपर्नेछ । यसरी राम्रो व्यवस्थापनको नीति लिएर शारीरक वा मानसिक श्रमदानसँग जोडिएका जोखिम कम हुने र गुणस्तर बढ्ने गर्दछ । विकासको महायज्ञमा सहभागी हुने नागरिकलाई कर छुट लगायत अन्य सहुलियतको सुविधा दिनु राज्यको कर्तव्य हो । त्यसैले हामीले ल्याउने विकासमा नागरिकलाई जोड्ने साझेदारी कार्यक्रममा श्रमदानलाई कसरी उपभोग गर्ने र त्यसको व्यवस्थापनका चुनौती कसरी हल गर्नेबारे नेपाली कांग्रेसले नीति निर्माण गर्न जरुरी छ ।

## मुद्रास्फिती

नेपालमा मुद्रास्फीति निरन्तर एउटा प्रमुख चिन्ताको विषय बनेको छ । कोभिड माहामारी पश्चात विश्वमा रसिया युक्रेन युद्धको प्रभावले नेपाललाई निकै ठुलो असर परेको छ। अहिले अन्तर्राष्ट्रिय आपूर्ति शृङ्खला अवरुद्ध परेको छ र विश्वभर इन्धनको मूल्य बढेको छ। इन्धनको बढ्दो मूल्यले ढुवानीलागतमा प्रत्यक्ष प्रभाव राख्ने हुँदा उत्पादन लागत बढ्न पुगेको छ र यसले जनताको क्रयशक्ति ह्रास गरेको छ। नेपालको परिवेशमा विद्यमान राजनीतिक अस्थिरता, कमजोर पूर्वाधार र सीमित घरेलु उत्पादनले पनि मुद्रास्फीतिको दबाबमा योगदान पुऱ्याएको छ । निश्चित आय र कम ज्याला भएका व्यक्तिहरू उच्च मुद्रास्फिरतीको प्रत्यक्ष मारमा परेका छन् । अहिलेको अवस्थामा निम्न मध्यम वर्गीय परिवार विपन्न श्रेणीमा खस्किले चुनौती बढेको छ । समाजका थुप्रै गरिब र सीमान्तकृत वर्गले बढ्दो मूल्यका कारण आधारभूत आवश्यकताहरू पूरा गर्न सङ्घर्ष गर्नुपरेकोले सामाजिक असन्तुष्टि र अशान्ति निम्त्याउने खतरा बढाएको छ । अर्कोतर्फ देशभित्र उच्च मुद्रास्फीतिले लगानीलाई निरुत्साहित गरेको छ। यस्तो अवस्थामा अन्यौलमा पर्ख र हेरको नीति अङ्गीकार गर्नुभन्दा नेपाली कांग्रेसले पार्टीका तर्फबाट नेपाल सरकारलाई मार्गदर्शन प्रदान गर्नुका साथै देशमा लगानीको पक्षामा वातावरण सिर्जना गर्न राष्ट्रिय सहमतिको वातावरण सिर्जना गर्ने पहल गर्नुपर्नेछ । उच्च मुद्रास्फीतिलाई सम्बोधन गर्न तत्काल राहतका उपायहरू र दीर्घकालीन संरचनात्मक सुधारहरू समावेश गरी बहु-आयामिक दृष्टिकोण चाहिन्छ । आयातमा निर्भरता घटाउन र विश्वव्यापी मूल्य उतार-चढावको प्रभावलाई कम गर्न हाम्रो आन्तरिक उपभोगमा दैनिक प्रयोग हुने वस्तुहरूमा

पहिलो चरणमा हामी आत्मनिर्भर बन्न मेक ईन नेपाल (Make in Nepal) को नीति लिएर स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नुपर्नेछ ।

## अनौपचारिक अर्थतन्त्र

नेपालको अर्थतन्त्रको ठुलो हिस्सा अनौपचारिक क्षेत्रले ओगटेको छ । यो आफैँमा राम्रो संकेत होइन । यद्यपि यो अवस्थाको तत्कालीन समाधानभन्दा दीर्घकालीन समाधान अपनाउन उपयुक्त हुन्छ । तत्कालीन रूपमा अनौपचारिक अर्थतन्त्रलाई व्यवस्थित गर्दै राज्यको व्यवस्थाभित्र यसलाई कसरी राजस्व र वित्तीय प्रणालीमा जोड्ने हो त्यो बढी आवश्यक छ । यस क्षेत्रका श्रमजीवको उत्थानको निम्ति सामाजिक सुरक्षाको लाभ कसरी पुऱ्याउन सकिन्छ त्यसको रोडम्याप आवश्यक छ । यस क्षेत्रमा संलग्न व्यवसायी र मजदुरको आर्थिक सुरक्षाको पाटो गम्भीर छ । अनौपचारिक अर्थतन्त्रबाट लाभको आर्थिक मोडेल निर्माण गर्न सकियो भने यसले देशको समृद्धिमा गरेको नोक्सानी कम हुने र थप विकासमा सहायक हुने अवस्था निर्माण गर्दछ । महँगी नियन्त्रण, निजी लगानी प्रोत्सान, बैंकिङ प्रणाली सुधार लगायतका कल्याणकरी नीतिले अनौपचारिक अर्थतन्त्रमा नेपालीहरूको सहभागिता घटाउन सकिन्छ । अनौपचारिक अर्थतन्त्रका कारण सुशासनको चुनौतीसमेत थपिएको छ । आज नेपालका थुप्रै वित्तीय अनौपचारिक अर्थतन्त्रका मुद्दालाई नेपाली कांग्रेसले उच्च प्राथमिकता प्रदान गरेर हल गर्न आवश्यक छ ।

## उद्योग

स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको विकास गर्न, स्वेदशी लगानीलाई प्राथमिकता दिने र वैदेशिक पूँजी तथा प्रविधिलाई आकर्षित गर्ने । औद्योगिक बौद्धिक सम्पत्तिको अधिकारको संरक्षण गर्ने । औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्रका आधारमा औद्योगिक गतिविधि बढाउने । उद्योग दर्ताको लागि एकद्वार प्रणालीको सन् २०१२ देखि भए पनि कार्यान्वयन भएको अवस्था छैन यथार्थ एकद्वार प्रणालीको विकास र असल उद्योगी व्यापारीको संरक्षण र सम्मान तथा सहुलियतको प्रबन्ध गरेर लगानी मैत्री वातावरण निर्माण गर्ने । उद्योग दर्ताको लागि एकद्वार प्रणालीको सन् २०१२ देखि भए पनि कार्यान्वयन भएको अवस्था छैन । यसर्थ एकद्वार प्रणालीको विकास, असल उद्योगी व्यापारीको संरक्षण र सम्मान तथा सहुँलियतको प्रबन्ध गरेर लगानीमैत्री वातावरण निर्माण गर्ने ।

## उद्यमशीलता

नयाँ वस्तुहरू वा सेवाको खोज, उत्पादन वा सेवाको नयाँ तरिका, कुनै नयाँ बजार निर्माण, व्यावसायिक ढङ्गले आपूर्ति शृंखला नियन्त्रण र नविनतम व्यवस्थापन नै उद्यमशीलताका आयाम हुन् । नेपालमा उद्यमशीलता विकासका लागि महत्त्वपूर्ण पूर्वशर्तहरूमध्ये उद्यमी मानसिकताको विकास गर्नु आवश्यक छ । नेपालमा रहेका रैथाने कला, परम्परा, रीतिरिवाज, विद्या, शिल्प सिप आयुर्वेद, योग, कृषि, उद्योग आदिको संरक्षण, संवर्धन, अन्वेषण, अनुसन्धान, विकास र प्रवर्द्धन गरेर पनि देशको विकास गर्न सकिन्छ । उद्यमी निर्माण गर्ने भनेको एउटा सिर्जनात्मक व्यक्तित्वको निर्माण गर्नु हो जसमा नयाँ तरिकाले सोच्ने, नवपर्वर्तन गर्ने र नविनतम काम गर्ने इच्छाशक्ति र क्षमताको विकास गर्नु हो ।

नेपाली कांग्रेसले नेपालमा उद्यमशीलताको विकासका लागि पूँजीको उपलब्धता, सहुलियतपूर्ण कर्जा, उद्यमीमैत्री कानुन, उद्यमीलाई प्रोत्साहित गर्ने वित्तीय नीतिहरू, लाभदायक व्यवसायको स्थापना र विकासका लागि अध्ययन अनुसन्धान, आधार पूँजीका लागि सरकार वा संस्थाद्वारा प्राथमिक लगानीको प्रत्याभूति, बजारको पहुँच, प्रतिस्पधी खुला कोषको व्यवस्था, आवश्यक ज्ञान, सिप र सूचना र प्रविधिको उपलब्धताका लागि व्यवसाय विकास केन्द्रहरूको स्थापना गर्ने नीति निर्माण गर्न आवश्यक छ । आजको समयमा नेपालले उद्यमशीलता विकासको पाटो सँगसँगै स्वरोजगारको अवधारणालाई अबलम्बन गर्न जरुरी छ । बेरोजगारी समस्या समाधानमा स्वरोजगार सिर्जना गर्ने कुराले ठुलो सहायता गर्दछ भने अर्थतन्त्रको आमुल परिवर्तन भने उद्यमशीलताको विकासका माध्ययमले गर्न नेपाली कांग्रेसले लिने नीति सान्दर्भिक छ । उद्यमशीलता विकासका पूर्वसर्तहरूमा शिक्षा, बजारप्रतिको बुझाइ, वित्तीय साक्षरता, पूँजीमा पहुँच, कानुनको ज्ञान, नवप्रवर्तन, जोखिम व्यवस्थापन आदि रहेका छन् । त्यसको पूर्तिको दीगो मोडेल आवश्यक छ । नेपालमा रहेको कम्पनी सम्बन्धी कानुनहरू र कम्पनी वर्गीकरणको सूचीले समाजको बदलिँदो परिवेशलाई समेटेको छैन । सूचना प्रविधि र आधुनिक समयका उद्यमशीलताका अवधारणाबारेमा नेतृत्व र नीतिनिर्माता गम्भीर हुन जरुरी छ ।

## सामाजिक उद्यमशीलता

स्वच्छ प्रतिस्पर्धामा आधारित वातावरणमैत्री र समाजका सीमान्तकृत व्यक्तिलाई सहयोग गर्ने व्यवसायका रूपमा रहेको सामाजिक उद्यमशीलता नाफाभन्दा

त्यसबाट समाजमा परेको प्रभावलाई बढी महत्त्व दिन्छ । नेपालमा यस क्षेत्रका बारे सरकारको आफ्नो स्पष्ट नीति र धारणा नहुनु सबैभन्दा ठुलो चुनौती हो । कानुनका अपर्याप्तताका कारण सामाजिक उद्यम स्थापना तथा सञ्चालनमा समस्या देखिएको छ । वित्तीय स्थिरतासँग सामाजिक प्रभावलाई सन्तुलनमा राख्दा लगानी वा अनुदान सुरक्षित गर्न नेपालमा निकै कठिनाई रहको छ । परम्परागत लगानीकर्ताहरूलाई बदलिदो सामाजिक उद्यमशीलतातर्फ आकर्षण गर्न सकिने अवस्था र नीति नेपालमा बनिसकेको छैन । सामाजिक उद्यमीहरू गैरव्यावसायिक ढङ्गले सञ्चालन हुने अवस्था छ । ज्ञान, सिप, प्रविधि, बजार, लगानी, नीति आदि लगायत यस क्षेत्रका तमाम चुनौतीहरूको थप अन्वेषण गरेर सामाजिक उद्यमशीलतालाई नेपालको अर्थव्यवस्थाको अर्को ठुलो सम्भावनाको रूपमा विकसित गर्न नीति तर्जुमा गर्ने नेतृत्व नेपाली कांग्रेसले गर्नुपर्नेछ ।

## आर्थिक समानता

संविधानले सुनिश्चित गरेको समाजवाद, आर्थिक असमानता र सर्वाङ्गीण विकास भाषणमा सीमित रहेकोले देशमा लगानीको वातावरण बनेको देखिँदैन । मध्यम वर्ग र तल्लो वर्गको बिचमा ठुलै खाडल छ । जसकारण पैसा कमाउनका लागी नेपालीहरू विदेशिने गरेका छन् । अन्याय र असमानताकोको गहिरो ऐतिहासिक सम्बन्ध छ, बेलायतमा १८८४ मा जर्ज बर्नार्ड शा र रसल जस्ता फबियन समाजबादीहरूको बुझाइ अनुसार समानता को मूल स्रोत नै शक्ति हो र शक्ति, स्रोत साधन र अवसरमाथिको सम्मान पहुँच नै समानताको माध्यम पनि हुन् । नेपालमा भएको लामो समयदेखिको जातीय, वर्गीय, लैंगिक र भौगोलिक विभेदको कारण असमान आर्थिक स्रोतको वितरण भएको तथ्य हो । नेपालको संविधानले सुनिश्चित गरेको समानताको हक धेरै हदसम्म पूर्ण कार्यन्वयन भएको पाइन्छ । तर, अधिकारको तेस्रो पुस्ता आर्थिक विकासको अधिकार भने अब पूरा गर्नु पर्ने अत्यन्त जरुरी भएको छ ।

आज संसारभर रहेका हरेक देशहरूको ज्वलन्त समस्याका रूपमा आय असमानता छ । विश्वको अर्थतन्त्रकै बागडोर आज सीमित व्यक्तिहरूको नियन्त्रणमा छ । आय असमानता दर्साउन प्रयोग हुने 'गिनी कोफिसियन्ट'को तथ्याङ्कमा नेपालमा कुनै सुधार देखिएको छैन । देशको अर्थव्यवस्थाको संरचना, समाजको अवस्था, स्रोतसाधनको उपभोगको अवस्था, रोजगारका अवसर, देशको राजनीतिक स्थायित्व, लगानीको वातावरण, व्यापारको अवस्था जस्ता तमाम कुराहरूले देशमा आयको समानता र असमानता निर्धारण गर्दछन् । यस सम्बन्धमा नेपाली

कांग्रेसले समस्या पहिचान गरेर आवश्यक रणनीति अख्तियार गर्न आवश्यक छ। नेपाल यतिखेर १६औं आवधिक योजनाको तयारीमा जुटेको छ। यो अवसरको सदुपयोग गरेर नेपालमा आय असमानतालाई घटाउन आवश्यक आर्थिक र सामाजिक विकासका निम्ति नेपाली कांग्रेसले अध्ययन गरेर नीति निर्माणमा ठोस योगदान दिन आवश्यक छ।

## सर्वाङ्गीण आर्थिक विकास

उच्च, दिगो र फराकिलो आर्थिक विकास नै मुलुकको समग्र विकासको मेरुदण्ड हो। नेपालको आर्थिक वृद्धिदर र आर्थिक विकास कमजोर छ। आर्थिक वृद्धिदरलाई दोहोरो अंकमा पुऱ्याउने भनेको दशकौं भइसक्यो तर हासिल गर्न सकिएको छैन। करिब दुई तिहाई जनसङ्ख्या ९६०.४ प्रतिशत कृषि क्षेत्रमा आवद्ध छ तर कूल ग्रास्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान लगभग २४ र २५ प्रतिशत मात्र छ। उत्पादनमूलक उद्योगको योगदान ५.३ मै सीमित छ। व्यापार घाटा आकासिएको छ। कूल व्यापारमा निर्यातको अंश ९ प्रतिशत मात्र छ। अहिले सार्वजनिक ऋण २३ खर्ब पुगेको छ, तुलनात्मक लाभका रूपमा रहेको पर्यटनको प्रचुर सम्भावना र आयाम भए तापनि पर्यटन व्यवसाय अत्यन्त कमजोर छ। २०७९ फागुनसम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ५५ लाख २६ हजार छ। राज्यका नीति तथा कार्यक्रम एवम् योजना समेतले कृषि, उद्योग, पर्यटन, वाणिज्य, मानव संसाधन आदिलाई प्राथमिकतामा राखेकै छन् तर पनि मुलुकको आर्थिक अवस्था र विकास अत्यन्त कमजोर छ। अब यो नीति महाधिवेशनबाट नेपाली कांग्रेसले उत्पादन, वितरण र श्रम बजारलाई प्रभावकारी बनाई सर्वाङ्गीण आर्थिक विकासका माध्यमबाट मुलुकलाई समृद्ध बनाउने नीतिलाई अङ्गीकार गर्नु अत्यावश्यक छ।

## बैंक तथा वित्तीय सुधार

राष्ट्रिय पूँजी परिचालन, व्यापार र वाणिज्य सहायता, व्यापार वित्त व्यवस्थापन, वित्तीय समावेशीकरण प्रवर्धन, मौद्रिक नीतिहरू कार्यान्वयन, स्रोतहरू कुशलतापूर्वक बाँडफाँट, प्रणालीगत स्थायित्व सुनिश्चितता, सार्वजनिक वित्त पोषणमा साझेदारी, प्राविधिक विकास, जोखिम व्यवस्थापन, रोजगारी सिर्जना, विदेशी मुद्रा व्यवस्थापन, बचतलाई प्रोत्साहन, उद्यमशीलता प्रोत्साहन, सम्पत्ति व्यवस्थापन, आर्थिक तथ्याङ्क व्यवस्थापन, उपभोक्ताको विश्वास अभिवृद्धि, अन्तर ाष्ट्रिय वित्त सहजीकरण, ग्रामीण विकास, अन्तरबैंक सञ्चालन सुनिश्चितता, वित्त पोषण, आर्थिक अनुसन्धान, र सन्तुलित सम्पत्ति वितरणमा हाम्रा बैंक तथा

वित्तीय संस्थाहरूले डेलिभर गर्न नसक्नुनै हाम्रो देशको विकासको निम्ति ठुलो बाधक बनेको छ ।

नेपालको संविधानको विशेषता र मर्मअनुसार बैंकहरू सञ्चालन गर्न थुप्रै सुधार आवश्यक छ । राज्यको दायित्व बैंकिङ क्षेत्र सञ्चालन गर्ने कुरामा संवेदनशीलता आवश्यक छ । संविधानले आरक्षित र संरक्षित गरेका वर्ग र समूहलाई आर्थिक सहजीकरण र सबलीकरण गर्ने कुरामा बैंकहरूले पर्याप्त सहयोग नगरेको कुरालाई सहयोगमा रूपान्तरण गर्न आवश्यक रेहको छ ।

समाजमा बैंकहरूको भूमिका पक्कै पनि बहसको विषय भएको छ र कतिपयले बैंकिङ प्रणालीले सम्पत्तिको असमानतामा योगदान पुऱ्याउन सक्छ भनी तर्क गर्ने गरेका छन् । बैंकहरूले कसरी सञ्चालन गर्ने र त्यहाँका नीतिहरूका आधारमा माथिल्लो र तल दुवै आर्थिक गतिशीलतालाई सहज बनाउन सक्नुपर्छ । बैंकिङ प्रणालीहरू वित्तीय सेवाहरूमा निष्पक्ष पहुँचलाई प्रवर्धन गर्ने र अरूलाई आर्थिक रूपमा सीमान्तकृत छोडेर केही मानिसहरूमा सम्पत्ति केन्द्रित हुनबाट रोक्ने उपाय हामीले निकाल्न सकेनौं भने हाम्रो व्यवस्था स्थिर रहने सक्तैन । सिमित १.५ परिवारले ९१.५ नागरिकको सम्पति र धनको प्रयोगबाट असिमित धनोपार्जन गर्ने साधन बैंक बनेको छ । लोकतान्त्रिक समाजवादको यात्रामा बैंक तथा वित्तीय संस्थाहरूको सहयोग रहेन भने साम्यवाद र चरम पूँजीवादले जन्म लिन्छ ।

मुद्रा प्रदाय, कर्जा र व्याजदरको व्यवस्थापन मार्फत आर्थिक स्थायित्व कायम राख्दै आर्थिक वृद्धि तथा रोजगारी सृजनामा सहयोग पुऱ्याउने उद्देश्यलाई सहयोग नहुने किसिमले बनेको मौद्रिक नीतिले समेत बैंक तथा वित्तीय संस्थाहरूलाई अनावश्यक बन्धनमा राखेको छ । फराकिलो र उदार मौद्रिक नीति नाअएकै कारण नेपालका वित्तीय संस्थाहरू स्थिर हुन सकिरहेका छैनन् । हिजो सिमित वर्गको चासोको विषय रहेको मौद्रिक नीति आज जनसाधारणको प्रत्यक्ष सरोकारको विषय बनेको छ ।

अघिल्लो आर्थिक वर्षमा मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा रहेको भारित औसत अन्तरबैंक ब्याजदरलाई न्यूनतम ५.५ प्रतिशत राख्ने लक्ष्य राखिएकोमा वार्षिक औसत अन्तर बैंक ब्याजदर ७.१३ प्रतिशत कायम भएको थियो । केन्द्रीय

बैंकले दोहोरो चरित्र देखाउने समस्या भएकाले कर्जा जोखिम बढेको छ । साना र निश्चित व्याजदर तिर्नुपर्ने व्यापारीलाई समेत मार्का परेको छ ।

विभिन्न तथ्याङ्क अनुसार अघिल्लो आर्थिक वर्ष २०८० जेठ मसान्तमा वाणिज्य बैंकहरूबाट प्रवाह भएको कूल कर्जामध्ये कृषि क्षेत्रमा १३.१ प्रतिशत रु. ५५२ अर्ब ९९ करोड, ऊर्जा क्षेत्रमा ६.८ प्रतिशत रु.२८६ अर्ब ७७ करोड र लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा ९.९ प्रतिशत रु. ४१८ अर्ब ३६ करोड लगानीमा छ। त्यसैगरी, विकास बैंकहरूबाट कृषि, लघु, घरेलु तथा साना उद्यम र व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा कूल कर्जाको २४. ९ प्रतिशत रु. ११३ अर्ब १८ करोड र वित्त कम्पनीहरूबाट २२.३ प्रतिशत रु. १९ अर्ब ६५ करोड लगानीमा रहेको भनिएको छ । वास्तविक किसानले कति कर्जा प्राप्त गरे, कृषि पकेट क्षेत्र रहेका क्षेत्रका किसानले कति प्रतिशत कर्जा प्राप्त गरे, गरिब, निमुखा, युवा र विद्यार्थीले कति कर्जा उपभोग गर्न सके त्यो समीक्षाको विषय छ । जुनसुकै शीर्षकको कर्जा होस् त्यसको लाभ लक्षित वर्गले प्राप्त गर्न नसक्नुमा राज्य र वित्तीय संस्थाहरूनै दोषी छन् ।

अघिल्लो आर्थिक वर्षमा वाणिज्य बैंकहरूबाट प्रवाह भएको कूल कर्जा सापटमध्ये २०८० जेठ मसान्तसम्ममा औसत ६.१ प्रतिशत रु. २६० अर्ब ८४ करोड कर्जा विपन्न वर्गमा गएको भनिएको छ । त्यसैगरी, विकास बैंकहरूबाट यस क्षेत्रमा ९.१ प्रतिशत रु. ४२ अर्ब ३२ करोड र वित्त कम्पनीहरूबाट ६.१ प्रतिशत रु. ५ अर्ब ६५ करोड कर्जा लगानीमा रहेको दाबी गरिएको छ । विपन्न वर्गको नाममा कर्जा दलालीको ठुलै सिन्डिकेट सक्रिय छ। आज पनि विपन्न वर्ग वित्तीय साक्षरता र वित्तीय सहायताबाट वञ्चित छ ।

बैंक तथा वित्तीय संस्थाले खाद्यान्न उत्पादन, पशुपंक्षी, मत्स्यपालन, निर्यातजन्य र शत प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग, हस्तकला तथा सिपमूलक व्यवसाय एवम् उद्यम व्यवसाय सञ्चालनका लागि रु . २ करोडसम्मको कर्जा प्रवाह गर्दा आधार दरमा अधिकतम २ प्रतिशत बिन्दुसम्म प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्न पाउने व्यवस्था कार्यान्वयनमा बैंकहरू जान हच्किने अवस्था छ । त्यसैगरी, निजी क्षेत्रलाई सूचना प्रविधि पार्क तथा औद्योगिक पार्क निर्माण गर्न कर्जा प्रवाह गर्दा आधार दरमा अधिकतम २ प्रतिशत बिन्दुले प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्न पाउने व्यवस्था कार्यान्वयनमा

गम्भीर समस्या देखिएको छ। बैंकको ब्याजमा कसैलाई काखा र कसैलाई पाखा गर्ने कुराले समाजमा ठुलो समस्या पैदा गरेको छ।

रुस-युक्रेन युद्ध, पेट्रोलियम पदार्थको मूल्य वृद्धि र आपूर्ति व्यवधान लगायतका कारण मुद्रास्फीति उच्च रहन गएको पृष्ठभूमिमा हुन गएको ब्याजदरको बढोत्तरीले विश्व अर्थतन्त्रको वृद्धिदर सुस्त भएको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले विश्व अर्थतन्त्र र विकसित एवम् उदीयमान अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा न्यून रहने र सन २०२४ मा सामान्य सुधार आउने प्रक्षेपण गरेको छ। यस्तो अवस्थामा बैंकहरूले नेपाललाई आत्म निर्भर बनाउन तमाम अवसर युक्त क्षेत्र कृषि, खाद्यान्न, मल आदिमा लगानी गर्न नसक्नु वा राज्यले प्रेरित गर्न नसकेकै कारण हामीले ठुलो अवसर गुमाएका छौँ। हाम्रो छिमिकी चीनले कोभिडलाई जसरी अवसरका रूपमा प्रयोग गरेको थियो त्यसरी नै यो गिजोलिएको अर्थतन्त्रलाई अवसरको रूपमा परिणत गर्न राष्ट्र बैंक र सरकारको सक्रियता देखिनु आवश्यक छ।

आर्थिक वर्ष २०७९/८० मा खासगरी निर्माण क्षेत्र र निर्माण क्षेत्रसँग अन्तरसम्बन्धित क्षेत्रहरू संकुचनमा गएका छन्। यो क्रम यो आर्थिक वर्षमा समेत देखिएको छ। आर्थिक क्रियाकलापलाई गति दिन थोक तथा खुद्रा व्यापार, खानी तथा उत्खनन, उत्पादनमूलक क्षेत्रलगायत अर्थतन्त्रका अन्य क्षेत्रसँग बलियो अग्र तथा पृष्ठ सम्बन्ध भएको निर्माण क्षेत्रलाई चलायमान बनाउन पूर्वाधारलगायत विकास निर्माणमा समयमा नै पूँजीगत खर्च हुने व्यवस्था मिलाउन आवश्यक छ। सदैव यस क्षेत्रसँग उदार रहने सरकार र बैंकिंग क्षेत्र अचानक अनुदार बन्दा हाम्रो अर्थतन्त्र गम्भीर संकटमा छ।

स्वास्थ्य र शिक्षा क्षेत्रको लगानीबाट प्राप्त हुने मुनाफालाई अन्य क्षेत्रमा लगानी गर्न नपाइने नीतिगत व्यवस्थालाई बेवास्ता गर्दै बैंक तथा वित्तीय संस्थाहरू ऋण लगानी गर्न खोज्दै हिँडेकाले आज देशमा बेरोजगारी र ब्रेन ड्रेनको समस्या बिकराल बनेको छ।

कूल ग्राहस्थ्य उत्पादनको तुलनामा नेपालमा निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जाको आकार दक्षिण एसियामा नै उच्च छ। बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, बिमा कम्पनी, नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषबाट प्रवाह भएको कर्जा समेतलाई गणना गर्दा नेपालको निजी क्षेत्र अधिक ऋण भारमा परेको स्थिति छ। अधिक ऋण भारको स्थिति, कर्जा र वास्तविक क्षेत्रबिचको कमजोर

सम्बन्ध र वित्तीय क्षेत्रमा पछिल्लो समय देखापरेको गैरव्यावसायिक गतिविधिका कारण निष्क्रिय कर्जा बढ्न थालेको छ । उपर्युक्त पृष्ठभूमिमा वित्तीय स्थायित्व कायम राख्ने कार्यलाई प्राथमिकतामा राख्न सकेनौं भने हाम्रो व्यवस्था तहसनहस हुन्छ ।

बैंकिङ कसुर मुद्दा र चेक अनादरको मुद्दाको अवस्था आजको दिनमा डरलाग्दो अवस्थामा छ । आम नागरिकलाई वित्तीय अपराधी बनाउन राज्य र बैंक आफैं उद्दत रहेको कुरा नकार्ने मिल्दैन । बैंक र राज्य दुवैले आफ्नो असक्षमता र चरम स्वार्थका निम्ति अनुदार भएकै कारण यस्तो अवस्था आएको छ ।

नेपालको वित्तीय प्रणालीमा बैंकिङ, बिमा, पूँजीबजार, गैरबैंकिङ वित्तीय क्षेत्र र सहकारी गरी प्रमुख पाँचवटा क्षेत्रहरू रहेका छन् । वित्तीय प्रणालीको कूल सम्पत्तिको ठुलो हिस्सा बैंकिङ क्षेत्रले ओगटेको छ । गैर-बैंकिङ वित्तीय क्षेत्र वित्तीय प्रणालीको दोश्रो ठुलो क्षेत्र हो । यस अन्तर्गत कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोष गरी दुईवटा महत्त्वपूर्ण संस्थाहरू रहेका छन् । सबै क्षेत्रहरूलाई समेट्न नसक्नु हाम्रो राजनीतिक र विज्ञताको कमजोरी हो ।

नेपालको योजना आयोगको नेतृत्व, राष्ट्रबैंकको नेतृत्व र सरकारको नेतृत्वले वित्तीय बजारमा स्वच्छ प्रतिस्पर्धाको सिद्धान्त, कुशल वित्तीय प्रणालीको सिद्धान्त, विवेकशील नियमनको सिद्धान्त, निजी क्षेत्रसँग राज्यको सहभागिताको सिद्धान्त, विश्वसनीय सूचना प्रणालीको सिद्धान्त, वित्तीय प्रणालीको स्थायित्वको सिद्धान्त, वित्तीय सुशासनको सिद्धान्त, बजार अनुगमनको सिद्धान्त, सुदृढ मानवीय तथा संस्थागत क्षमताको सिद्धान्त, वित्तीय समावेशीकरणको सिद्धान्तलाई उपेक्षा र अनादर गरेकाले आज हाम्रो अर्थतन्त्र गम्भीर संकटमा परेको छ ।

बैंक तथा वित्तीय संस्थाहरू धेरैजसो सहरी क्षेत्रमा केन्द्रित रहेका छन् । अपर्याप्त पूर्वाधार, कठिन भौगोलिक बनौट, छरिएर रहेका बस्ती र अविकसित बजार र आधुनिक प्रविधिको प्रयोग नहुनु जस्ता कारण सबै स्थानमा वित्तीय पहुँच पुग्न सकेको छैन । त्यसको निम्ति ग्रामीण बैंकहरूको भूमिका सराहनीय छ ।

भौगोलिक पहुँच, उच्च ब्याजदर, न्यून वित्तीय साक्षरता, वित्तीय संस्थाप्रति विश्वासको अभाव, धितोको अभाव र सानो ऋण रकमको लागि पनि झञ्झटिलो प्रक्रिया पूरा गर्नुपर्ने अवस्था, उच्च कारोवार लागत, उच्च जोखिम, लघु वित्तीय संस्थारूको न्यून व्यापारिक सम्भाव्यता र पर्याप्त पूँजीको अभाव आदिका कारण

नागरिक वित्तीय सेवाबाट वञ्चित रहेका छन् । ग्रामीण वस्तीका जनतालाई थोरै भए पनि राहात दिन खुलेको ग्रामीण बैंकलाई राज्यले थप पूँजी विस्तार, उपदान र आर्थिक सहायताको प्याकेज प्रस्तुत गर्न सक्नुपर्छ । राज्यले ग्रामिण बैंकलाई विशेष नजरले हेर्नुपर्ने हुन्छ । ग्रामीण बैंकमा राजनैतिक कार्यकर्ता भर्तीकेन्द्र बनाउन खेलमा राजनीतिक नेतृत्व अग्रसर हुनेकुरा त्याग्नुपर्छ । प्रोफेसनल ग्रोथ गराउन संस्था आफैँ सचेत हुनुपर्छ । यो संस्था स्थापना नेपाली कांग्रेसको सरकार भएको वेला भएको हो ।

प्रायः सबैजसो लघुवित्त वित्तीय संस्थाहरू वित्तीय रूपमा कमजोर रहेका छन् । ती संस्थाहरूमा आधुनिक व्यवस्थापन प्रणाली तथा संस्थागत सुशासनको अभाव छ । नियमन र सुपरीवेक्षणका अतिरिक्त यी संस्थाहरूलाई संस्थागत क्षमता सुदृढीकरणको लागि मार्गदर्शन पुग्न सकेका छैन । सरकारले यस्ता संस्थाहरूलाई कम्तिमा प्राविधिक सहायता प्रदान गर्नसक्नुपर्छ । देशभित्र मिटर व्याजीहरूको बेथा पनि त्यत्तिकै दर्दनाक छ । यसको समयमै हल गर्नुपर्ने छ ।

वित्तीय सेवाका उपभोक्ताहरूको संरक्षणको लागि कानुनी तथा संस्थागत संयन्त्र अपर्याप्त रहेकोले उपभोक्ताहरू बैंक तथा वित्तीय संस्थाका अधिक नाफामुखी व्यवहारको सिकार हुन पुगेका छन् । अर्ध-शहरी तथा सहरी क्षेत्रमा लघुवित्त वित्तीय संस्थाहरूको ठुलो उपस्थितिको कारण एकै ऋणीले एकभन्दा बढी संस्थाबाट कर्जा लिने अवस्था छ । यसबाट लघुवित्त सेवाको कर्जा सूचना संयन्त्रको अभाव रहेको वर्तमान अवस्थामा गरिब घरपरिवारहरू ऋणमा फस्न सक्ने जोखिम पनि देखिन्छ । ग्रामीण बैंकका सेवाग्राहीलाई समेत यो जोखिम देखिन्छ ।

सम्पत्ति शुद्धीकरण र आतङ्कवादमा वित्तीय लगानी गर्ने कार्य विरुद्ध अन्तर्राष्ट्रिय मापदण्डहरूको कार्यान्वयनप्रति नेपाल प्रतिवद्ध रही कार्य गरे तापनि नेपालले अन्तर्राष्ट्रिय सम्झौताहरू अन्तर्गतका धेरै प्रतिवद्धताहरूको कार्यान्वयन पूर्ण रूपमा गर्न अझै बाँकी छ । खासगरी साना बैंक, ग्रामणी बैंक, सहकारी लगायतका वित्तिय संस्थाहरू उच्च जोखिममा रहेका छन् ।

नेपाल राष्ट्र बैंकले निर्वाह गर्ने अन्तिम ऋणदाता (Lender of the Last Resort) को भूमिका बजारमा तरलता उपलव्ध गराउनमा मात्र केन्द्रित हुनुपर्ने र यस्तो सुविधा कुनै संस्थालाई दामासाही हुनबाट जोगाउने गरी प्रदान गर्नबाट रोक्नु

पर्नेमा यस सम्बन्धमा स्पष्ट कानुनी व्यवस्थाको अभाव छ । ग्रामीण बैंकको मुद्दाहरू सुनवाई गर्नसमेत फाष्ट ट्र्याक संयन्त्रको आवश्यकता छ ।

निक्षेप सुरक्षणतर्फ कुनै बैंक समस्याग्रस्त घोषणा हुनासाथ सो बैंकका निक्षेपकर्ताहरूलाई समयमै रकम भुक्तानीको सुनिश्चितता गर्ने संयन्त्रको अभाव छ । साथ, निक्षेप सुरक्षण शुल्कको वर्तमान दरलाई पुनरवलोकन गरी छिमेकी राष्ट्रहरूको सरह तुल्याउन पनि चुनौतीको रूपमा छ । हाम्रो पार्टी गठबन्धनमा भएको सरकारका सहभागी रहेकाले ग्रामीण बैंकमा यस्तो जोखिम नियन्त्रण र निस्तेज गर्न सक्रिय रूपमा लाग्नुपर्छ ।

वित्तीय स्थायित्व सम्बद्ध उपयुक्त प्रकारको तथ्याङ्क प्रणालीको अभावका कारण अनुगमन र निगरानी कार्यलाई थप प्रभावकारी पार्न सकिएको छैन । त्यसको प्रत्यक्ष मारमा साना बैंकहरू परेका छन् ।

बैंकिङ, बिमा, पूँजीबजार, सहकारी र गैर-बैंकिङ वित्तीय संस्थामध्ये कुनै एकक्षेत्रमा उत्पन्न हुने समस्या अन्य क्षेत्रहरूमा पनि फैलन जाने हुँदा यसबाट समग्र वित्तीय क्षेत्रको स्थायित्वमा असर पर्न सक्दछ । साना बैंक तथा वित्तीय संस्थाहरूमा यो समस्या निर्क्यौल गर्न नीतिगत स्पष्टता आवश्यक छ ।

कतिपय बैंक तथा वित्तीय संस्थाका सञ्चालक समिति सदस्यहरू बैंकिङ व्यवसायका बारेमा जानकार नभएको साथै उनीहरूमा व्यवसायिकताको कमी रहेकाले कतिपय अवस्थामा कर्जा स्वीकृति, कर्मचारी छनोट र संस्थाको दैनिक व्यवस्थापनमा समस्या आउने गरेको छ । बैंक जस्तो ठाउँमा गैरव्यावसायिक अभ्यास हुनुको एउटा प्रमुख कारण यो समेत छ ।

प्रायः सबै बैंक तथा वित्तीय संस्थाहरूमा कर्जा जोखिम मूल्याङ्कन अपर्याप्त रहेको, भैपरी आउन सक्ने विषय बारेको योजनाको अभावमा सञ्चालनगत जोखिम व्यवस्थापन पद्धति अपूर्ण रहेका र जोखिमलाई भन्दा नियमको परिपालनालाई बढी प्राथमिकता दिएका कारण लेखापरीक्षणसम्बन्धी कार्यहरू कमजोर रहन गएका छन् । त्यसको मारमा साना ठुला सबै बैंक रहेको पाइन्छ ।

## किफायती आवास

हाम्रा पुर्खाहरूले आवास निर्माण गर्दा विभिन्न विकल्पहरूलाई प्रयोग गर्थे । आजको २१ औं शताब्दीमा हामीसँग पर्याप्त विकल्प र प्रविधि उपलब्ध हुँदा समेत हाम्रो आवास निर्माणको प्रकिया किफायती छैन । नेपाली समाजमा आजको

समयमा Millennials पुस्ताको प्रमुख चुनौतीका रूपमा यो समस्या देखिएको छ । आज सामान्य आवास निर्माण गर्न लाखौँ पैसा लगानी हुने गरेको छ । किफायती आवासको प्रचलन बाध्यकारी र बढी प्रयोगमा नभएका कारण आज नेपाली युवाहरूले आर्जेको सम्पूर्ण सम्पति आवास निर्माणमा रित्तिने अवस्था छ । यसले गर्दा आर्थिक निवेश वा लगानीको निम्ति सीमित अवसर हुने गरेको छ । निजी क्षेत्रमा मात्र नभएर सरकारी क्षेत्रमा समेत किफायती आवासको अवधारणा नहुनाले नेपाली नागरिकले तिरेको खरबौँको करको पैसा सरकारी भवन निर्माणमा खर्चिनुपर्ने अवस्था छ । समाजमा बढेका आर्थिक अपराध र भ्रष्ट्राचार जस्ता जघन्य अपराधलाई समेत निर्मूल पार्न किफायती आवासको मुद्दा सहायक हुनसक्छ । यसप्रति खुल्ला बहस र धारणा निर्माण गर्ने जिम्मेवारी समेत राजनीतिक दलहरूकै हो ।

## ऊर्जा

### ऊर्जा विकास

वि.सं.१९६८ मा ५०० किलोवाट क्षमताको फर्पिङ जलविद्युत आयोजनाबाट सुरुवात भएको नेपालको जलविद्युत विकास आ.व. २०७९/८० सम्म आपुग्दा राष्ट्रिय विद्युत प्रणालीमा करिब २,८०० मेगावाट जडित क्षमता हुन पुगेको छ । हाल नेपालको राष्ट्रिय विद्युत प्रणालीमा जलाशययक्त, अर्धजलाशययूक्त, नदी प्रवाहमा आधारित जलविद्युत आयोजनाहरू, सौर्य ऊर्जालगायतका विभिन्न प्रकृतिका विद्युत आयोजनाहरू सम्मिलित छन् ।

राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउन सक्ने ऊर्जा उत्पादनका आन्तरिक स्रोतहरूको अधिकतम विकास गर्न, राज्यको आन्तरिक विद्युत खपत वृद्धि गर्न, अन्तरदेशीय विद्युत व्यापारका सम्भाव्य प्रतिफलहरू प्राप्त गर्न तथा राज्यको ऊर्जा क्षेत्रको योजनावद्ध एवम समयक्रमानुसार विकास गर्नुपर्ने आवश्यकता छ ।

नेपाल सरकारका आवधिक योजनाहरूमा ऊर्जा विकासलाई प्राथमिकता प्राप्त क्षेत्रको रूपमा उल्लेख हुँदै आएको छ । विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ बनाई विद्युत आपूर्ति गर्न नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ तर्जुमा गरिएको थियो । त्यसैगरी, विद्युत क्षेत्रको सर्वाङ्गीण विकास गर्न, विद्युत सेवा स्तरीय एवम् सुरक्षायुक्त बनाउन तथा विद्युत विकासमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्न विद्युत ऐन, २०४९ एवम् विद्युत नियमावली,

२०५० जारी गरिएको थियो । सो पश्चात जलविद्युत विकास नीति, २०५८ जलस्रोत रणनीति, २०५८ तथा राष्ट्रिय जल योजना, २०६२ तर्जुमा गरिएका थिए । विद्युत क्षेत्रमा भएको विकासलाई नियमन गर्न विद्युत नियमन आयोग ऐन, २०७४ विद्युत नियमन आयोग नियमावली, २०७५ ऊर्जा सुरक्षामा सहयोग पुऱ्याउन राष्ट्रिय ऊर्जा दक्षता रणनीति, २०७५ जलस्रोतको बहुउपयोगबाट आर्थिक समृद्धि र सामाजिक रूपान्तरण गर्न राष्ट्रिय जलस्रोत नीति, २०७७ लगायत नीतिगत तथा कानुनी प्रबन्ध गरिएको छ ।

त्यस्तै ग्रामीण र नवीकरणीय ऊर्जाको माध्यमबाट राष्ट्रिय प्रशारण लाइनको पहुँच नपुगेका भौगोलिक क्षेत्रमा विद्युत पहुँच तथा नवीकरणीय ऊर्जा प्रविधिको सेवा प्रवाह गर्ने उद्देश्यले नेपाल सरकारले ग्रामीण ऊर्जा नीति, २०६३ लागू गरेको छ। त्यसैगरी नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धनमा सघाउ पयाउने उद्देश्यले नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ तथा नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९ लागू गरिएको छ ।

विगतका प्रयास र उपलब्धिहरूको समीक्षा गर्दा ऊर्जा क्षेत्रको समग्र विकाससम्बन्धी कार्ययोजना तयार गर्नुको साथै सोको कार्यान्वयनमा विशेष ध्यान दिई प्रभावकारी बनाउन आवश्यक रहेको देखिन्छ । यसको लागि नीतिगत सुधार, अन्तरनिकाय समन्वय, विद्यमान प्रसारण एवम् वितरण प्रणालीलगायत पूर्वाधारहरूको नियमित सम्भार, स्तरवृद्धि र आवश्यक थप पूर्वाधारहरूको निर्माण तथा नियमित अनुगमन संयन्त्रको व्यवस्था आवश्यक रहेको देखिन्छ ।

आयातित पेट्रोलियम पदार्थको अधिकतम हिस्सा यातायात क्षेत्रमा खपत भइरहेकाले यसबाट अर्थतन्त्रमा परिरहेको उल्लेख्य आर्थिक भारलाई मध्यनजर गरी देशभित्रै उत्पादित विद्युतको अधिकतम उपयोगबाट पेट्रोलियम पदार्थको खपत घटाउनु अपरिहार्य भइसकेको छ । यसका साथै, वातावरणीय दृष्टिकोणबाट नेपालले अन्तर्राष्ट्रिय समुदाय समक्ष सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जन (Net Zero Emission) को लागि गरेको प्रतिवद्धता पूरा गर्न जलविद्युत लगायतका स्वच्छ ऊर्जाका स्रोतहरूको विकास एवम् प्रवर्द्धन गर्नुपर्ने देखिन्छ । विद्युतको उपयोग बढाई स्वच्छ ऊर्जा रूपान्तरण (Clean Energy Transition) का लागि घरायसी, कृषि, व्यापारिक, उद्योग, यातायात, निर्माण तथा माइनिङ लगायतका

क्षेत्रहरूमा परम्परागत ऊर्जाको उपयोगलाई स्वच्छ विद्युतीय ऊर्जा मार्फत प्रतिस्थापन गर्न आवश्यक छ ।

## विद्युत माग र आपूर्तिको विश्लेषण

नेपालको दीगो विकास लक्ष्यको अवस्था र मार्गचित्र सन् २०१६-२०३० को प्रतिवेदनमा सन् २०३० सम्ममा कूल जडित क्षमता १५,००० मेगाबाट र वार्षिक प्रति व्यक्ति विद्युत खपत १,५०० युनिट हासिल गर्ने लक्ष्य उल्लेख छ । तथापि सन् २०२३ को मध्यसम्ममा राष्ट्रिय प्रणालीमा विद्युतको उच्चतम माग करिब २,००० मेगाबाट मात्र रहेको अवस्था छ । सुख्खायाममा आन्तरिक उत्पादनको अतिरिक्त विद्युत आयात मार्फत माग व्यवस्थापन गर्ने गरिएको छ भने वर्षायाममा आन्तरिक उत्पादनबाट विद्युत माग पूर्ति गरिनुको साथै बढी भएको विद्युत छिमेकी मुलुक भारतमा निर्यात समेत गर्ने गरिएको छ ।

## आन्तरिक विद्युत माग प्रवर्द्धन

राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजनाअनुसार वि.सं. २०८७ सम्ममा प्रति व्यक्ति विद्युत खपत १,५०० युनिट र वि.सं. २१०० सम्ममा ३,५०० युनिट पुऱ्याउने लक्ष्य लिइएको छ । आ.व. २०७९/८० सम्ममा नेपालको प्रतिव्यक्ति विद्युत खपत करिव ३८० युनिट रहेकोछ ।

विगतको दशकमा भएका आर्थिक वृद्धि, आधुनिक प्रविधिको विकास, ऊर्जा दक्षतामा सुधार र विद्युतीय ऊर्जाको सरल पहुँच लगायतका कारणले माथि देखाइए बमोजिम ऊर्जाको माग बढ्दो क्रममा रहेको भए तापनि आवासीय क्षेत्रमा ऊर्जा खपतको हिस्सा प्रतिशतमा सन् २००९ को तुलनामा घट्दो क्रममा छ भने उद्योग, यातायात, व्यवसाय, कृषि र निर्माण तथा खानी क्षेत्रमा ऊर्जाको खपत उल्लेख्य रूपले बढ्दै गएको देखिन्छ । ऊर्जाको माग बढ्दो क्रममा रहेको भए पनि सो ऊर्जा खपत हुने क्षेत्रहरूमा विद्युतीय ऊर्जाको उपयोग उल्लेख्य रूपमा बढाउन सकिने सम्भावना रहेको अवस्था छ ।

घरायसी उद्योग, यातायात, व्यवसाय, कृषि र निर्माण तथा खानी क्षेत्रमा ऊर्जाको माग बढ्दो क्रममा रहेको र सो क्षेत्रहरूमा विद्युतीय ऊर्जाको प्रयोग बढाई आन्तरिक विद्युतको खपत उल्लेख्य रूपमा वृद्धि गर्न सकिने प्रशस्त आधार र अवसरहरू रहेको देखिन्छ । यसले गर्दा खनिजजन्य लगायत अन्य ऊर्जाको

उपयोगलाई विद्युतीय ऊर्जाबाट प्रतिस्थापन गरी देशको आर्थिक वृद्धिमा सकारात्मक योगदान पुग्ने देखिन्छ ।

## अन्तरदेशीय विद्युत व्यापार

नेपाल र भारत बिच अन्तरदेशीय विद्युतको व्यापार सञ्चालन गर्न, अन्तरदेशीय विद्युत प्रसारण लाइनको निर्माण गर्न, दुई देशका ग्रिड एक आपसमा आबद्ध (synchronize) गर्न र विद्युत आयोजनाहरूको विकासमा संयुक्त लगानी प्रवर्द्धन गर्न सन् २०१४ मा नेपाल र भारतबिच विद्युत व्यापार सम्झौता सम्पन्न भएको थियो ।

नेपाल र भारत बिच सम्पन्न विद्युत व्यापार सम्झौतामा आधारित रहेर इन्डियन इनर्जी एक्सचेन्जको डे अहेड बजारबाट नेपालले मे १, २०२१ देखि सुक्खायामका महिनाहरूमा विद्युत आयात गर्न सुरु गरेको थियो । यसैगरी नेपालले नोभेम्बर ३, २०२१ देखि वर्षातका महिनाहरूमा बढी हुने विद्युत सोही बजारमा बिक्री सुरु गरेको छ ।

हालै नेपाल र भारत बिच आगामी १० वर्षमा १०,००० मेगाबाट सम्म विद्युत निर्यातको सम्झौता सम्पन्न भएकोछ । यसैगरी नेपाल र बंगलादेश बिच विद्युत व्यापारलाई प्रवर्द्धन गर्ने उद्देश्यले सन् २०१८ मा विद्युत क्षेत्रको विकास सम्बन्धी समझदारी भएको छ ।

सोही समझदारी बमोजिम नेपालबाट विद्यमान अन्तरदेशीय प्रसारण संरचनाहरू एवम भारतीय ग्रिडमार्फत ४० मेगाबाट विद्युत बंगलादेशमा निर्यात गर्न नेपाल, बंगलादेश र भारतका तोकिएका निकायहरू बिच सम्झौता हस्ताक्षरको तयारी भईरहेको अवस्था छ र अन्तरदेशीय प्रसारण संरचनाको निर्माणमा त्रिपक्षीय समझदारी जुटाई उल्लेख्य परिमाणमा नेपाल(बंगलादेश विद्युत व्यापारलाई बढाउदै लैजाने परिस्थिति बनेको छ । यसबाट नेपालको विद्युत निर्यातले BBIN उपक्षेत्रीय बजार प्राप्त गर्ने छ भने तत्पश्चात दक्षिण एसियाली क्षेत्रसम्म पुग्ने अवस्था निर्माण हुँदै जानेछ ।

## समस्या र चुनौती

१. आयोजना विकासमा अन्तर–निकाय समन्वय र अपनत्वको कमी हुनु ।

२. आयोजना अध्ययन, विकास तथा निर्माणको लागि आवश्यक प्राविधिक क्षमता तथा वित्तीय स्रोतको सहज उपलब्धता र प्रभावकारी परिचालन नहुनु ।

३. ठुला आयोजनाहरूको प्राथमिकीकरण र प्राथमिकता प्राप्त आयोजनाहरूको निर्माण तथा लगानीको प्रारूप (Implementation and Funding Modalities) समयमै यकिन हुन नसक्नु ।

४. आत्मनिर्भरता सहितको विद्युत सुरक्षाको लागि राष्ट्रिय विद्युत प्रणालीमा RoR, PRoR / Storage जलविद्युत आयोजना तथा वैकल्पिक ऊर्जाका आयोजनाहरूको तादम्यता रहने गरी ऊर्जा सम्मिश्रण हासिल हुन नसक्नु ।

५. आयोजना निर्माणका लागि वातावरणीय अध्ययन, वन उपयोग तथा जग्गा प्राप्तिसम्बन्धी कार्य सरल तथा सहज नभएकाले आयोजनाको विकासमा अपेक्षाकृत भन्दा बढी समय तथा लागत लाग्नु ।

६. जलविद्युत आयोजनाको डिजाइन एवम् निर्माण कार्यमा जलवायु परिवर्तनबाट हुने जोखिमलाई उपयुक्त तवरबाट सम्बोधन हुन नसक्नु ।

## ऊर्जा उत्पादन

### ऊर्जाको माग व्यवस्थापन

१. विद्युतको माग व्यवस्थापन सम्बन्धी पर्याप्त कानुनी र नीतिगत व्यवस्थाहरू नहुनु ।

२. औद्योगिक, ग्राहस्थ तथा व्यापारिकलगायतका क्षेत्रमा विद्युतीय ऊर्जाको बजार विस्तार र भरपर्दो तथा गुणस्तरीय विद्युत आपूर्ति सुनिश्चित हुन नसक्नु ।

३. विद्युतीय ऊर्जाको आन्तरिक मागमा हुने बढोत्तरीसँग तादम्यता हुने गरी विद्युतको आपूर्ति र खपतको लागि आवश्यक पूर्वाधारहरू तयार नहुनु ।

४. समयसापेक्ष तथा उपयुक्त महसुलको व्यवस्था नहुनु ।

## विद्युत प्रसारण र वितरण प्रणाली

१. प्रसारण तथा वितरण प्रणाली विकासमा अन्तर(निकाय समन्वयको कमी हुनु ।

२. प्रसारणलाइन र सवस्टेसनहरूको निर्माणमा जग्गा अधिग्रहण, क्षतिपूर्ति तथा RoW clearance लगायतका कार्यहरूमा प्रक्रियागत ढिलाइ हुनु ।

३. आयोजनाको निर्माण, सुदृढीकरण तथा क्षमता अभिवृद्धिका कार्यहरू तोकिएको समयमा सम्पन्न नहुनु ।

४. विद्युत उत्पादन आयोजनाहरू र सोको लागि आवश्यक हुने प्रसारणलाइन एवम् सबस्टेसन लगायतका पूर्वाधारहरूको निर्माण कार्यमा तादम्यता नहुनु ।

५. प्रसारण तथा वितरण प्रणाली निर्माणको लागि प्राविधिक र वित्तीय स्रोतका साथै कुशल निर्माण व्यवसायीहरूको सहज उपलब्धता एवम् उचित परिचालन नहुनु ।

६. वातावरणीय अध्ययन, वन उपयोग तथा जग्गा प्राप्ति सम्बन्धी कार्य सरल तथा सहज नहुनु ।

## लगानी व्यवस्थापन सम्बन्धी

१.ऊर्जा संरचनाहरू (Energy Infrastructures) को विकासमा पर्याप्त आन्तरिक पूँजीको व्यवस्था तथा परिचालन हुन नसक्नु ।

२.ऊर्जा संरचनाहरू (Energy Infrastructures) का लागि बहुपक्षीय निकायहरू लगायत अन्य क्षेत्रबाट पर्याप्त वैदेशिक लगानी भित्र्याउन नसक्नु ।

३.वित्तीय जोखिम न्यूनीकरणका लागि आवश्यक संयन्त्रहरूको पहिचान तथा परिचालन गर्न नसक्नु ।

४. Climate financing को प्रचुर सम्भावना भएतापनि ऊर्जा संरचना निर्माणमा उक्त स्रोतको उपयोग गर्न नसक्नु ।

## नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था

१. आयोजना विकासका लागि आवश्यक नीति तथा कानुनहरूको समयानुकूल तर्जुमा एवम् परिमार्जन नहुनु ।

२. विद्यमान कतिपय ऐन, कानुनहरू बिच सामन्जस्यता कायम नहुनु ।

३. विद्यमान सार्वजनिक खरिद कानुनमा विद्युत आयोजनाहरू विकासका लागि अनुकूल हुने विशेष व्यवस्था (Exclusive provision) नहुनु ।

## विद्युत व्यापार

१. विद्युत व्यापार सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाको अभाव हुनु ।

२. अन्तरदेशीय विद्युत व्यापारको लागि आवश्यक पूर्वाधारहरूको कमी हुनु ।

३. BBIN, BIMSTEC, SASEC, SAARC लगायतका क्षेत्रीय र उप-क्षेत्रीय तहमा बजार विस्तार हुन नसक्नु ।

## अवलम्बन गर्नुपर्ने नीतिहरू :

१. विद्युत उत्पादन, प्रसारण, वितरण तथा व्यापार सम्बन्धी व्यवस्थालाई समयसापेक्ष बनाइ स्वच्छ, नियमित, भरपर्दो, गुणस्तरीय, सुरक्षित तथा सर्वसुलभ विद्युत आपूर्ति गर्न नयाँ विद्युत ऐनको तर्जुमा गर्ने ।

२. राष्ट्रिय प्रसारण ग्रिडको सञ्चालन, विस्तार तथा व्यवस्थापन गर्न एक छुट्टै निकायको गठन गर्ने ।

३. विद्युत प्रसारण तथा वितरण संरचनामा खुला पहुँचको व्यवस्थाका लागि आवश्यक निर्देशिका Regulations को व्यवस्था गर्ने ।

४. निजी क्षेत्रलाई विद्युत व्यापार अनुमतिपत्र जारी गर्ने व्यवस्थाको लागु गर्ने ।

५. प्रसारण पूर्वाधारको तीव्र विकासका लागि निजी लगानी आकर्षित गर्ने ।

७. विद्युत आयोजनाहरूको निर्माणमा आइपर्ने व्यवधानहरूलाई छिटो सम्बोधन गरी आयोजनाहरूको तीव्र निर्माण गर्न विशेष कानुन (Sunset Law) को व्यवस्था हुनुपर्ने ।

८. स्वदेशी तथा अन्तरदेशीय विद्युत व्यापारका लागि छिमेकी देशहरूको नीतिगत व्यवस्था तथा प्रचलनलाई समेत मध्यनजर गरी विद्युत व्यापार निर्देशिका

लागु गर्ने ।

९. विद्युत आयोजनाहरूको विकास एवम् निर्माणका लागि वन क्षेत्रको जग्गा प्रयोग गरेवापत प्रवर्धकले बुझाउनु पर्ने रकम पुनरावलोकन गर्नुपर्ने ।

१०. विद्युत प्रसारणलाइन निर्माण गर्ने क्रममा च्ष्नजत या ध्बथ मा परेका जग्गाहरू प्राप्तिमा समस्या देखिएकोले हालको क्षतिपूर्तिको व्यवस्था पुनरावलोकन गर्नुपर्ने ।

११. विद्युतीय सवारी साधनको लागि आवश्यक पर्ने विद्युतीकरण एवम् चार्जिंग स्टेसनको योजना तर्जुमा गरी स्थापना एवम् सञ्चालनका लागि निर्देशिका बनाई कार्यान्वयन गर्नुपर्ने ।

१२.विद्युत प्रसारणलाइन प्रयोग गरे वापतको प्रसारण सेवा शुल्क निर्धारण गर्न निर्देशिका Regulations बनाउने ।

१३. जलविद्युत विकासका सम्बन्धमा लगानी बोर्ड नेपाल, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय तथा उद्योग विभागका कार्यक्षेत्रहरूमा हुन गएको दोहोरोपनलाई हटाउनुपर्ने ।

१४. वन क्षेत्रको जग्गा उपयोग र रुख कटान सहज बनाउन वातावरण अध्ययन प्रतिवेदन अनुसार रुख कटानको स्वीकृति सम्बन्धित वन कार्यालयलाई दिने व्यवस्था मिलाउनुपर्ने ।

१५. जलविद्युत आयोजनाहरूमा लगानी आकर्षित गर्न नवीनतम वित्तीय उपकरण (Innovative Financial Instruments) हरू कार्यान्वयन गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गर्ने ।

१६. विद्युत आयोजनाहरूको समन्वयात्मक विकासको लागि आयोजना प्रवर्द्धकहरू बिच सडक, खानेपानी, प्रसारणलाइन, लगायतका कार्यहरूको एकीकृत विकास हुनुपर्ने ।

१७. प्रसारणलाइनको Right of Way (RoW) मा पर्ने जग्गाका जग्गाधनीहरू तथा सोको निर्माण कार्यबाट प्रतक्ष्य प्रभाव पर्ने स्थानीयहरूको लागि प्रसारण आयोजनाबाट हुने लाभको उचित बाँडफाड सम्बन्धी व्यवस्था हुनुपर्ने ।

१८.आधुनिक प्रविधिको अवलम्वन गरी प्रमुख शहरहरूमा भूमिगत वितरण प्रणाली (Underground Distribution Line and Indoor/GIS Substation) निर्माण तथा विस्तारका लागि विशेष पहल गर्ने ।

१९. तोकिएको प्रसारण शुल्क बुझाइ उच्च भोल्टेजका उपभोक्ताले सिधै विद्युत उत्पादक वा व्यापार अनुमतिपत्र प्राप्त संस्थाहरूबाट विद्युत खरिद गर्न सक्ने व्यवस्था मिलाउने ।

२०. हरित हाइड्रोजन उपयोग गर्ने रासायनिक मल कारखानालाई प्रोत्साहन गर्ने ।

२१. हरित हाइड्रोजन जस्ता नवीन प्रविधिहरूलाई व्यवसायीकरण गर्ने कार्यलाई प्रवर्द्धन गर्ने ।

२२. जलाशययुक्त आयोजनाहरूको विद्युत खरिद दर निर्धारण गर्ने सम्बन्धमा आवश्यक आधार तथा मापदण्ड तयार गरी यस्ता आयोजनामा निजीक्षेत्रलाई आकर्सित गर्नुपर्ने ।

२३. विद्युतको खपत बढाउन ग्राहस्थ वर्गका ग्राहकहरूका लागि Seasonal Time-of-the Day (TOD) महसुल प्रणालीको विकास गर्ने ।

२४. खनिज इन्धनबाट चल्ने सवारी साधनलाई विद्युतीय सवारी साधनमा परिवर्तन गर्नका लागि आवश्यक कानुनी व्यवस्था गर्ने ।

२५. Climate financing को सम्भावनालाई उपयोग गर्न आवश्यक पहल गर्ने ।

## पर्यटन

प्राकृतिक, पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्धन र प्रचारप्रसार गर्न पर्यापर्यटन, होम स्टे, स्थानीय परिकारको ब्रान्डिङ गर्ने । पर्यटन व्यवसाय तथा यातायात पूर्वाधारलाई सुरक्षित, भरपर्दो, विश्वसनीय र मर्यादित बनाउने आन्तरिक पर्यटनलाई पनि प्रोत्साहन गर्ने । विश्वका दुई ठुला जनसङ्ख्या भएका छिमेकीहरूसँग मैत्रीपूर्ण असल सम्बन्ध कायम गरेर विश्वका मित्र राष्ट्रहरूसँग सम्बन्ध थप प्रगाढ गरेर नेपालको पर्यटनप्रति आकर्षित गर्ने । साथै विदेश स्थित जनसम्पर्क समिति र NRNA लाई पर्यटन विकासको लागि समन्वय गर्ने ।

## पर्यटन प्रवर्धन

नेपाल प्राकृतिक एवम् सामाजिक-सांस्कृतिक सम्पदाले सम्पन्न मुलुक हो । यहाँको जल, जमिन, जङ्गल, जनावर, जडिबुटीमा प्रशस्त पर्यटनका सम्भावनाहरू छन् । प्रकृति पदत्त सम्पत्तिको दृश्यावलोकन गराएरै पर्यटनको विविधीकरण गर्न सकिन्छ । स्थानीय खानपानका परिकार तथा वेशभूषालाई ब्रान्डिङ गरी विदेशमा समेत निर्यात गर्न सकिन्छ । पशुपति, लुम्बिनी, जनकपुर एवम् प्राचीन काष्ठकला, मूर्तिकला, शिलालेख र पुरातात्त्विक सम्पदाको प्रचारप्रसार गरेर विश्वलाई आकर्षित गर्न सकिन्छ । पर्यटन नेपालका लागि तुलनात्मक लाभको क्षेत्र समेत भएकाले यसको विविधीकरण र व्यावसायीकरण गर्न आवश्यक छ । पर्यटनका विविध आयाम र सम्भावना भए तापनि अझै पनि पर्यटनको प्रवर्द्धन गर्न सकिएको छैन । सन् २०२२ मा पर्यटकको औसत बसाई १३.१ दिन र प्रति पर्यटक प्रतिदिन औसत खर्च ४०.५ अमेरिकी डलर छ । अब यो नीति महाधिवेशनबाट नेपाली कांग्रेसले प्राकृतिक तथा सामाजिक-सांस्कृतिक सम्पदाको संरक्षण र प्रचारप्रसारमार्फत दिगो पर्यटन प्रवर्धन गरी आर्थिक समृद्धि हासिल गर्ने नीति अङ्गीकार गर्न आवश्यक छ ।

## पर्यटनको विविधीकरण

- पर्वतारोहण, पदयात्रा, जङ्गल सफारी, वन्यजन्तु अवलोकन, पर्वतीय बाइक यात्रा, घोडसवार, रक क्लाइम्बिङ, प्राकृतिक गुफ अन्वेषण र अवलोकन, हिउँ चिप्लेटी, गल्फलगायतका स्थलगत क्रियाकलाप सञ्चालन गर्ने ।
- राफ्टिङ, कायाकिङ, क्यानोइङ, बोटिङ, मत्स्य विहार जस्ता जलक्रीडायुक्त पर्यटनको विकास गर्ने ।
- पाराग्लाईडिङ, अल्ट्रालाइट एयर क्राफ्ट, ह्यान्ड ग्लाइडिङ, हट एयर बेलुन, स्काइ ड्राइभिङ जस्ता नभ पर्यटनको विकास गर्ने ।
- बन्जी जम्पिङ जस्ता साहसी पर्यटनको विकास गर्ने ।
- स्थानीय उत्पादन तथा परिकारको ब्रान्डिङ ।
- स्थानीय तहमा उत्पादित खाद्य तथा अन्य साधनहरूको ब्रान्डिङका लागि तालिमको व्यवस्थापन गर्ने ।

- उत्पादित वस्तुहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा बिक्रीका लागि सरकारी स्तरबाट सहयोग गर्ने ।
- सुरक्षित र मर्यादित व्यवसाय।
- व्यवसायलाई बिना डर सञ्चालन गर्न पाउने वातावरणको सिर्जना गर्ने ।
- राष्ट्रमा रहेका तथा स्थानीय स्तरबाट सञ्चालित व्यवसायलाई मर्यादित बनाइ आयआर्जनको बाटोलाई फराकिलो बनाउने ।
- हिमालय क्षेत्रमा न्याय र पर्यावरणीय दृष्टिले पर्यटनको खोजी गर्ने ।

## पराराष्ट्र नीति

आजको समयमा परराष्ट्र नीति राष्ट्र निर्माणको बलियो उपकरणको रूपमा विकसित हुँदै आएको छ। नेपालले पनि छिमेकी तथा विश्व समुदायसँग कुटनीतिक सम्बन्ध स्थापित गर्दा पञ्चशीलकै सिद्धान्तलाई आधार बनाउँदै आएको छ। पञ्चशीलका सिद्धान्तका आधारमा मात्र नेपालले विश्वका देशहरूसँग दौत्य सम्बन्ध र विभिन्न सन्धि सम्झौताहरू गर्ने गर्दछ। यसलाई आधार मानेर नै नेपालले परराष्ट्र नीति तर्जुमा गरेको छ। असंलग्न परराष्ट्र नीति पनि पञ्चशीलकै सिद्धान्तको एक अङ्ग हो, जसले विश्वका कुनै पनि शैन्य वा राजनीतिक गठबन्धनमा आफूलाई सामेल नगर्ने उद्घोष गर्दछ। आज परराष्ट्र नीतिले काचुली फेर्न खोजेको छ। आजको प्रविधिको युगमा वैदेशिक र कुटनैतिक सम्बन्धको महत्त्व बढेर गएको छ।

हाम्रा ठुला छिमेकीहरूले विश्वमा राखेको प्रभाव र गरेको आर्थिक प्रगतिको लाभ लिन हाम्रो परराष्ट्र नीतिको दायरा फराकिलो बनाउनुपर्ने आवश्यकता छ। नेपालको भूपरिवेष्ठितताले उत्पन्न गरेका प्रगतिका बाधाहरू अन्तर्राष्ट्रिय कानुनले फुकालेको छ र स्वाधीन राष्ट्रको हैसियतले हामीले अन्तराष्ट्रीय फोरममा हाम्रो छिमेकी सँगको मतभेत नराख्नुलाई मित्र राष्ट्रले कसरी लिएको छ, त्यो बुझ्न जरुरी छ। विश्व ध्रुवीकरणमा गहिरहेको समयमा हामीले लिएको परराष्ट्र नीतिले समृद्धिलाई सहायता प्रदान गर्न सकिराखेको छैन।

असंलग्न विदेश नीति (Non Aligned Foreign Policy), असंरेखित विदेश नीति (Unaligned Foreign Policy), र सर्ब संरेखित विदेश नीति (All aligned Foreign Policy) को मिश्रित अध्ययन भने आवश्यक देखिन्छ।

नेपालले राष्ट्रको रूपमा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो अभिमान र महत्त्वाकांक्षालाई एउटा प्रष्ट आकार दिनसक्नुपर्छ । कुनै पनि राष्ट्रले आफ्नो राष्ट्रिय स्वार्थ र महत्त्वाकांक्षालाई अन्तर्राष्ट्रिय स्तरमा कसरी प्रस्तुत गर्छ त्यही अनुरूप राष्ट्रको हैसियद बन्दै जान्छ । नेपालले आफ्नो अन्तरिक्ष क्षेत्र, ऊर्जा क्षेत्र र महासागर, समुद्र र महासागरीय पारवहनको निम्ति आवश्यकताको सिद्धान्त बमोजिम सहयोगी राष्ट्रहरूसँग समन्वयात्मक विदेश नीति अबलम्बन गर्न सक्छ ।

नेपालले आर्थिक कूटनीतिमा काम गर्नुपर्ने देखिन्छ । विदेशी दाताले प्रतिबद्धता गरेको सहयोग समेत उपलब्ध नहुने समस्या छ । नेपालले वैदेशिक सहयोग र सहायताको मोडेल फेर्नुपर्ने आवश्यकता छ । आजको समयमा प्रविधि, ज्ञान र सिपको हस्तान्तरण निकै ठुलो सहायता हो तर नेपालले यस्तो नीति बनाउन सकेको छैन । नेपाली श्रमिकहरूले विश्व श्रम बजारमा श्रमको उचित मूल्य पाएका छैनन् । त्यसको निम्ति हाम्रो अर्थ कुटनैतिक आधार स्पष्ट हुन जरुरी छ । हामीले लिने सहुलियत, उपदान, सहायता र ऋणका बारे पर्याप्त छलफल समेत हुने गरेको छैन । राष्ट्रहित र विज्ञ परामर्शमा केन्द्रित रहेर मात्रै आर्थिक सहायता लिने कुराप्रति हामी सचेत हुन आवश्यक छ ।

नेपालको परराष्ट्र नीति हाम्रो भूराजनीतिक जटिलता, सामाजिक सांस्कृतिक तत्त्व, ऐतिहासिक सांस्कृतिक तत्त्व, सैन्य शक्ति, आर्थिक क्षमता र सम्भावना, नीति निर्माता र नेतृत्वकर्ताको भूमिका, सत्ताको विचारधारा, प्राकृतिक स्रोतको उपलब्धता, कुटनीतिक कौशलता, कुटनीतिक प्राथमिकता, विश्व दृष्टिकोण र धारणा, अन्तर्राष्ट्रिय सङ्गठन, आन्तरिक राजनीति, विश्व राजनीति लगायत कुराहरूले प्रभावित पार्ने हुँदा यसलाई विशेष ध्यान केन्द्रित गरेर परिमार्जन र कार्यान्वयन गर्नुपर्नेछ । परराष्ट्र नीतिका परिवर्तनीय पक्षहरू माथि साझा सहमति निर्माण गरेर तिनको समय सापेक्ष परिवर्तन आजको आवश्यकता हो ।

नेपाल जस्तो अन्तर्राष्ट्रिय व्यापार घाटा व्यहोरी रहेको मुलुकले डिप्लोमेटिक इन्टेलिजेन्सको संयन्त्र समेत निर्माण गर्नुपर्ने आवश्यकता छ । विश्वमा भैरहेका राजनीतिक घटनाक्रमले अन्तर्राष्ट्रिय बजारमा पार्ने प्रभावले त्यसले हाम्रो अर्थतन्त्रलाई पुर्याउने क्षतिबारे इन्टेलिजेन्स हुनु अत्यावश्यक भैसकेको छ । विश्वमा भैरहेका युद्द र तिनको प्रभाव न्यूनीकरण गर्न हामी चनाखो बन्नुपर्ने छ । विश्व घटनाको लाभ लिन हाम्रा छिमेकी सिपालु भैसकेको अवस्था छ र त्यसको

अनुसरण गर्न नेपालले सक्नुपर्छ । सुरक्षा कूटनीति र सैनिक कुटनीतिको महत्त्व हाम्रो निम्ति निकै आवश्यक छ ।

Track-2 Diplomacy को अभ्यास नेपालको निम्ति अपरिहार्य भइसकेको छ । राजनीतिमा पुस्तान्तरण हुने तर ज्ञान हस्तान्तरण नहुने समस्या छ । त्यसले हाम्रो संवेदनशील परराष्ट्र नीतिलाई प्रभाव पार्दछ । यसलाई सन्तुलन गर्न सेवा निवृत्त कुटनीतिकर्मीहरूलाई राज्यले सदुपयोग गर्ने नीति लिनुपर्नेछ । परराष्ट्र सम्बन्धका आयामहरूमा नवपवर्तन कम आवश्यक हुने र अनुभव बढी आवशयक हुने गरेको छ । त्यसको मर्म हामीले बुझ्नुपर्नेछ ।

नेपालले आफ्नो प्राकृतिक सम्पदा र भौगोलिक विविधता प्रयोग गरेर आयुर्वेद, बैद्धिक, शिक्षा, पूर्वीय दर्शन, जलस्रोत, पर्वतारोहण, खनिज उत्खनन, भूगर्भ, सिनेमा लगायत तमाम नयाँ क्षेत्रमा अन्तर्राष्ट्रिय बजारबाट विद्यार्थी ल्याउने वातावरण सिर्जना गर्न सकिने सम्भावनालाई प्राथमिकतामा राख्नुपर्नेछ । नेपालले संसारमा सबैभन्दा सर्बसुलभ मेडिकल शिक्षाको हबको रूपमा विकास गर्न सकिने सम्भावनालाई समेत हाम्रो नीतिले सम्बोधन गर्नुपर्छ । विदेशी विद्याथीहरूलाई नेपालमा अध्ययन गर्न आउने वातावरण सिर्जना गर्ने कुराले आर्थिक लाभसँगै कुटनीतिक लाभसमेत प्राप्त हुनेगर्दछ ।

हाम्रो पर्यटनको प्रचुर सम्भावनालाई हामीले अन्तर्राष्ट्रिय फोरमहरूमा प्रचार गर्न सकिरहेका छैनौं । हाम्रो परराष्ट्र नीति हरेक विधाको लगानी सम्मेलन आकर्षण गर्ने किसिमको हुनुपर्नेछ । हाम्रो कुटनीतिक संयन्त्रलाई टेवा दिन गैर आवासीय नेपालीहरूको सहयोग लिएर नेपालले अन्तर्राष्ट्रिय मिडियामा आफ्नो स्थान बनाउने प्रयत्न गर्न जरुरी छ ।

हामीले नेपालको Visa-Free Score बढाउन कुटनीतिक पहल गरी नेपाली नागरिकलाई visa on arrival को निम्ति कुटनीतिक लबिङ गर्न जरुरी छ । हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धलाई प्रयोग गरेर नेपालले गुमाएको विश्वासनीयता फर्काउन विमानस्थल सुरक्षा, आन्तरिक सुरक्षा, स्थिरता, अन्तर्राष्ट्रिय साझा मान्यताको अनुसरण लगायत विषयमा गृहकार्य गर्ने प्रतिबद्धता जनाउन सक्नुपर्नेछ । आज नेपाली राहदानी कुन अवस्थामा पुगेको छ, त्यो आफैंमा हाम्रो परराष्ट्र नीतिको अभ्यासको ऐना हो ।

नेपालले सौम्य कूटनीति, खेलकुद कूटनीति, आयात कूटनीति, ऊर्जा कूटनीति, क्षेत्रीय कूटनीति, लगानी कूटनीति आदिको विषयगत अभ्यास गर्नु आजको आवश्यकता हो । नेपालले प्रत्यक्ष विदेशी लगानी भित्राउन, वैदेशिक सहायता भित्राउन, मानवीय सहायताको विश्वव्यापी कोषको सहायता प्राप्त गर्न कुटनीतिक अभ्यास बढाउन आवश्यक छ ।

## असंलग्न र तटस्थ

आज विश्वव्यापीकरण र भूमण्डलीकरणका कारण मुलुकहरूबिच अन्तरनिर्भरता र अन्तरआबद्धता बढ्दै गएको छ। नेपालले प्राचीन कालदेखि नै सन्तुलित र स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्दै आएको छ। संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा नेपालले स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्ने कुरा संविधानले दिशानिर्देश गरेको छ । विगतमा भएका केही असमान सन्धि सम्झौता, व्यापार, ऋण सहायता तथा अनुदानले नेपालको वैदेशिक सम्बन्धमा कहिलेकाहीँ खटपट सिर्जना गरेको पाइन्छ । स्वार्थसिद्धिका लागि वैदेशिक सम्बन्ध विस्तार र सङ्कुचन गर्न खोज्ने नेपाली राजनीतिलाई सुधार गर्नु आवश्यक छ ।

## अबको कार्यनीति

### सम्बन्धको आधार

संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा परराष्ट्र नीति सञ्चालन गर्ने, विगतमा भएका असमान सन्धि सम्झौताहरूको पुनरावलोकन गर्ने समानता र पारस्परिक हितका आधारमा द्विपक्षीय तथा बहुपक्षीय सन्धि सम्झौताहरू गर्ने। बढ्दो विश्वव्यापीकरण, अन्तरनिर्भरता, सञ्चार र सामाजिक सञ्जालको व्यापकताबाट बद्लिँदो विश्व सन्दर्भमा सुरक्षा र नेपाली जनताको आर्थिक समुन्नतिका लागि समन्वय गर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित र भरपर्दो बनाउन श्रम सम्झौता गर्ने।

अन्तर्राष्ट्रिय सङ्गठनहरूसँगको आबद्धता र सदस्यतालाई मुलुकको आर्थिक तथा विकास योजना सँग जोड्ने, अन्तर्राष्ट्रिय मञ्चहरूमा मुलुकको पहिचान स्थापित गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने। ऋण सहायता, अनुदान तथा अन्तर्राष्ट्रिय सहयोगलाई मितव्ययी र प्रभावकारी बनाउने । ऋणभन्दा अनुदान साहेताको अपिल गर्ने ।

# विज्ञान, प्रविधि र नवप्रवर्तन

## विज्ञान र प्रविधि विकास

विज्ञान र प्रविधि मानव सभ्यताकै उपलब्धि हुन् । विज्ञान प्रविधिको विकासमा फड्को मारेका देशहरू आज सुदृढ र सम्पन्न छन् । नेपालमा विज्ञान प्रविधिको विकासमा राज्य र निजी क्षेत्रको पर्याप्त लगानी हुनसकेको छैन । आधुनिक विज्ञान र प्रविधिको इतिहास नेपालको निकै छोटो छ । हाम्रा छिमेकी देशले विज्ञान र प्रविधिको उपयोगले देशमा गरेको विकास हामीले देखेको र स्वीकार गरेको दशकौँ भैसक्दा समेत त्यसको अनुसरण हामीले गर्न सकेका छैनौँ । वैज्ञानिक अध्ययन, अनुसन्धान र विज्ञान तथा प्रविधिको प्रगति र विकासमा लगानी अभिवृद्धि गर्ने, प्राविधिक तथा उत्कृष्ट प्रतिभाको संरक्षण गर्ने र दिगो विकासका लक्ष्य हासिल गर्न प्रविधिको विस्तार र प्रयोगलाई मूलमन्त्र बनाउने नीति नेपाली कांग्रेसले लिन सक्नुपर्नेछ । सरकारका विभिन्न मन्त्रालयले विज्ञान र प्रविधि क्षेत्रमा विकेन्द्रीत रूपले गरिरहेको बजेट खर्चलाई विज्ञान, प्रविधि तथा नवप्रवर्तन कोषको स्थापना गरेर एकद्वार प्रणालीमार्फत खर्च गर्न सकियो भने आशातित उपलब्धि हासिल गर्न सकिन्छ । अनुसन्धान गर्ने संस्थाहरूबिच तथ्याङ्क आदानप्रदानको विधि र समन्वयको अभावमा सुधार गर्न जरुरी छ । विज्ञान र प्रविधिसँग सम्बन्धित संस्थाहरू र नीतिहरूबिच थप समन्वयका र थप लगानीको आवश्यक रहेकाले नेपाली कांग्रसले निजी क्षेत्र र वैदेशिक लगानीकर्तालाई विज्ञान र प्रविधिको विकासमा जोड्न सक्नुपर्नेछ । विदेशमा रहेका नेपाली वैज्ञानिकसँग यस क्षेत्रको विकाससँग जोड्न जनसम्पर्क समिति र गैरआवासीय नेपालीका संस्थाहरूसँग नेपाली कांग्रेसले निरन्तर छलफल र अन्तरक्रिया गर्न आवश्यक छ । विकसित प्रविधि र निकट भविष्यलाई केन्द्रित गरेर यस क्षेत्रको विकास गर्नसकेमा समृद्धिको यात्रा अझै सुगम हुनेछ ।

## अन्तरिक्ष अभियानको गौरव

भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठनले २०१३ मा गरेको मंगलयानको अन्तरिक्ष यानको मिसन निकै किफायती थियो । आजको समयमा करिब १० अर्ब नेपाली रूपैयाँ बराबर रहेको लागतमा यो मिसन पूरा भएको थियो । नेपालले अनुत्पादक ऋण लिएर पूर्वाधारमा गरेको लगानी वा धेरै गौरवका आयोजनामा गरेको अर्बौंको लगानीले समेत प्रतिफलका निम्ति लामो समयदेखि हामी प्रतिक्षामा रहेका छौँ । आजको समयमा अन्तरिक्ष अभियानको विशेष महत्त्व छ । नेपाल आफैँ जलवायु

परिवर्तन र विभिन्न प्राकृतिक विपदको सामाना गरिरहको छ । हाम्रो मौसम पूर्वानुमान लगायत थुप्रै कुरामा समस्या छ। ती सबैको समाधानका निम्तिसमेत हामीले अन्तरिक्षको यात्रा तय गर्न आवश्यक छ। देशको गौरवको विषयसमेत हुनसक्ने अन्तरिक्ष अभियानको प्रारम्भ गर्ने र त्यसको व्यवस्थापनका निम्ति काम गर्ने नीति नेपाली कांग्रेसले लिएर विज्ञान प्रविधिको क्षेत्रमा आसाको सञ्चार जगाउन सक्नुपर्नेछ। अन्तरिक्षको अर्थतन्त्रका आयामहरूमा नेपाल जोडिने नीति आवश्यक छ। नेपालका वैज्ञानिक र अनुसन्धानकर्ताहरू प्रतिभाको लाभ संसारका थुप्रै देशहरूले लिएका छन्। विद्वानहरूलाई सरकारले युगानुकूल काम समेत दिन सक्नुपर्नेछ। यस क्षेत्रमा निजी र अन्तर्राष्ट्रिय लगानी भित्र्याउन नेपाली कांग्रेसको महत्त्वपूर्ण भूमिका रहनुपर्नेछ।

## सूचना प्रविधिबाट समृद्धि

नेपालमा सूचनाप्रविधि क्षेत्रमा काम गर्ने जनशक्ति उत्पादनको अवस्था निकै राम्रो छ । आज हामीसँग सूचना प्रविधिलाई अर्थतन्त्रको ठुलो सम्भावनाको रूपमा रूपान्तरण गर्न आवश्यक थुप्रै पूर्वशर्त अगाडि बढेको अवस्था छ । फ्रिलान्सिङबाटै नेपालका युवाहरूले विश्व बजारमा आफ्नो प्रतिभाको छाप छोडेका छन्। नेपालमा सूचना प्रविधि पढेको जनशक्तिको लोभ संसारले गरेको छ। हाम्रो अनौपचारिक अर्थतन्त्रको एउटा हिस्सा सूचना प्रविधिको अर्थतन्त्रसमेत छ। नेपालको असंलग्न विदेश नीति र आफ्नो भौगोलिक विविधता भएका कारण नेपाल डाटा केन्द्रहरूको स्थापनाको निम्ति लगानकर्ताको रणनीतिक ग्राह्यतामा पर्न सक्छ। यो क्षेत्रमा हामीले स्पष्ट नीति र पूर्वाधार सहित विश्व समुदायलाई लगानीको निम्ति आह्वान गर्नुपर्नेछ । संसारको ज्वलन्त समस्याको रूपमा रहेको साइबर आतंकविरुद्ध नेपालले सैन्यरणनीति अन्तर्गत जनशक्ति व्यवस्थापन गरेर यो क्षेत्रमा विश्वबजारलाई अत्यावश्यक रहेको साइबर सुरक्षा प्रदान गर्न सक्दछ र त्यसको आर्थिक लाभ देशले प्राप्त गर्न सक्दछ। नेपालको जनशक्तिको उपलब्धता, गुणस्तर र अन्य श्रम बजारभन्दा किफायती ज्याला भएकाले नेपाल आउटसोर्सिङको हब बन्न सक्छ। यी तमाम सम्भावनाको अध्ययन गरेर नेपाली कांग्रेसले उच्च प्राथमिकताका साथ सूचना प्रविधिको आर्थिक मोडेल निर्माण गर्ने नीति लिनुपर्नेछ।

## कृत्रिम बुद्धिमत्ताको लाभको पूर्वशर्त

संसारका सूचना प्रविधिको विकासले फड्को मारेको छ । च्याट जिपिटि जस्ता प्रविधिहरूको लाभ नेपालीहरूले लिनसक्ने अवस्था छैन । नेपालले देवनागिरी लिपि र नेपाली व्याकरणलाई मेसिन लर्निङ्ग जस्ता प्रविधिसँग जोड्न आवश्यक छ। हाम्रो अपर्याप्त प्रयासका कारण भर्चुअल सहायक जस्ता आधुनिक प्रविधिको लाभ नेपालीभाषीले प्राप्त गर्न सकेका छैनन् । आजको नयाँ प्रविधिहरू प्राय: ओपन सोर्स छन् र तिनको विकासका निम्ति योगदानको अवसर नेपाललाई समेत छ। नेपालले राज्यस्तरमै अग्रसर भएर नेपाली भाषा र आधुनिक प्रविधिको सामन्जस्यताको दूरी मेटाउन जरुरी छ । यस सन्दर्भमा नेपाली कांग्रेसले लिने नीति र गर्ने पहलले ठुलो महत्त्व राख्दछ। प्रविधिको लाभ नेपाली नागरिकले प्राप्त गर्न नेपाली कांग्रेसले कृत्रिम बुद्धिमत्ताको लाभको पूर्वशर्त पहिचान गरेर त्यसको पूर्ति गर्ने नीति तर्जुमा गर्नुपर्नेछ ।

## जलवायु परिवर्तन र विपद् व्यवस्थापन

नेपाल भूबनोट र भौगर्भिक विशिष्टताका कारण जलवायु परिवर्तनको उच्च जोखिममा रहेका राष्ट्रमध्येमा पर्नेछ । बढ्दो मानवीय क्रियाकलापबाट वायुमण्डलमा हरितगृह ग्याँसको उत्सर्जनमा वृद्धि भई विश्वव्यापी उष्णता बढदै गएको छ । Intergovernmental Panelon Climate Change (IPCC) को Assesment Report (AR6) अनुसार पृथ्वीको औसत तापक्रम सन् १८८५-१९०० का तुलनामा १.१ डिग्री सेल्सियसले बढेको छ । सन् १९७४-२०१४ सम्ममा नेपालको वार्षिक औसत तापक्रम ०. ०५६ डिग्री सेल्सियसले बढेको छ। जलवायु परिवर्तनजन्य विपदबाट नेपालले वर्षेनी मानवीय र आर्थिक नोक्सानी बेहोर्दै आएको छ । संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि, क्योटो प्रोटोकल, पेरिस सम्झौतालाई आत्मसात गरी जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनमा गम्भीरताका साथ जुट्नु आवश्यक छ। वर्तमानमा विभिन्न सरकारी, गैरसरकारी एवम् सामुदायिक सङ्घ संस्थाहरूमार्फत जलवायु परिवर्तनका नकारात्मक प्रभावको उच्च जोखिममा रहेका क्षेत्र र समुदाय लक्षित गरी अनुकूलन कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। जलवायु परिवर्तनको विषयसँग सम्वन्धित अन्तर्राष्ट्रिय प्रक्रियामा नेपालको सहभागिता छ । नेपालले क्योटो अभिसन्धि, पेरिस सम्झौता, सेन्डाई खाका र दिगो विकास लक्ष्यको पक्षराष्ट्र भई अन्तर्राष्ट्रिय क्षेत्रमा प्राप्त अवसरहरूलाई राष्ट्रिय आवश्यकता बमोजिम

सदुपयोग गरी आफ्नो दायित्वलाई पनि निर्वाह गरेको छ । पेरिस सम्झौताको पक्षराष्ट्रको हैसियतले सन् २०१६ मा पेश गरिएको राष्ट्रिय निर्धारित योगदान National Determinded contribution (NDC) अद्यावधिक गर्ने र क्योटो अभिसन्धीअन्तर्गत दोहा संशोधनलाई स्वीकृति दिने गरी काम अगाडि बढाइएको छ । जलवायु परिवर्तन सम्वन्धी अन्तर्राष्ट्रिय वित्तमा प्रत्येक्ष पहुँच स्थापित गर्न नेपालले सरकारी र संस्थागत रूपमा प्रक्रियाहरू अगाडि बढाएको छ । तथापि नेपाली जनजीवन र अर्थतन्त्रमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव परेको छ र भविष्यमा समस्या अझ बढ्ने अनुमान छ । यस्तो अवस्थामा अन्तरक्षेत्रगत निकायहरूसँग समन्वयन पनि कमी, अनुसन्धान र आधारभूत स्रोत साधनको कमी हुनु, जलवायु परिवर्तनको विषय देशको समग्र विकास प्रक्रियाभन्दा भिन्न ठानिनू तथा ज्ञानको कमीका कारण यसमा ध्यान नजानु जलवायु परिवर्तन र विपद् व्यवस्थापनका मूख्य समस्याहरू हुन् । यस सन्दर्भमा भौगोलिक रूपमा पनि नेपालमा जलवायु परिवर्तन र विपद् व्यवस्थापन गर्नका लागि चुनौती देखिन्छ । त्यतिमात्र होइन नेपालजस्ता यस्ता समस्या रहेका राष्ट्रका विशिष्टिकृत विषयहरूलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा साझा आवाजका रूपमा स्थापित गर्ने चुनौती पनि थपिएको छ । तसर्थ अब यो नीति महाधिवेशनबाट नेपाली कांग्रसले जलवायु परिवर्तनबाट देखापरेका असरलाई न्यूनीकरण एवम अनुकूलन गर्दै विपद व्यवस्थापनमा सचेत रहने नीति अङ्गीकार गर्दछ ।

कृषि तथा खाद्य सुरक्षामा वैज्ञानिक प्रणालीको अवलम्बन गर्नु पर्ने, वन, जैविक विविधता र जलाधार क्षत्रेको संरक्षण गर्नुपर्ने, जलस्रोत र ऊर्जाको अधितम उपयोग हुनुपर्ने, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको माध्यमबाट जलवायु परिवर्तनको समस्यालाई समाधानउन्मुख बनाउनु पर्ने, स्वास्थ्य तथा खानेपानी तथा सरसफाइ व्यवस्थापन गरी विपदमा रहेका समुदायलाई सहयोग गर्नपर्छ ।

विपद जोखिम न्यूनीकरणका लागि सरकारी, गैरसरकारी र संस्थाहरूलाई भूमिका प्रदान गर्ने नीति अवलम्बन गर्ने, राष्ट्रिय अभियान सञ्चालन गर्न आवश्यक छ । यसका लागि नेपाली कांग्रेसले वार्ड देखि केन्द्र सम्मका सबै तहमा एक छुट्टै संयन्त्र बनाई परिचालन गर्नुपर्ने छ (कार्यदल बनाउने) । यसलाई “प्राकृतिक स्रोतसाधनको व्यवस्थापन तथा परिचालन अभियान” पनि भन्न सकिने छ ।

नेपालमा प्रकृतिक प्रकोपबाट १० वर्षमा ४३ अर्ब बराबरको क्षति हुन्छ भने जलवायु जन्य विपद्बाट मात्रै २० अर्ब बढी क्षति हुन्छ । १० वर्षको अवधिमा

जलवायु जन्य विपद्बाट ४७८३ जनाको मृत्यु भएको र ३४ हजार भौतिक संरचना भत्किएको रिर्पोट देखिन्छ । चौपयामात्र १३०० मरेका र ९५१ व्यक्ति हराइरहेका छन् । हामीले जलवायु परिवर्तका सवालमा काम गर्न सकेनौं भने वाटर टावर (हिमालमा हिँउ पाइने अवस्था) खाली हुन्छन् । कृषि उत्पादनमा कमि, जलस्रोतका मुहान सुक्ने, बाढी, पहिरो, भूक्षय, चट्याङ लगायतका प्रकोप बढ्छन् र सुख्खा खडेरीको पनि त्यतिकै सम्भावना हुन्छ र त्यसबाट जनजीवन निकै प्रभावित हुन्छ । यसर्थ नेपाली कांग्रसले १६औं पञ्चवर्षीय योजनामा जलवायु परिवर्तन र विपद् व्यवस्थापनलाई विशेष समावेश गर्न ध्यान दिनपर्ने देखिन्छ । अव जलवायु निती २०१९, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन नीति २०१८, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०१७, स्थानीय सरकार परिचालन ऐन २०१७, अनुसार स्थानीय तहलाई विशेष अधिकार दिएका कारण कांग्रेसले पनि यसका लागि स्थानीय तहमा कार्यदल गठन गर्न आवश्यक छ । सयुक्तराष्ट्र संघ माहासन्धीमा नेपालले कार्बन उत्सर्जनमा कमि ल्याउनका लागि राष्ट्रिय प्रतिबद्धता पत्र २०२१ बुझाएको छ । यसका लागि ४७ । ४ अर्ब युएस डलर खर्च गरिने लक्ष्य राखिएको छ । राष्ट्रिय अनुकूल योजना २०२१ अनुसार २०२१ देखि ५०सम्म २० वर्षमा पूर्ण कार्यन्यावन गर्न योजना छ ।

## हिमालयन जलवायु लचिलोपन

जलवायु परिवर्तनका प्रभावहरू, विशेष गरी हिमाली क्षेत्रमा नेपालको जोखिम छ, जलवायु प्रतिरोधी रणनीतिहरू विकास र कार्यान्वयन गर्न प्रतिबद्धता जनाउँदै हिमालयको अद्वितीय पारिस्थितिक तन्त्रको रक्षा गर्न परम्परागत ज्ञान, समुदायमा आधारित अनुकूलन उपायहरू, र दिगो भू-उपयोग अभ्यासहरू समावेशलाई प्रथामिकता, पारिस्थितिक मैत्री प्रविधिहरू, नवीकरणीय ऊर्जा समाधानहरू र दिगो कृषि अभ्यासहरू समावेश हुनुपर्ने देखिन्छ ।

## जलवायु आपतकाल

जलवायु परिवर्तनको मुद्दा जलवायु आपतकालको मुद्दामा केन्द्रित भैसकेको छ । जलवायु परिवर्तनसँग सामना गर्न गरिएका हाम्रा प्रयास प्रयाप्त छैनन् । जलवायु आपतकालको मुद्दा हाम्रो कमजोरी स्वीकारोक्तिको विषय मात्रै नभई मानवीय सभ्यता रक्षाको निम्ति हाम्रो उत्तरदायित्व निर्वाहको रूपमा हामीले उठान गर्नुपर्छ । जलवायु आपतकालका पूर्वाधार, त्यसको पूर्वतयारी र हाम्रो राष्ट्रिय नीतिबारे फराकिलो बहस आवश्यक छ । विश्वव्यापी तापमान वृद्धि, मौसम ढाँचामा

परिवर्तन, समुद्री सतहको ह्रास र वृद्धि, पारिस्थितिक प्रणालीमा प्रभाव, खाद्य सुरक्षामा खतरा, पानीको अभाव, जनसङ्ख्या विस्थापन लगायतका विषयमा ठोस नीति आवश्यक छ । जनस्तरमा जलवायु परिवर्तनको मुद्दा विकेन्द्रित गर्न सक्नुपर्छ ।

## विपद् पूर्व तयारी

नेपालमा हरेक वर्ष बाढी, पहिरो, हिमपात, भूक्षय, भूकम्प आदि जस्ता प्राकृतिक विपद्का कारण सैयौँ मान्छे र हजारौँ घर परिवार विस्थापित हुनुपर्ने बाध्यता छ। आजको विज्ञान र सूचना प्रविधिको युगमा सामान्य पूर्वसूचना समेत नहुनुले राष्ट्रको नागरिक सुरक्षाको उत्तरदायित्वप्रतिको गैरजिम्मेवारी झल्काउने गरेको छ। हामीले विपत जोखिम बढी भएको क्षेत्रको पहिचान भइसक्दा समेत उचित रणनीति अख्तियार गर्न नसक्दा मान्छे मर्ने र परिवार विस्तापित हुने र अरबौंको सम्पति नष्ट हुने क्रम रोकिएको छैन । विपद् व्यवस्थापन राज्य सञ्चालनको अपरिहार्य पाटो हो। सम्भावित विपदका घटना तथा महामारी लगायत प्रतिकार्यका लागि कुनै पनि विपदको जोखिम उच्च रहेका स्थानमा आवश्यक मानवीय स्रोत र आवश्यक उद्दार पूर्वाधार नहुनुले हाम्रो विपद् पूर्वतयारीलाई संकट थपेको छ। औषधी र उपकरणसहित आपतकालीन मेडिकल टिमलाई तयारी अवस्थामा राखी प्रभावित क्षेत्रमा तुरून्त परिचालन गर्न नसकेकै कारण कत्ति नागरिकले ज्यान गुमाउनु परेको छ । राज्य नागरिकप्रति जिम्मेवार भएको भाव विपदमा समेत नहुनु नागरिकप्रतिको अन्याय हो। विपदले अर्को विपद थपेर आउने हुँदा सर्पदंश, माहामारी, सरुवा रोग र विभिन्न संक्रमणको जोखिमका निम्ति जनस्तरमा तयारी र पूर्वतयारी गर्न आवश्यक छ। आजको समयमा नागरिकलाई प्राथमिक उपचार समेतको ज्ञान नहुनुले हाम्रो नेतृत्व क्षेमतामा, रूपान्तरण र लोक कल्याणकारी राज्य निर्माणको हाम्रो उद्देश्यमा गम्भीर प्रश्न खडा गरेको छ। विपद् पूर्वतयारी, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका मुद्दाले ठोस नीतिगत समाधान खोजेको छ। यस सन्दर्भमा नेपाली कांग्रसले सरकारलाई मार्गदर्शन गर्न जरुरी छ।

## फोहोर व्यवस्थापन

विकासोन्मुख र विकसित देशहरूका निम्ति आजको समयमा फोहोर व्यवस्थापनको मुद्दा अवसर र चुनौतीका रूपमा देखापरेको छ। जनसङ्ख्या वृद्धि, आर्थिक विकास, र उपभोग ढाँचामा परिवर्तनको कारणले फोहोर उत्पादनमा बढोत्तरी भएको छ।

जमिनमा फोहोर गाड्ने, जलाउने वा थुपार्ने चलनचल्तीका अभ्यासहरूले थप समस्याको निमन्त्रणा गर्दछन् । तीनै तहका सरकारको नेपालमा फोहोर व्यवस्थापनमा कसैले प्रेरणादायी काम गर्न सकेको छैन । फोहोर व्यवस्थापन महँगो छ । स्थानीयतह आफैँले यसको सम्पूर्ण लगानी वा व्यवस्थापन गर्न चुनौतीपूर्ण छ। यस क्षेत्रमा निजी क्षेत्रलाई प्रोत्सहान गर्ने वा तीनैतहका सरकारको समुन्वयमा काम गर्ने वा अन्य विकल्पमा जाने त्यसको निक्यौल अपरिहार्य छ। दिगो फोहोर व्यवस्थापनका लागि सार्वजनिक दृष्टिकोण र व्यवहारमा परिवर्तन आवश्यक छ । थुप्रै उपायहरू दिगो फोहोर व्यवस्थापनका लागि उपलब्ध भए पनि त्यसको सार्वजनिक पूर्वाधार नागरिकलाई राज्यले प्रदान गर्न सकेको छैन । फोहोरलाई अवसरका रूपमा प्रयोग गर्न नेपालमा त्यस क्षेत्रमा लगानी र उद्यमप्रतिको आकर्षण छैन । यी तमाम मुद्दाहरूमा नेपाली कांग्रसले जिम्मेवार तबरले नीति निर्माणको पहल गर्न आवश्यक छ ।